## पूर्ण इजलास

१

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री कमलनारायण दास,** पुनरावलोकन निस्सा नं. ०६५-NF-००३२, अंश, *डा. पुष्करराज पाण्डे समेत वि. सविता पाण्ड*

सार्वजनिक नीति (Public Policy) कुनै कानूनमा संहिताकृत (Codify) गरिँदैन । मुद्दाको विषयवस्तु पारस्परिकता (Reciprocity), फैसला गर्ने अर्को देशको अदालतको न्यायपालिकीय स्वतन्त्रतालाई जीवन्त राख्न त्यस्तो देशले अपनाएको Due Process वा Fair Trial सम्बन्धी आधारहरू, मुद्दाका पक्षहरूको Domicile मुद्दा चलेको देशले सम्बन्धित पक्षका लागि उपलब्ध गराउने सहज पहुँच (Access) को अवस्था सम्पत्ति रहेको देशमा विद्यमान रहेको कानूनी व्यवस्था सम्बन्धित देशका अदालतहरूले एक अर्काकाप्रति देखाउँदै आएका पारस्परिक सौहार्दता (Comity) आदि समेतलाई हेरी सार्वजनिक नीति (Public Policy) तय गरिन्छ । आजको विश्व एक अर्कामा निर्भर रहेको र भू-मण्डलीकरणको प्रभावका कारणले गर्दा नेपाल पनि अरूसँग अलग्गिएर बस्न सक्ने अवस्थामा छैन । वैवाहिक विवाद, करारीय विवाद, लगानीसम्बन्धी विवाद आदि विवादहरूमा एक देशको अदालतले अधिकारक्षेत्र ग्रहण गरी फैसला गरी अर्को देशको अदालतद्वारा मान्यता दिने तथा कार्यान्वयन गर्नुपर्ने ।

सार्वजनिक नीति (Public Policy) प्रत्येक मुद्दामा अदालत आफैँले विकास गर्दै जाने भए पनि अहिलेको परिस्थितिलाई विचार गर्दा विदेशी अदालतका फैसलाको मान्यता र कार्यान्वयन (Foreign Judgement Recognition & Enforcement) सम्बन्धी कानून आवश्यक भइसकेको देखिँदा निजी अन्तर्राष्ट्रिय कानून (Private International Law) का विज्ञहरू समेतलाई सहभागी गराई एउटा अध्ययन समिति गठन गरी विदेशी फैसलाको मान्यता र कार्यान्वयन (Foreign Judgement Recognition & Enforcement) सम्बन्धी ऐन (Act) तर्जुमा गरी लागू गर्नु भनी कानून तथा न्याय मन्त्रालयको नाउँमा निर्देशात्मक आदेश जारी हुने ।

इजलास अधिकृत: उमेश कोइराला

इति संवत् २०६७ साल फागुन १९ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री तपबहादुर मगर, मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री रणबहादुर बम,** २०६७ सालको CF-०००९, आगो लगाई कर्तव्य ज्यान, *नेपाल सरकार वि. दलबहादुर चोख्याल*

मृतक एवं प्रतिवादीका नाबालक छोरा शंकर बाबुआमाबीच भएको झगडाको विषयको प्रत्यक्षदर्शी हुन् । निजले अत्यन्त सहज र स्वाभाविकरूपले बाबुआमाबीच वादविवाद भएको र बाबुले आमालाई मट्टितेल खन्याई आगो लगाएको कुरा आफूले मुनी बसेर देखेको भनी अदालतमा आई बकपत्र गरेको र निजको तयस्अदालतको बकपत्रमा प्रतिवादीको कानून व्यवसायीबाट भएको जीरहमा समेत आफूले देखेको कुरालाई सहज र सरल ढंगले प्रस्तुत गरेको देखिएको हुँदा प्रमाण ऐन, २०३१ को दफा ३८ अनुसार अदालतबाट सोधिएको प्रश्न बुझ्न सक्ने र युक्तियुक्त जवाफ दिन सक्ने व्यक्तिले अदालतसमक्ष व्यक्त गरेको सो कुरा पहिला मौकामा व्यक्त गरेको मूलभूत कुरासँग मेल खाएको देखिँदा उक्त बकपत्र अदालतले प्रमाणमा ग्रहण गर्न मिल्ने ।

प्रतिवादीले होस नपुर्‍याई वा हेलचेक्र्याईपूर्वक कुनै काम गरेको अवस्थामा प्रस्तुत वारदात घटित हुन गएको अवस्थामा नभै रक्सीको विषयमा विवाद उठी रक्सीको नसामा रहेका प्रतिवादीले आफ्नो श्रीमतीलाई कुटपीट गरी शरीरमा मट्टितेल खन्याई आगो लगाई दिएको अवस्था देखिएको र सोही आगोबाट शरीरको विभिन्न भाग जली मृत्यु भएको भन्ने शंकारहित रूपमा पुष्ट्याई भएको अवस्थामा ज्यानसम्बन्धी महलको ६ नं. को देहाय २ अनुसारको सजाय गर्नुलाई न्यायोचित मान्न नमिल्ने हुँदा सर्वश्वसहित जन्मकैद हुने ठहर्‍याएको यस अदालतका मा.न्या.श्री अवधेशकुमार यादवको राय सदर हुने ।

इजलास अधिकृत: अशोककुमार बस्नेत, पुनाराम खनाल

कम्प्युटर: मुकुन्द विष्ट

इति संवत् २०६७ साल मंसिर ९ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६७ सालको रिट नं. ०५२९, उत्प्रेषणयुक्त प्रतिषेध सहितको परमादेश, *सुगत वैद्य वि. ऊर्जा मन्त्रालय समेत*

निवेदक कम्पनीले नै सर्वेक्षण अनुमतिपत्रको शर्तमा उल्लेख भएबमोजिमको आफ्नो दायित्व समयमै पूरा गर्न नसकी दायित्वबाट विचलित भएको देखिन आएको र शर्तबमोजिमको आफ्नो दायित्व पूरा नगरेको भनी निवेदकलाई अघिल्लो वर्ष म्याद थप गर्दा नै सचेत समेत गराइसकेको भन्ने विद्युत विकास विभागको लिखित जवाफ समेतबाट देखिन आएको अवस्थामा केवल निवेदन जिकीरकै आधारमा मात्र निवेदक कम्पनीले सर्वेक्षण अनुमतिपत्रको प्रकरण नं. ७(ङ) मा उल्लेख भएबमोजिमको कामकारवाही समयमै पूरा गरेको अर्थात् निवेदकको कामकारवाही सन्तोषजनक रहे भएको भनी भन्न मिल्ने अवस्था समेत नदेखिने।

निवेदक कम्पनीले पेश गरेको प्रगति रिपोर्टको तथ्यको विश्लेषण र मूल्याङ्कन गर्ने लगायतका सम्पूर्ण कार्यहरू रिट क्षेत्रबाट हेरिने नभई कानूनबमोजिम सम्बन्धित निकाय तथा अख्तियारवालाबाट हेरिने विषय हुँदा त्यसतर्फ अरू थप विवेचना गरिरहनु नपर्ने।

इजलास अधिकृतः विष्णुप्रसाद अर्याल
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०६७ साल फागुन १६ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव**, २०६५ सालको रिट नं. ०३४६, उत्प्रेषणयुक्त परमादेश, *जयराम पण्डित समेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

मन्त्रिपरिषद्को निर्णयविपरीत हुने गरी आफूलाई प्राप्त अख्तियारीभन्दा बाहिर गई निवेदकहरूलाई जग्गा सट्टाभर्ना दिने गरेको मुआब्जा तथा निर्धारण समितिको निर्णयबाट निवेदकको कानूनबमोजिम हक सिर्जना हुनसक्ने अवस्था नहुने।

अख्तियारीभन्दा बाहिर गई मुआब्जा तथा निर्धारण समितिले गरेको निर्णयलाई बदर गर्ने गरेको विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सो कार्यबाट निवेदकहरूको संविधान तथा कानूनप्रदत्त हकमा आघात पुग्न गएको भनी भन्न नमिल्ने।

इजलास अधिकृतः विष्णुप्रसाद अर्याल
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल फागुन १६ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** २०६४ सालको दे.पु.नं. ०३४३, अबण्डा जग्गा बण्डा गरी हक कायम दर्ता, *बालजीत राउत अहिर समेत वि. नथु राउत अहिर*

अबण्डा गोश्वाराको लिखत नभए पनि हिसाब शान्तिले भोग गरी आएको अवस्थामा अंशबण्डाको ३५ नं. बमोजिम नालेस लाग्न सक्ने देखिएको र विवादित जग्गामा यी वादी समेतको हिसाब शान्ति भोग रहेको भन्ने कुरा मिसिल संलग्न रहेको नापनक्सा तथा सर्जमीन मुचुल्का समेतबाट पुष्टि एवं प्रमाणित भएको देखिन आएको अवस्थामा उक्त विवादित अबण्डा जग्गा बण्डा लाग्ने।

इजलास अधिकृतः विष्णुप्रसाद अर्याल
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको रि.नं. WO-३१६५, उत्प्रेषणयुक्त परमादेश, *भरतकुमार शाक्य वि. अर्थ मन्त्रालय आ.का.वि. तथा नि.वि. महाशाखा समेत*

जसको कामकारवाहीबाट निवेदकको खाता एवं कामकारवाही रोकिन गई आफूलाई क्षति पुग्न गएको भनी दावी लिइएको हो सो पक्ष कुमारी चोक तथा केन्द्रीय तहसील कार्यालयलाई निवेदकले विपक्षी बनाउन सकेको देखिँदैन। मुख्य पक्षलाई नै विपक्षी नबनाएको सन्दर्भमा प्राकृतिक न्यायको सिद्धान्तविपरीत उक्त कार्यालयको काम कारवाहीमा समेत असर पर्ने गरी प्रस्तुत मुद्दामा बोल्न नमिल्ने।

इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६७ साल माघ २४ गते रोज २ शुभम्।

- यसै लगाउको २०६२ सालको रि.नं. WO-३२३४, उत्प्रेषण परमादेश, *इसोक राई वि. अर्थ मन्त्रालय आ.का.वि. तथा नि.वि. महाशाखा समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको रि.नं. WO-०४०४, उत्प्रेषण परमादेश समेत, *सुरज कँडेल वि.सुजन श्रेष्ठ समेत*

रिट निवेदकका वारेसलाई अदालतबाट तोकिएको तारेखको दिनमा अदालतमा उपस्थित भएको र अन्य

मुद्दामा तारेख समेत लिएको र कुटपीट मुद्दामा तारेख लिन छूट भई गुज्रन गएकोमा निजले उक्त तारेख थामी पाऊँ भनी उक्त कुटपीट मुद्दाको फैसला हुन नपाउँदै अदालतमा समर्पण समेत गरी अदालतको कार्यविधिगत प्रक्रियालाई अवलम्बन गरिरहेको अवस्थामा तारेख थाम्न नमिल्ने भनी त्यत्तिकै मात्र आधारमा सारवान कानूनको अभ्यास गर्नबाट बञ्चित गर्नु न्यायसँगत र विवेकसँगत भन्न मिल्ने नदेखिने।

कुटपीट मुद्दामा तारेख थाम्न नमिल्ने भनी धादिङ्ग जिल्ला अदालतका श्रेस्तेदारबाट मिति २०६५।२।३० मा भएको आदेश र सोलाई सदर गर्ने गरेको धादिङ्ग जिल्ला अदालतको आदेश तथा सो आधारमा उक्त कुटपीट मुद्दाको तथ्यमै प्रवेश नगरी गरेको मिति २०६५।३।३ को डिसमिस फैसला समेत त्रुटिपूर्ण देखिँदा उक्त आदेशहरू तथा फैसला बदर गरिदिएको छ। अब उल्लिखित तारेख थाम्न नमिल्ने भनी गरेको आदेश तथा सो आधारमा भएको डिसमिस फैसला समेत बदर भएपछि उल्लिखित कुटपीट मुद्दामा यी रिट निवेदक सुरज कँडेलको तारेख थामी दिई उक्त मुद्दा हेरी जे जो बुझ्नुपर्ने हो बुझी नियमानुसार मुद्दाको कारवाही किनारा गर्न धादिङ्ग जिल्ला अदालतको नाममा परमादेश समेत जारी हुने।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल माघ १९ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको CR-००५६, उपयुक्त आदेश जारी गरिपाऊँ, *भरतकुमार शाक्य वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

पुनरावेदक कम्पनी र शिक्षा तथा खेलकुद मन्त्रालयबीच भएको सम्झौतानुसार निवेदकले सरकारलाई बुझाउनु पर्ने राजश्व रकम बाँकी देखिएको, उक्त बाँकी रकम बुझाउन शिक्षा तथा खेलकुद मन्त्रालयले निवेदकलाई सार्वजनिक सूचनामार्फत् सूचित गरेको देखिएको, सूचनामा उल्लिखित रकम रू. ९२,००,४९६।५० र सोको ब्याज समेत आफूले तिर्न नपर्ने भनी निवेदकले मिति २०५९।७।१४ मा नै शिक्षा तथा खेलकुद मन्त्रालयलाई पत्र लेखेको देखिएबाट उल्लिखित मितिमा नै विवाद उत्पन्न भएको देखिएको उक्त मितिले ४ वर्षपछि Adjudicator नियुक्त गरी पाउन क्षेत्राधिकारविहीन निकाय पुनरावेदन अदालत पाटनमा निवेदन दिएको देखिएको र यसै विषयसँग सम्बन्धित उत्प्रेषण मुद्दामा कुमारी चोक तथा केन्द्रीय तहसील कार्यालय समेतका कामकारवाही कानूनअनुरूप देखिई निवेदक कम्पनीको रिट निवेदन खारेज हुने ठहरी आजै यसै इजलासबाट फैसला भएकोले क्षेत्राधिकार विहीन निकायमा दिइएको निवेदनमा भएको निर्णयउपर प्रस्तुत पुनरावेदन लिई आएको देखिँदा पुनरावेदकको जिकीर पुग्न नसक्ने।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६७ साल माघ २४ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको रिट नं. २०६७-WO-०२२९, उत्प्रेषणयुक्त परमादेश, *फुलेश्वर सिँह वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*

विपक्षी गजेन्द्र सेन निरौलाले मिति २०६१।९।६ देखि मिति २०६२।९।५ सम्मको लिएको असाधारण बिदाको अवधिको का.स.मू. बापत उल्लिखित निजामती सेवा ऐन, २०४९ को दफा २४क(८) को प्रतिवन्धात्मक वाक्यांश (२) को व्यवस्थाअनुरूप अङ्क पाउन नसक्ने अवस्थामा निजलाई निजामती सेवा ऐन, २०४९ को दफा २४क(८) को प्रतिवन्धात्मक वाक्यांश (२) को बेवास्ता गरी ऐ. प्रतिवन्धात्मक वाक्यांश (१) को गलत अर्थ लगाई सो अवधिको अङ्क प्रदान गर्ने गरेको लोकसेवा आयोगको निर्णय त्रुटिपूर्ण देखिँदा निर्णय वदर गरिदिएको छ। अब उक्त निर्णय बदर भएपछि विपक्षी बढुवा समितिले यी निवेदक फुलेश्वर सिँहलाई बढुवा सिफारिश गर्ने गरेको निर्णय कायमै रहने हुँदा बढुवा समितिको उल्लिखित निर्णयअनुसार यी रिट निवेदक फुलेश्वर सिँहलाई निवेदन मागबमोजिम निजामती सेवा नियमावलीको नियम ८४ बमोजिम नियुक्ति दिई पदस्थापन समेत गर्नु भनी विपक्षीहरूका नाममा परमादेश समेत जारी हुने।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल बैशाख ६ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको रिट नं. २०६६-WO-११७७, उत्प्रेषण, परमादेश समेत, *ईश्वरीप्रसाद सुवेदी वि. सामान्य प्रशासन मन्त्रालय समेत*

रिट निवेदक ईश्वरीप्रसाद सुवेदीले आफ्नो बसाइ सराइको कुरा सम्बन्धित कार्यालयसँग अभिलेखीकरण गराउन नसकेको र निजको सरूवा हुनपर्ने अवस्था पुगिसकेको हुँदा निजको अभिलेखअनुसारको स्थायी ठेगाना ओखलढुंगा जिल्ला भएकोमा सो जिल्लामा अवस्थित रहेको सगरमाथा अञ्चलकै अर्को जिल्ला सप्तरीमा सरूवा भएकै कारणले घर पायक नमिलेको र मौलिक हक हनन् भएको भन्न मिल्ने देखिएन। त्यसैगरी निजको श्रीमान श्रीमती दुबै निजामती सेवामा रहेको भन्ने कुरा रिट निवेदनबाटै नदेखिएको र त्यसमा पनि रिक्त पद मिलेसम्म पति पत्नीलाई एउटै जिल्लामा पठाइने व्यवस्था रहेको देखिँदा उक्त व्यवस्था बाध्यात्मक नभई मिलेसम्म भएको हुँदा यी निवेदकलाई दरबन्दी भएको पदमा सरकारी आवश्यकताअनुसार सरूवा गर्दा निजको मौलिक हक हनन् नहुने।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः नम्रता+बेदना+मन्जिता
इति संवत् २०६७ साल पुस १३ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६३ सालको रिट नं. २०६३-WO-११९७, परमादेश, *कृष्ण के.सी. वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*

यातना दिने र बेपत्ता पार्ने क्रियाकलापमा संलग्न इन्दिवर राणा समेतको पासपोर्ट रोक्का गरी निजहरूलाई विदेश जानबाट रोक लगाई पाऊँ भन्ने निवेदकको माग रहेको देखिन्छ। कसैको पासपोर्ट रोक्का गर्नाले नागरिकलाई संविधानले दिएको स्वतन्त्रताको हक हनन् हुन जाने।

संकटकालमा Remedy निलम्बित वा नियन्त्रण गर्न सकिन्छ तर अधिकार नै हनन् गर्न पाइँदैन।

निवेदनमा उल्लिखित प्यारजंग थापा समेतको हिँडडुलमा रोक्का गर्ने गरी निवेदन मागबमोजिमको आदेश जारी गर्न उचित हुने नदेखिँदा रिट खारेज हुने।

इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल फागुन ९ गते रोज २ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६४ सालको दे.पु.नं. ०६३-CI-१०६२, अंश बण्डा, *नुरबहादुर थापा वि. नरबहादुर थापा समेत*

व्यवहार प्रमाण समेतले भिन्न भएको देखिएकोले सोही बण्डापत्रअनुसार आफ्नो जग्गा दर्ता भोग, चलन बिक्री व्यवहार गरेको देखिन्छ। बाँकी अंशियारमध्ये जो जसबीच अंशबण्डा भएको छैन उनीहरूलाई बाबु नरबहादुरले २०५८।११।१७ मा अंश बुझाई भरपाई गरिदिएको देखिएबाट दुबै पक्षको समष्टिगत व्यवहार र प्रमाण हेर्दा यी पुनरावेदक वादीले २०३२ सालमा अंश बुझिलिएको भनी मान्न नमिल्ने।

वादी नुरबहादुर थापा र दलबहादुरले मंसिर २०३२ सालमा अलग हुनु तर नरबहादुरको अन्य छोराहरू धनबहादुर थापा एवं तोरणबहादुर थापाले सो बण्डापत्रमा सहीछाप नगर्नु र अंश लिई अलग नहुनुको औचित्यतर्फ हेर्दा उक्त दुईजना त्यसबेला नाबालक रहेकोले निजहरूका अंश निजका बाबु नरबहादुर सँगै रहनु नितान्त स्वाभाविक देखिन्छ। सोही जग्गा नरबहादुरले २०५८।११।१७ को बण्डापत्रबाट नरबहादुरको छोरा धनबहादुर र तोरणबहादुरलाई दिएको देखिन आउँछ। यसरी लामो समयदेखि अलग भई अलग घर व्यवहार समेत गर्दै आएको प्रमाणित भइरहेकोले भिन्न भएको छैन, प्रतिवादीहरूबाट अंश पाउनु पर्छ भन्न नमिल्ने।

इजलास अधिकृतः खड्ग अधिकारी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल पुस ११ गते रोज १ शुभम्।

- यसै लगाउको २०६४ सालको दे.पु.नं. ०६३-CI-१०६३, अंश भरपाई बदर, *नुरबहादुर थापा वि. नरबहादुर थापा समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको दे.पु.नं. २०६३-CI-०२२२, CI-२२३, अंश चलन, *राजेन्द्र साह बनिया वि. रामश्रे साह समेत, रामलखनप्रसाद साह वि. राजेन्द्र साह समेत*

छुट्टाछुट्टै पुनरावेदन गरेकोमा पुनरावेदन अदालतबाट दुबै पुनरावेदनपत्र एकसाथ राखी निर्णय गर्नुपर्नेमा प्रत्येक व्यक्तिको पुनरावेदन पिच्छे अलग-अलग फैसला भएको देखियो। पहिलो फैसला भइसकेपछि पछिल्लो फैसलामा पुनरावेदन अदालतको कुनै न्यायिक मन प्रयोग गर्ने अवस्था नरही केवल औपचारिक निर्णय हुन पुगेको पाइयो। पुनरावेदकले उठाएका प्रश्नहरूलाई न्याय र कानूनको कसीमा परख गर्नुपर्ने न्यायिक कर्तव्य परिपालन

हुन नसकेको अवस्थामा न्याय प्रशासन ऐन, २०४८ को दफा १४ बमोजिम शुरू जिल्ला अदालतले पुर्‍याउनुपर्ने कार्यविधि नपुर्‍याएको रहेछ भन्ने पुनरावेदन सुन्ने अदालतबाट सो गर्न सक्ने स्पष्ट व्यवस्था छँदाछँदै सो भए गरिएको देखिन नआएको हुँदा पारित भएको लिखत समेतको विवेचना गरी उक्त जग्गा समेत बण्डा लाग्ने नलाग्ने र तायदातीमा पेश भएका ऋणहरूका हकमा समेत स्पष्टसँग बोली अन्य सबूद प्रमाण जो जे बुझ्नुपर्छ बुझी मुद्दाको निष्कर्षमा पुग्न प्रस्तुत मुद्दाका पक्षहरूलाई पुनरावेदन अदालत हेटौंडामा तारेख तोकी प्रस्तुत मुद्दाको शुरू र प्रमाण मिसिल समेत उक्त अदालतमा पठाई दिनुपर्ने।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल माघ २५ गते रोज ३ शुभम्।

- यसै लगाउको दे.पु.नं. २०६३-CR-०४७७, जालसाजी, *रामलखनप्रसाद गुप्ता वि. रामाश्रे साह बनिया समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती**, २०६३ सालको दे.पु.नं. २०६३-CI-०७३६, निर्णय दर्ता बदर हक कायम दर्ता समेत, *सूर्यकान्त झा वि. बुद्धिबहादुर श्रेष्ठ समेत*

नागरिक अधिकार ऐन, २०१२ को दफा ९ कुनै नागरिकको कायमी हकको संरक्षणको व्यवस्था गर्ने कानून हो। यस कानूनले विवादित हकको निरोपण गराउन सक्दैन। हक बेहकमा निर्णय दिने र प्रमाणको मूल्याङ्कन गरी निर्णय दिने व्यवस्था नागरिक अधिकार ऐनको दफा ९ ले गरेको होइन। दर्ता भई जग्गाधनी प्रमाण पूर्जा प्राप्त भएको सम्पत्ति र साविकमा दर्ता थियो त्यसैले आफ्ना नाममा दर्ता हुनुपर्ने भन्ने पृथक कुरा हुन्। साविकको दर्ताको जग्गा विवादित सम्पत्ति नै हो होइन भन्ने कुरा सबूद प्रमाणको मूल्याङ्कनको आधारमा बोल्नु पर्ने हुन्छ। सबूद प्रमाणको मूल्याङ्कन शुरू अधिकारक्षेत्रको विषय हो। कानूनले किटानी रूपमा शुरू अधिकारक्षेत्र पुनरावेदन अदालतलाई प्रदान गरिएको अवस्थामा बाहेक पुनरावेदन तहको पुनरावेदकीय अधिकारक्षेत्र राख्ने अदालतलाई यस्तो अधिकार छ भन्ने अर्थ गर्न नमिल्ने।

कुनै सम्पत्तिमा अधिकार रहेको कुरा कुनै व्यक्तिले स्वघोषणा गर्ने कुरा होइन, राज्यले भनिदिन पर्ने विषय हो। कुनै सम्पत्तिका विषयमा कानूनबमोजिम दावी गर्न अवश्य सकिन्छ। तर, दावी गर्ने प्रक्रिया कानूनद्वारा निर्धारित भएबमोजिम हुनु पर्दछ। दावीको निरोपण सबूद प्रमाणको मूल्याङ्कनद्वारा मात्र हुन सक्ने विषयलाई शुरू अधिकार क्षेत्रको विषय मान्नु पर्ने हुन्छ। यस्तो विषय नागरिक अधिकार ऐन,२०१२ को दफा ९ भित्र नपर्ने।

पुनरावेदन अदालतले ग्रहण गर्न नहुने फिराद ग्रहण गरी एकल इजलासबाट मालपोत कार्यालयको निर्णय बदर गरी पुनरावेदन सुने सरह पुनः निर्णय गर्न पठाएको निर्णय पुनरावेदन अदालतले अधिकारक्षेत्रभन्दा बाहिर गै भएको हुँदा त्यस्तो खारेज गर्नुपर्ने फिराद ग्रहण गरी पुनरावेदन सुने सरह मालपोत निर्णय बदर गरी पुनः निर्णय गर्न पठाउने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६३।४।१६ को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी हुने र निर्णय दर्ता बदर हक कायम दर्ता समेत गरिपाऊँ भन्ने फिराद खारेज हुने।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल चैत ६ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती**, २०५९ सालको दे.पु.नं. ०६३-CI-०४५६, बाली बिगो, *चौधरी राय यादव समेत वि. विपत राउत बरै*

फैसलाको ठहर खण्ड र तपसील खण्ड बाझिएको अवस्थामा ठहर खण्डले नै प्राथमिकता पाउँछ। ठहर खण्ड नै निर्णय भएको र सोलाई कार्यान्वयन गर्न सघाउ पुर्‍याउन मात्र तपसील खण्ड रहन्छ। मूल निर्णय र कार्यान्वयनलाई सहयोग पुर्‍याउने संपूरक खण्ड कथमकदाचित बाझिन पुगेको देखिएमा ठहर खण्डलाई नै अदालतको न्यायिक धारणा मान्नुपर्ने।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल चैत ६ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कमलनारायण दास**, २०६३ सालको दे.पु.नं. ०६३-CI-०२०४, पर्खाल भत्काई बाटो कायम गराई पाऊँ, *निरूदेवी पोखरेल वि. दयाराम सिलवाल*

पुनरावेदकका पति गोविन्दप्रसाद पोखरेल र प्रत्यर्थी दयाराम सिलवालबीच घर आँगन खिचोला मेटाई

चलन मुद्दामा मिति २०४६।२।३० मा भएको मिलापत्रमा उल्लिखित कि.नं. २५० को दक्षिणतर्फबाट ०-०-२ धुर जग्गा बाटोको प्रयोजनमा राखिएको देखिएको अवस्थामा सोही मिलापत्रबाट छुट्ट्याइएको जग्गा समेत प्रत्यर्थी दयाराम सिलवाललाई दिएको ०-०-१११/२ धूर जग्गामा जाने निकासको बाटोमै पर्ने गरी दिइएको हो भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः हेमबहादुर सेन
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल फागुन ९ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०३५१, गुठी जग्गा रैकर परिणत, *रामप्रसाद कुवा श्रेष्ठ वि. कृष्णमाया राजवंशी*

नक्सा मुचुल्का, गुठी तहसील तथा खर्च कार्यालय काभ्रेपलाञ्चोक तथा गुठी लगत तहबील कार्यालय, भद्रकालीले गुठी संस्थान केन्द्रीय कार्यालयसँग विभिन्न समयमा गरेको पत्राचारका व्यहोरा, यी पुनरावेदक रामप्रसाद कुवा श्रेष्ठ तथा लोकबहादुर खोजू श्रेष्ठले मिति २०३५।३।२७ मा गुठी तहसील तथा खर्च कार्यालय काभ्रेपलाञ्चोकमा गरेको कागज, २०२४ सालको राजीनामाबाट प्राप्त जग्गा कि.नं. ४३४ बाट यी पुनरावेदक रामप्रसाद श्रेष्ठको नाममा दर्ता भैसकेको विवादित जग्गा गुठीको होइन रैकरको हो भनी पुष्टि गर्ने कुनै आधार प्रमाण समेत यी पुनरावेदकले पेश गर्न सकेको मिसिल कागजातबाट नदेखिएको तथा २००२ सालको लगत किताब स्रेस्ताबाट देखिएका लिखत प्रमाणबाट उल्लिखित जग्गा यी पुनरावेदक रामप्रसाद कुवा श्रेष्ठको रहेछ भनी मान्न मिल्ने देखिन आएन । काभ्रेपलाञ्चोक जिल्ला सुब्बा गाउँ गा.वि.स. वडा नं. ६ को कि.नं. ४३१, ४४० र ४४२ का जग्गाको रैकर तर्फको लगत कट्टा गरी धुलिखेल गणेशको नगरा बजाउने खान्गी गुठी कायम हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** ०६६-CI-०२१७, निषेधाज्ञा, *कन्हैयाकृष्ण श्रेष्ठ वि. वन कार्यालय सिमरा, बारा समेत*

गा.वि.स. सँग गरेको सम्झौताले वन क्षेत्रभित्र पर्ने ऐलानी पर्ति जग्गामा उद्योग स्थापना गरेको भनेबाट निवेदकले निर्विवाद हक स्थापित रहेको सम्पत्तिमा क्रसर उद्योग स्थापना गर्न भाडामा लिएको भन्ने देखिन नआएबाट एवं निवेदकले यसै विषयमा एक पटक अदालतमा मुद्दा दिई निर्णय समेत भै सकेको देखिँदा मागबमोजिम आदेश जारी नहुने भै निवेदन खारेज हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः सुदीप पञ्जानी
इति संवत् २०६७ साल माघ १३ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६६-CI-०२१६, निषेधाज्ञा, *कन्हैयाकृष्ण श्रेष्ठ वि. पर्सा वन्यजन्तु आरक्ष कार्यालय आधाभार बारा समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** ०६६-CI-०८२१, निषेधाज्ञा, *राधादेवी मलाहिन वि. जीतेन्द्र यादव समेत*

निवेदनमा उल्लिखित बाटो समेत दाताबाट जग्गा लिँदा लिएको भने तापनि लिएको निजको रजिष्ट्रेशन पारित राजीनामा लिखतबाट समेत देखिन आउँदैन । साथै अन्य प्रमाण पेश गरी आफ्नो दावी पुष्टि गर्न सकेको पनि देखिँदैन । यस्तो अवस्थामा निवेदन जिकीरबमोजिमको बाटो हो होइन सबूद प्रमाण बुझी निर्णय गर्नुपर्ने प्रकृतिको देखिन्छ । निषेधाज्ञाको निवेदनमा निवेदकले दावी गरेको कुनै पनि सम्पत्तिमा जबसम्म निजको निर्विवाद हक रहेको कुरा प्रमाणबाट पुष्टि हुन नआएको अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्नुको औचित्य नहुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः सुदीप पञ्जानी
इति संवत् २०६७ साल माघ १३ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** ०६३-CI-००९९, CI-०१६६, निर्णय बदर, *अशोककुमार मैनाली वि. सुरेन्द्रबहादुर खड्का, सुरज खड्का वि. सुरेन्द्र बहादुर खड्का*

यसै अदालतको पूर्ण इजलासबाट लगाउको एउटा मुद्दामा तारेख लिई मुद्दा पुर्पक्षमा रहेको अवस्थामा लगाउको अर्को मुद्दा वा निवेदनको तारेख भर्पाइमा लेख्न छुटेको भरमा पक्षले तारेख गुजारेको मान्न नमिल्ने भन्ने

समेत सिद्धान्त प्रतिपादन भैराखेको देखिँदा प्रस्तुत मुद्दाका प्रत्यर्थी वादी सुरेन्द्रबहादुर खड्काले एकै लगाउको दु.फौ.नं. २१८।१८१६ को जालसाजी मुद्दामा २०६१।४।१८ को तारेखमा शुरू काठमाडौं जिल्ला अदालतमा उपस्थित भई तत्पश्चात् पनि निरन्तर तारेखमा रही मुद्दा पुर्पक्ष भैरहेको अवस्थामा सोही मुद्दाको लगाउ दे.न. २०३६।५३०० को प्रस्तुत निर्णय बदर मुद्दामा लिएको एकै मिति २०६१।४।१८ को तारेख गुजारेको मान्न मिल्ने अवस्था देखिन नआउने।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६७ साल चैत २१ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** ०६६-WO-०४२९, उत्प्रेषण, परमादेश, *कृष्णराज लामिछाने वि. नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय समेत*

निवेदकले पहिलो पटक स्पष्टीकरण पेश गरी सकेपछि निवेदकहरूलाई निज कार्यरत रहेको पदभन्दा एकतह माथिको पदको जिम्मेवारी एवं अन्य गहन जिम्मेवारीहरू समेत दिनुको साथै र वैदेशिक तालिममा समेत पठाई निवेदक निर्दोष रहेको कुरा व्यवहारबाट स्वीकार गरेको देखिन्छ। यदि पहिलो पटक सोधिएको स्पष्टीकरण सन्तोषजनक नरहेको भए विपक्षीहरूबाट यथासमयमा दोस्रो पटक स्पष्टीकरण सोधी वा नसोधी निवेदकलाई कारवाही गर्ने वा सफाई दिने निर्णय गर्नुपर्ने थियो, जुन कारवाहीलाई स्वाभाविक प्रक्रियाको रूपमा लिन सकिन्थ्यो। तसर्थ, समयको लामो अन्तरालपश्चात् व्यवहारबाट निर्दोष रहेको स्वीकार गरी सकेपछि पुनः अस्वाभाविकरूपमा निवेदकलाई कारवाही र सजाय गरेको विपक्षीको कार्य कानूनअनुरूपको मान्न नसकिने।

सामान्यतयाः तलब वा ग्रेड घटुवा गरी सजाय गर्दा जुन पदमा कार्यरत रहँदा कसूर गरिएको हो, सोही पदमा कार्यरत रहेको अवस्थामा सोही पदबापत् पाउने ग्रेड बराबरको रकम मात्र घटुवा गर्न मिल्ने।

कुनै एउटा कसूरमा सजाय गर्दा एकभन्दा बढी कानूनअनुसार सजाय गर्न मिल्ने नदेखिने।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

इति संवत् २०६८ साल बैशाख ४ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६६-MS-००२०, अदालतको अपहेलना, *यज्ञदेव भट्ट वि. डा. सुधा शर्मा समेत*

एउटा नागरिकले २० वर्षसम्म सरकारी सेवाको परीक्षाफलको नतीजा कुर्न अल्झिनु परेको र सोही विषयलाई लिएर अदालतसमक्ष न्यायिक उपचारका लागि दुई पटक आउनु परेकोलाई निश्चितरूपमा समान्य अवस्थाको रूपमा लिन उपयुक्त हुँदैन। यसर्थ यो आदेश मुताविक निवेदकले दरखास्त पेश गरी अन्तर्वार्ता समेत दिएको मध्य पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय सुर्खेतको तथ्याङ्क सहायक (रा.प.अनं. प्रथम) पदको परीक्षाफलको नतिजा प्रकाशन सम्बन्धमा कारवाही उठाई टुंगोका पुऱ्याउनु र सोको जानकारी यस अदालतको निरीक्षण तथा अनुगमन महाशाखालाई दिनु भनी विपक्षीमध्येका सचिव स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका नाउँमा निर्देशात्मक आदेश जारी हुन्छ। प्राप्त कागज प्रमाणबाट आदेश कार्यान्वयन प्रक्रियामा रहेको देखिएकोले विपक्षीहरूलाई अपहेलनामा सजाय गरिपाऊँ भन्ने समेत निवेदन दावी पुग्न नसक्ने।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६७ साल चैत १७ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०९६५, मिलापत्र बदर दर्ता बदर, *दिवाकर वास्तोला वि. हरिकला कार्की समेत*

धार्मिक प्रयोजनको बेद बेदाङ्ग आश्रम समेत निर्माण भैसकेको सार्वजनिक प्रकृतिको देखिने कि.नं. ९४५ को विवादित जग्गा निजी रूपमा कुनै व्यक्ति विशेषका नाममा दर्ता हुन नसक्ने पर्याप्त आधारहरूको विद्यमानता रहँदारहँदै यस्तो जग्गालाई व्यक्तिका नाममा दर्ता हुने गरी मिलापत्र गर्न सकिने हो होइन सो सम्बन्धमा यकीन निष्कर्षमा पुग्नु अगाडि त्यस्तो जग्गाको सर्जमीन बुझी नापनक्सा मुचुल्का समेत गरी गराई बुझ्नुपर्ने आवश्यक अन्य प्रमाण समेत बुझी निर्णय गर्नुपर्ने।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६७ साल फागुन १७ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको CR-०६८०, लागू औषध फेन्सिडिल, *नेपाल सरकार वि. जयप्रकाश गुप्ता समेत*

लागू औषध कुन प्रयोजनको लागि राखिएको हो भन्ने विषय निर्धारण गर्न विभिन्न तथ्यका अतिरिक्त त्यसको

परिमाण पनि एक मुख्य आधार रहने हुन्छ। अत्यधिक मात्रामा लागू औषध बरामद भएकोमा त्यो केवल सेवनसम्मको लागि मात्र सञ्चय वा ओसारपसार गरिएको हो भन्न मिल्ने हुँदैन। सेवन प्रयोजन राखिने वा खरीद हुने, ओसारपसार हुने लागू औषध एक वा दुई डोजसम्मको हुने।

वारदातसँग सम्बन्धित विषय र कसूरमा अरू कुनै किसिमको संलग्नता एवं सरोकार प्रमाणबाट पुष्टि नभएकोमा आरोपित कसूरबाट निजले सफाई पाउने।

इजलास अधिकृतः दयाराम ढकाल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६७ साल माघ ३ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको CI-०६०७, अंश दर्ता, *कौशिल्यादेवी वि. रामऔतार महतो कोइरी समेत*

अंश हक अंशियार भएका नाताले स्वतः प्राप्त गर्ने हक हो। स्वतः प्राप्त गर्ने अंश हक जस्तो नैसर्गिक कानूनी हकलाई निष्क्रिय वा संकुचित पार्ने गरी भएको कुनै शर्त वा बन्देजले कानूनी मान्यता प्राप्त गर्न सक्दैन। अंशियारहरूले पारस्परिक सहमतिबाट आफूहरूले आफ्नो अंश हक कुनै खास शर्त बन्देजमा रही प्रयोग गर्न सक्दछन्। तर कुनै एउटा अंशियारको त्यसमा मञ्जूरी रहेको छैन भने उसको अंश हकलाई सीमित वा संकुचित गर्ने गरी निजको हकमा कुनै शर्त, बन्देज लागाउन पाइँदैन। त्यस्तो शर्त बन्देज लगाउने गरी खडा भएको लिखत सरकारी निकायबाट पारित भएको रहेछ भने पनि त्यसले कानूनी मान्यता प्राप्त गर्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६७ साल पुस २१ गते रोज ४ शुभम्।

- २०६६ सालको CI-०६०८, लिखत दर्ता बदर, *कौशिल्यादेवी वि. रामऔतार महतो कोइरी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको CI-०९६६, अंश दर्ता, *जोगेन्द्र महतो कोइरी वि. रमकलीया कोइरीन समेत*

सगोलमै रहे भए पटक-पटक एकै परिवारका विभिन्न सदस्य बीच एक आपसमा जग्गा किनबेच हक हस्तान्तरण गर्नुपर्ने कुनै आवश्यकता र औचित्य रहने देखिन आउँदैन। विभिन्न मितिमा भएका जग्गा किनबेच हक हस्तान्तरण समेतका व्यवहार प्रमाणउपर असहमति जनाई बदर गराई माग्न नालेस गरेको पनि देखिन नआएको अवस्थामा काका, काकी र निजहरूका सन्तानहरू सगोलमै रहेकोले निजहरूबाट समेत पुनरावेदक वादीले अंश पाउनु पर्छ भन्न नमिल्ने।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६७ साल पुस २१ गते रोज ४ शुभम्।

- यसै लगाउको २०६६ सालको CI-०९६५, अंश दर्ता, *जोगेन्द्र महतो कोइरी समेत वि. सुनकेसीया कोइरीन* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

१०

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको WO-०४८४, उत्प्रेषण तथा परमादेश समेत, *गौरीशंकर पौडेल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निजामती कर्मचारीहरूको तलवमानमा रहेको विसंगतिलाई तलवमानमा समायोजन गरिने भनी कानून सरह लागू हुने बजेट वक्तव्यमा प्रतिवद्धता गरिए तापनि सोअनुरूप राजपत्र अनंकित तृतीय श्रेणी मुखिया पदका कर्मचारीहरूको तलवमान पद तथा तहअनुकूल समायोजन भएको नदेखिए समेतबाट यी निवेदकहरू सेवा निवृत्त भई जाने तह अनुकूल समायोजन भएको नदेखिए समेतबाट यी निवेदकहरू सेवा निवृत्त भई जाने अवस्था समेतलाई विचार गरी श्रेणीविहीन पाँचौं स्तरका निजामती कर्मचारीहरूको भन्दा कम नहुने गरी निजामती सेवा ऐन र नियमावली, पदसोपान सम्बन्धी प्रचलित मान्यतालाई ध्यानमा राखी निजामती सेवाका राजपत्र अनंकित तृतीय श्रेणी मुखिया पदका कर्मचारीहरूको तलवमान समायोजनको सम्बन्धमा निवेदकहरूको निवेदनमा उठेको कारवाहीउपर छिटो निर्णय गरिदिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल बैशाख २८ गते रोज ४ शुभम्।

**इजलास नं. ४**

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं. ००११, परमादेश, *चक्रलाल श्रेष्ठ वि. मालपोत कार्यालय, भक्तपुर समेत*

परमादेशको निवेदनले पुनरावेदनको स्थान लिन सक्दैन । परमादेश त कुनै कानूनले काम कर्तव्य तोकिएको सार्वजनिक पदाधिकारीले सो तोकिएको काम कर्तव्य पूरा नगरेमा वा गर्नबाट इन्कार गरेमा सोबाट कसैको कानूनप्रदत्त हक हनन् भएको देखिए अदालतबाट सो काम कर्तव्य पूरा गर्नु भनी जारी हुने आदेश हो । निवेदिकाले आफ्नो पिताको नामको जग्गा नामसारी गरिपाऊँ भनी दिएको निवेदनमा मालपोत अधिकृतले आफ्नो अधिकारक्षेत्रभित्र रही सबूद प्रमाण बुझी नामसारी गर्न मिल्ने नमिल्ने भनी निर्णय गर्नुपर्नेमा सोबमोजिम नामसारी गर्न नमिल्ने भनी तामेलीमा राख्ने निर्णय गरिसकेको देखिँदा पुनरावेदन परेमा बाहेक परमादेशको निवेदनबाट सो निर्णय बदर गर्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल पुस १९ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं. ०३६९, हक कायम, *वीरेन्द्रकुमार यादव समेत वि. कैलाशपति वैश्य*

वादीको हकको स्रोत करार गरिपाऊँ भन्ने मुद्दाबाट नै जग्गाको क्षेत्रफलतर्फ समेत यकीन भई वादीको सो जग्गामा हक कायम भइसकेको अवस्थामा त्यसको विपरीत आफ्नो जग्गाको स्रोत तर्फबाट दर्ता नगराई वादीको तर्फको जग्गा दुषितरूपमा दर्ता गराएकोले त्यस्तो दूषित दर्ता बदर गरी पाउन मुलुकी ऐन, जग्गा पजनीको १७ नं. बमोजिमको हदम्याद समेत आकर्षित हुन सक्ने देखिएन । त्यस्तै यथावत कायमी बण्डा मुचुल्काबमोजिम हक स्वामित्व प्राप्त जग्गाको करार मुद्दाबाट वादीको जग्गा मालपोत कार्यालयले बण्डा मुचुल्का नभिडाई यी पुनरावेदक प्रतिवादीका नाममा गरेको दाखेल खारेज दर्ता ग्राह्य हुन सक्ने अवस्थामा समेत नरहने ।

फैसलाबमोजिम दाखेल खारेज दर्ता हुने दाता खुशीलाल यादव र रूदियादेवीको बण्डा मुचुल्काबाट हक हुन आएको जग्गासम्म अर्थात् मिति २०४७।७।२६ को बण्डा मुचुल्कामा उल्लिखित कि.नं. ३५९ को पूर्वतर्फको ज.वि. ०-२-९ पश्चात् खुशीलालको ज.वि. ०-०-१० र सोपश्चात् रहेको रूदिया देवीको ०-०-१० समेत ज.वि. ०-१-० जग्गा सम्म वादी दावीबमोजिम वादीको हक कायम गरी दर्ता समेत हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल पुस १९ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** ०६६-WO-०७७, उत्प्रेषण समेत, *आफ्नो हकमा समेत उर्मीला श्रेष्ठ वि. श्रम अदालत समेत*

श्रम अदालतले श्रम ऐन, २०४८ को दफा ८८ बमोजिम आफूसमक्ष प्रस्तुत भएको पुनरावेदन ग्रहण गरी सो सम्बन्धमा फैसला गर्न सक्ने नै देखिई श्रम अदालतको फैसला त्रुटिपूर्ण नदेखिएको अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी गर्न सकिने अवस्था नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृपासुर कार्की

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल असोज १७ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६२ सालको रिट नं. २८५३, उत्प्रेषण परमादेश समेत, *कलेशु डगौरा समेत वि.भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट यी निवेदकहरूलाई सुविधा र सहुलियत प्रदान गरेकोसम्म देखिएको र त्यस्तो निर्णयबाट यी निवेदकहरूको कुनै संवैधानिक वा कानूनी हक सिर्जना भएको मान्न नमिल्ने हुनाले सिर्जना नै नभएको हकलाई सचिवस्तरीय निर्णयबाट हनन् भएको भनी सम्झन र यस अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोग गरी उपचार दिन समेत नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल मंसिर २० गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६२ सालको रिट नं. २९७७, उत्प्रेषणयुक्त परमादेश

समेत, *लालुप्रसाद जोशी वि. महेन्द्रनगर विकास समिति, कञ्चनपुर समेत*

नगर विकास समितिको जग्गामा अतिक्रमण गरी बसेका यी निवेदकहरूको सम्बन्धमा सो नगर विकास समितिले छानबीन समिति गठन गरेको कार्यबाट स्थतः कुनै संवैधानिक वा कानूनी हकाधिकार सिर्जना नहुने भएकोले सो समितिको विघटनबाट यी निवेदकहरूको कुनै संवैधानिक वा कानूनी हकाधिकारको हनन् वा समाप्त समेत हुन सक्दैन । अदालतले रिट क्षेत्रबाट संविधान वा कानूनद्वारा व्यवस्थित एवं प्रदत्त हकाधिकारलाई मात्र संरक्षण र प्रचलन गराउन सक्ने हुँदा भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६१।४।२२ को महेन्द्रनगर नगर विकास समितिलाई "प्रशासकीय काम बाहेक अरू काम नगर्नु" भनी गरेको पत्राचार वा तत्सम्बन्धी निर्णयबाट यी निवेदकहरूको कुनै संवैधानिक वा कानूनी हक हनन् वा समाप्त नहुने भएकोले निवेदन मागबमोजिम संविधान एवं कानूनप्रदत्त हक हनन् भएको मान्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल मंसिर २० गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री रणबहादुर बम,** ०६४-WO-१०२१, परमादेश समेत, *रमेशलाल श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

आफ्नो काज अवधि सकिएकाले सो काज थपी पाऊँ भनी पटकपटक आफू काजमा रहेको विदेश स्थित UNMIK कार्यालयबाट निवेदन पठाएको तर सो निवेदन माग स्वीकृत भएको वा नभएको जानकारी दिनुपर्ने कर्तव्यको पालना गर्ने कार्यमा बिदा दिने अधिकार भएको अर्थ मन्त्रालय उदासीन भएको देखिएको छ । आफूले कानूनले तोकेको कर्तव्यको पालना गरेको नदेखिएको अवस्थामा उक्त कर्तव्यको पालना नगर्न सार्वजनिक पदाधिकारी वा संस्थाले अरूलाई भने कर्तव्यको पालना गर भन्नु औचित्यपूर्ण र न्यायसंगत हुन नसक्ने ।

आफ्नो निवेदन मागबमोजिम बिदा वा काज स्वीकृत भएको ठान्नु अस्वाभाविक हुँदैन । कानूनबमोजिम हुने अपेक्षा र विश्वास गर्नु नै Legitimate Expectation को न्यायिक सिद्धान्त हुने ।

कुनै पनि कर्मचारीले बिदा वा काज माग गरी निवेदन दिनु पर्ने निज कर्मचारीको कानूनी कर्तव्य तोकिएकोमा सो काज वा बिदा स्वीकृत वा अस्वीकृत भएको जानकारी दिनुपर्ने कर्तव्य पनि सो काज वा बिदा स्वीकृत गर्ने पदाधिकारीलाई तोकिएको देखिने ।

इजलास अधिकृतः कृपासुर कार्की
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल कात्तिक १७ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको फौ.पु.नं. २६४, लुटपीट, *पूर्णिमा राणा वि. केशवध्वज राणा समेत*

प्रतिवादीले लुटी नोक्सानी गरिदिएको भन्ने दावी वादीकै साक्षी समेतको बयानबाट पुष्टि र समर्थित भएको पाइँदैन । साथै वारदातको दिन र समयमा के कुन सामान कसले लुटी लगे भन्न सक्दिन भनी वादीका प्रत्यक्षदर्शी भनिएका साक्षीले बकपत्र गरेको समेतबाट यी प्रतिवादीहरूले लुटपीट गरेको भन्ने वादीको दावी प्रमाणित हुन आएको पाइँदैन । सार्वजनिक प्रयोजनका लागि नगरपालिकाको पहलमा जग्गावालाको मञ्जूरी एवं जानकारीमा गरिएको कार्यलाई कानूनतः लुटपीटको कसूर अपराध मान्न नमिल्ने ।

इजलास अधिकृत नारायणप्रसाद पराजुली
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल पुस २२ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** रिट नं. ०६३-WO- ०४६१, उत्प्रेषणयुक्त परमादेश, *रामसुरत पाण्डे समेत वि. नेपाल विद्युत प्राधिकरण दरबारमार्ग समेत*

नेपाल विद्युत प्राधिकरणको सेवामा मिति २०४९।८।१२ भन्दा अगाडिदेखि कार्यरत् रहेका कर्मचारीहरूको निवृत्तिभरणको सम्बन्धमा उक्त विनियमावलीमा नै उल्लेख भएको देखिएको अवस्थामा सो विनियमावली २०६२ को प्रतिकूल हुने गरी निर्णय गर्ने अधिकार नेपाल विद्युत प्राधिकरणलाई रहे भएको देखिँदैन । विनियममा निवृत्तिभरणको गणनाको सम्बन्धमा जे जस्तो कानूनी व्यवस्था छ सोलाई व्यवस्थापन एवं सेवा निवृत्त कर्मचारी समेतले सोहीअनुसार मान्नु पर्ने ।

सेवा निवृत्त कर्मचारीको निवृत्तिभरणको हिसाब गर्ने सम्बन्धमा भएको स्पष्ट कानूनी व्यवस्थाको प्रतिकूल आत्मगत ढंगबाट कर्मचारीलाई मर्का पर्ने गरी निर्णय गर्नु कुनै दृष्टिबाट मनासिब मान्न नमिल्ने ।

इजलास अधिकृतः कृपासुर कार्की

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल कात्तिक १४ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** रिट नं. २०६६-WO- ०७२७, उत्प्रेषण समेत, *शिवनारायण यादव वि. स्वास्थ्य सेवा विभाग समेत*

आफ्नो खुट्टाको अप्रेशन भै घुँडाको potella बिग्रन गई उकालो ओरालो हिँड्न नसक्ने भई अशक्त भएको र डाइबिटिज, हाइपरटेन्सन मुटुसम्बन्धी रोग समेतले ग्रस्त भै निरन्तर उपचारको क्रममा रहेको भनी लिएको जिकीरको सम्बन्धमा विचार गर्दा खुट्टाको इलाज गराएको चिकित्सकको prescription सन् २००५ को भएको र सोही आधारमा निज निवेदक हालसम्म पनि हिँडडुल गर्न सक्ने अवस्थामा नभएको भनी भन्न सक्ने अवस्था देखिएन । यसका साथै हाइपरटेनसन वा डाइबेटिज रोगका कारण सरूवा गर्न नपाइने भन्ने कानूनी व्यवस्था समेत भएको नदेखिएकोले निजलाई सरूवा गरिएबाट निजको कुनै कानून प्रदत्त हकमा असर परेको भन्न नमिल्ने ।

इजलास अधिकृतः कृपासुर कार्की

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल कात्तिक १४ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६-CI-०४५६, लेनदेन, *दुर्गाप्रसाद जोजिजू वि. दुर्गामाया ध्वजू*

वादीबाट ऋण लिँदा खाताबहीमा जनाई ऋण लिएको नभई सो सम्बन्धमा कपाली तमसुक लेखी दिई ऋण लिएको छ । कपाली तमसूक गरी लिएको ऋणको साँवा ब्याज तिर्दा बुझाउँदा सोही लेनदेन व्यवहारको ५ नं. मा उल्लिखित तरीका र प्रक्रियाबाट तिरे बुझाएको मात्र सदर हुने र सो बाहेक अन्य प्रक्रिया वा तरिकाबाट तिरे बुझाएको व्यवहारले कानूनी मान्यता नपाउने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६६ साल फागुन १ गते रोज १ शुभम् ।

११

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६-CR-०६५५, जालसाजी, *जेठी तिमिल्सिना वि. शेषराज शाक्य*

वादीमध्येका अर्जुन तिमिल्सिनाले यसै कि.नं. १७ को जग्गाको लिखत बदर गरिपाऊँ भनी दायर गरेको दे.नं. १६७४९९ बदर मुद्दामा वादीको उमेर २१ वर्ष नपुगेको भनी निजको मञ्जूरी लिनुपर्ने अवस्था नभएको भन्ने आधारमा वादी दावी नपुग्ने ठहरी सो लिखत सदर कायम रहेको अवस्था देखिँदा सोही लिखतलाई जालसाज घोषित गरिपाऊँ भन्ने निज अर्जुन तिमिल्सिनाको प्रस्तुत दावी कानूनसंगत देखिन आएन । एउटा मुद्दाको परिणामस्वरूप २०५९।४।८ मा दिने लीलानाथ र लिने शेषराज शाक्य भएको कि.नं. १७ को राजीनामा लिखत सदर ठहरेको अवस्थामा निज वादीले दिएको अर्को मुद्दाबाट सोही लिखतलाई अन्यथा ठहर गर्न कानूनसँगत नहुने ।

मिति २०५९।४।२८ मा नै दावीको लिखतको सम्बन्धमा जानकारी पाएका यी वादीले सो थाहा पाएको मिति २०५९।४।२८ बाट कीर्ते कागजको १८ नं. बमोजिम ६ महिनाभित्र प्रस्तुत जालसाज मुद्दा दायर गर्नुपर्नेमा सो हदम्याद नघाई मिति २०६१।४।७ मा मात्र निज वादी जेठी तिमल्सिनाले भक्तपुर जिल्ला अदालतमा प्रस्तुत फिराद दायर गरेको देखिँदा प्रस्तुत मुद्दा हदम्याद नाघी दायर भएको देखिन आएकोले हदम्याद नाघेको फिराद उक्त कीर्ते कागजको १८ नं. ले लाग्न नसक्ने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल फागुन १ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६४-CR-०८०८, CR-००४२, कीर्ते जालसाजी, *अशोकराम महरा वि. छोटेलाल राम, भागवत महरा चमार वि. छोटेलाल राम*

विशेषज्ञको राय न्यायकर्तालाई निष्कर्षमा पुग्न सहयोग गर्ने आधार अवश्य हो । तर विशेषज्ञको रायलाई एकमात्र निश्चयात्मक प्रमाण मानी अन्य प्रमाणलाई उपेक्षा गर्नु न्यायसँगत हुँदैन । अन्य भरपर्दा प्रमाणको विपरीत विशेषज्ञको राय भएमा न्यायकर्तालाई विशेषज्ञको राय प्रतिकूल निष्कर्ष निकाल्न आपत्ति नहुने ।

मानवीय सम्बन्ध, स्वाभाविकता र परिस्थितिले न्यायिक निष्कर्ष निकाल्न सहयोग गर्दछन् । कतिपय कुरा विश्वास गर्न सकिने प्रकृतिका हुन्छन् भने कतिपय कुरालाई सामान्य सोचाई राख्ने मानिसले पनि पत्याउन सक्दैनन् । यदि वादी आफैंले साक्षी बसी जग्गा बिक्री गरेको अवस्था भए सोलाई चुनौती दिई अदालतमा आउन पर्ने वा निजको मनस्थिति परिवर्तन हुनुपर्ने तथ्यपरक एवं विश्वसनीय आधार कारण समेत प्रतिवादीहरूले दिन सकेको नपाइने ।

कसूरबमोजिम सजाय पाउनुपर्ने हुन्छ । सम्पत्ति पाई नै हाल्यो भनेर प्रतिवादीका गम्भीर करतुतहरू कानूनको आँखामा क्षम्य मानिदिदा दण्डहीनताले प्रश्रय पाउँछ । लिखतलाई बदर तथा जालसाजी भन्ने दावी रहेकोमा लिखत बदर भएपछि जालसाजी नठहर्नु र लिखतमा वादीलाई प्रतिकूल असर पुऱ्याउने उद्देश्यले निजको कीर्ते सही गरिनु समान अवस्था नहुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६४-CI-०१००८, ०६६-CI-००५६, हालैको दूषित बकसपत्र लिखत दर्ता बदर दर्ता, *अशोकराम महरा वि. छोटेलाल राम, भागवत महरा चमार वि. छोटेलाल राम*
- ०६४-CI-०१००९, दुषित लिखत बदर, *कमल महरा वि. छोटेलाल राम*

१३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CI-०१६३, अंश दर्ता, *अशोकराम महरा वि. छोटेलाल राम*

अदालतमा आफ्नो अंश हकको दावी लिएर आउने व्यक्ति सगोल परिवारमा शान्ति र मेलमिलापसँग बस्न सक्ने वातावरण नभएर नै आएको होला भनी अदालतको सामान्य रूपमा अनुमान गर्नुपर्ने हुन्छ । प्रत्यर्थी वादीलाई इज्जत आमदअनुसार खान लाउन दिएको र परिवारमा शान्ति एवं मेलमिलाप रहे भएको तथ्ययुक्त प्रमाण पुनरावेदक प्रतिवादीले दिन सकेको नपाइने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

१४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५-CR-०४९६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गोरेबहादुर पुन*

प्रतिवादीको घर कोठाबाट बरामद भएको कपडामा लागेको रगत मृतक टीकाराम पराजुलीकै हो भन्ने अखण्डनीय, निश्चयात्मक र ठोस प्रमाण वादी पक्षले पेश गर्न सकेको पाइँदैन । यदि उक्त कपडामा लागेको रगत र मृतकको रगतको डी.एन.ए परीक्षण गरी सो एकआपसमा मिले भिडेको तथ्य स्थापित हुन सकेको भएमा एउटा ग्रहणयोग्य निश्चयात्मक, विश्वसनीय एवं अखण्डनीय वैज्ञानिक प्रमाण हुन सक्ने थियो । तर, सो हुनबाट बरामद कपडामा लागेको रगत मृतकको रगतको रक्त समूह मात्र मिलेको भन्ने कमजोर र खण्डनयोग्य वैज्ञानिक आधारलाई प्रमाणमा ग्रहण गरी प्रतिवादीलाई कर्तव्य ज्यान जस्तो गम्भीर फौजदारी अपराधमा कसूरदार ठहर गर्नु न्यायोचित नदेखिने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

१५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०३६१, उत्प्रेषण समेत, *उत्तमभक्त प्रधानाङ्ग वि. काठमाडौं महानगरपालिका समेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६२ अनुसार घर वा घरको कुनै भाग भत्काउने आदेशउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने कानूनी व्यवस्था भएको र सोअनुसार सम्बन्धित दर्तावाला जग्गाधनीको सो जग्गामा बनेको घर भत्काउने आदेशउपर पुनरावेदन परी एक पटक साधिकार अदालतबाट सो कि.नं. १७१९ मा बनेको घरको सम्बन्धमा का.म.न.पा. बाट मिति २०६४।१।२८ मा भएको निर्णय बदर भइसकेको हुनाले सोही निर्णयलाई रिटको माध्यमबाट यी रिट निवेदकको प्रस्तुत रिटको रोहमा बदर गरी रहन नपर्ने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल चैत २३ गते रोज ४ शुभम् ।

१६

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-WO--००२०, उत्प्रेषण समेत, *पूर्णभक्त प्रधानाङ्ग वि. गौरीभक्त प्रधानाङ्ग समेत*

रिट निवेदकले पुनरावेदन अदालत पाटनको मिति २०६४।३।१ को आदेशलाई उत्प्रेषणद्वारा बदर गरी पाऊँ भनी प्रस्तुत रिट निवेदनमा दावी लिएको छ सो आदेशमा उल्लेख भएबमोजिम मालपोत कार्यालय डिल्लीबजारले यी रिट निवेदकलाई सम्बन्धित अदालतमा नालेस गर्न जानु भनी मिति २०६४।५।३ मा सुनाई दिएको र निवेदकले सो सुनी पाएबमोजिम काठमाडौँ जिल्ला अदालतमा निखनाई पाऊँ भन्ने मुद्दा दायर गरी विचाराधीन रहेको देखिएको समेत हुनाले पुनरावेदन अदालत पाटनबाट मिति २०६४।३।१ मा भएको सो आदेश कार्यान्वयन भई सकेको हुँदा उक्त मुद्दाको स्थिति र परिणाम समेतमा प्रतिकूल असर पर्ने गरी निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

कम्प्युटरः विदुषी रायमाभी

इति संवत् २०६७ साल चैत २३ गते रोज ४ शुभम्।

१७

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CI-०६३८, अंश चलन, *पानी राजबंशी समेत जञ्जाल राजबंशी*

कानूनबमोजिम बण्डापत्र भएको नदेखिएको अवस्थामा प्रतिवादीकै कथनको आधारमा यी वादी प्रतिवादीबीच अंशबण्डा भएको मान्न नमिल्ने।

वादी प्रतिवादीहरू अंशियार देखिएको र निजहरू बीच अंशबण्डा भएको कुनै लिखत प्रमाण समेतबाट पुष्टि हुन नसकेको अवस्थामा वादीले प्रतिवादीहरूबाट अंश नपाउने भन्न नमिल्ने।

दुई अंशियारका बीच अंशबण्डा हुन बाँकी रहेको हुँदा वादी दावीबमोजिम दुई भागको एक भाग अंश यी वादीले पाउने नै देखिने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः विदुषी रायमाभी

इति संवत् २०६७ साल माघ १९ गते रोज ४ शुभम्।

१८

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४-WO-०००९, उत्प्रेषणयुक्त परमादेश समेत, *सुभाष पौडेल समेत वि. शिक्षा तथा खेलकूद मन्त्रालय समेत*

निवेदकहरूले भनेजस्तो पूरक परीक्षाको परिणाम प्रकाशित भएपछि मात्र पुनर्योगको परिणाम प्रकाशित भएको अवस्था नदेखिएको बरू पुनर्योग र पूरक परीक्षाको कार्यक्रम सँगसँगै नगर्दा पूरक परीक्षा सञ्चालनमा ढिलाई भई लाखौं विद्यार्थीहरूको उच्च शिक्षा अध्ययनको अवसरबाट बञ्चित हुन पर्ने अवस्था समेत देखिएको र प्रत्यर्थीहरूको उक्त नीति एवं काम कारवाहीहरूबाट निवेदकहरूको कुनै संवैधानिक वा कानूनी हकाधिकार समेत हनन् भएको अवस्था समेत नदेखिएकोले निवेदन मागबमोजिम रिट जारी गर्न नमिल्ने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल माघ २० गते रोज ५ शुभम्।

१९

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-WH-००४३, बन्दीप्रत्यक्षीकरण, *शिवदयाल यादव वि. जिल्ला प्रशासन कार्यालय, सिरहा समेत*

आफूउपर चलेको मुद्दामा अधिकार प्राप्त अधिकारी प्रमुख जिल्ला अधिकारीबाट पुर्पक्षको सिलसिलामा थुनामा राखेको अवस्थामा सो आदेशलाई चुनौती दिई उपचार खोज्न अ.बं. १७ अन्तर्गत प्रभावकारी उपचारको बाटो उपलब्ध रहेको र पुनरावेदन अदालतमा उजूर परेमा सो अदालतबाट तल्लो निकायबाट भएको आदेशमा तथ्यको विश्लेषण वा प्रमाणको मूल्याङ्कनमा कुनै त्रुटि रहेको भए वा बेरीतको थुनामा राखेको देखिए पुनरावेदन अदालतले नै न्यायिक पुनरावलोकन गर्न सक्ने अवस्था विद्यमान रहेको हुँदा सो मार्ग अनुशरण नगरी यी निवेदक सीधै यस अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन लिई आएको देखिँदा यस अदालतबाट मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल माघ १९ गते रोज ४ शुभम्।

२०

**मा.न्या.श्री रामकुरमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६-CI-०८०६, अंश चलन, *अ.वा. सुराज मेहेर कायस्थ वि. नारायण मेहेर कायस्थ*

प्रतिवादी नारायण मेहेर कायस्थले २०३७।६।२७ मा दशबहादुर श्रेष्ठबाट निजलाई रिझाए बापत् हालैको बक्सपत्रबाट प्राप्त गरेको जग्गा मुलुकी ऐन अंशबण्डाको महलको १८ नं. बमोजिम पाउनेको निजी हुने र बण्डा गर्न कर नलाग्ने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

इति संवत् २०६७ साल माघ १९ गते रोज ४ शुभम्।

२१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६-WO-०११६७, उत्प्रेषणयुक्त परमादेश समेत, *प्रदीप पौडेल समेत वि. त्रिभुवन विश्वविद्यालय समेत*

त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १४(च) ले कार्यकारी परिषद्लाई प्रदान गरेको अधिकारअन्तर्गत निर्णय गरी निर्धारण गरेको उपरोक्त मितिको निर्णयलाई अन्यथा भन्न सकिएन। यसप्रकार शुल्क बृद्धिसम्बन्धी सो निर्णय कानूनसम्मत नै रहेको देखिने।

त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले आफ्नो अधिकारक्षेत्रअन्तर्गत रही गरेको निर्णय कुनै कानूनी व्यवस्थाको प्रतिकूल नभई भेदभावपूर्ण वा भूतलक्षी समेत नदेखिएको हुँदा त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को निर्णयबाट यी निवेदकहरूको कुनै संवैधानिक वा कानूनी हकमा आघात पुगेको अवस्था देखिन नआएकोले मागबमोजिम रिट जारी गर्न नमिल्ने।

इजलास अधिकृत: नारायणप्रसाद पराजुली
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०६७ साल माघ २० गते रोज ५ शुभम्।

- यसै प्रकृतिको २०६६-WO-०१४५, उत्प्रेषणयुक्त परमादेश समेत, *गुणराज आचार्य समेत वि. त्रिभुवन विश्वविद्यालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

२२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६३ सालको फौ.पु.नं. ४७९ जालसाज, *प्रभावती भन्ने प्रर्भावती अहिर समेत वि. मानभावती अहिर यादव*

वादी प्रत्यर्थी बसन्तीदेवी अहिर भन्ने मानभावती अहिरको अंशलोप गरी निजलाई हानि नोक्सानी पुग्ने र प्रतिवादी पुनरावेदकहरू पदम खड्का क्षेत्री, सुरेन्द्र अहिर समेतले आफूलाई फाइदा पुग्ने गरी गरे गराएको र.नं. ९१७७ मिति २०५५।१२।१८ को राजीनामा लिखत मुलुकी ऐन, कीर्ते कागजको महलको ३ नं. अनुसार नै जालसाज गरे भएको होइन भनी भन्न नमिल्ने।

इजलास अधिकृत: नारायणप्रसाद पराजुली
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम्।

- यसै प्रकृतिको २०६३ सालको फौ.पु.नं. ४८०, जालसाज, *प्रभावती भन्ने प्रर्भावती अहिर समेत वि. मानभावती अहिर यादव* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६३ सालको दे.पु.नं. ८३०, निर्णय बदर अंश नामसारी, *प्रभावती भन्ने प्रर्भावती अहिर समेत वि. मानभावती अहिर यादव*

वादी प्रतिवादीहरूकै भाउजू र बुहारी नाताको ठहरी यी पुनरावेदक प्रतिवादीहरू दुई जना र वादी समेत तीन अंशियार कायम भएको र वादीले प्रतिवादीहरूबाट कानूनबमोजिम अंश पाई सकेको भन्ने पनि मिसिलबाट नदेखिएको अवस्थामा वादीले प्रतिवादीहरूबाट अंश नपाउने भन्न नमिल्ने।

इजलास अधिकृत: नारायणप्रसाद पराजुली
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम्।

२४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४-CI-०६९०, परमादेश, *राघव सिंह वि. हेटौंडा सिमेन्ट उद्योग लि. समेत*

बीमाको प्रिमियम उद्योगले नै तिर्ने बुझाउने गरी सम्झौता भएको भए पनि निवेदकले मिति २०५९।४।१२ मा अवकाश प्राप्त गर्दा सेवा अवधिको उमेर हद ५८ वर्षको हिसाबले निजले पाउने रकम बुझी सकेको समेत मिसिल संलग्न प्रमाणबाट देखिन आयो। सेवाबाट अवकाश प्राप्त भई सकेपछिको अवधिको समेत बीमा रकम आफूले पाउनु पर्छ भन्ने नै निवेदकको मुख्य जिकीर रहेको देखिन्छ। कर्मचारी सेवा शर्त नियमावली, २०५० ले कर्मचारीको अनिवार्य अवकाश हुने उमेरको हद ३० वर्ष तोकिएको अवस्थामा बीमा संस्थान र उद्योगबीच सेवामा बहाल रहेको कर्मचारीको बीमाको प्रिमियम दिने सम्बन्धमा करार भएको हुँदा सो करारको शर्त कर्मचारी सेवामा रहेसम्म मात्र प्रभावी हुने हुन्छ। अनिवार्य अवकाश वा अन्य कारणले निज कर्मचारी सेवामा नरहे पनि सो करार वा तत्सम्बन्धी शर्त प्रभावी रही रहन्छ भनी उक्त विषयमा व्यवस्था भएमा बाहेक स्वत: सम्झन मिल्ने हुँदैन। कर्मचारी सेवा नियमावलीमा संशोधन भई अनिवार्य अवकाश पाउने उमेरको हद घटाई ५८ वर्ष तोकिएको र ६० वर्षको बीमावापत्को रकम पाउने भन्ने कानूनी व्यवस्था नभएको अवस्थामा खारेज भई सकेको सो आवकाससम्बन्धी

उमेरको व्यवस्था नै प्रभावी हुने र ६० वर्षको बीमा रकम पाउनु पर्छ भन्ने निवेदकको जिकीर कानूनसम्मत देखिन नआउने ।
इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल पुस २९ गते रोज ६ शुभम् ।

२५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५-CI-०४६२, ०६७-CI-०१३१, हक कायम समेत, *कुलबहादुर खत्री समेत वि. धर्मवंशी तुलाधर समेत, हरिप्रसाद शर्मा समेत वि. धर्मवंशी तुलाधर समेत*

कसैले दावी नगरेको अथवा उपत्यकाभित्रका सबै गुठी राजगुठी हुने भन्ने गुठी संस्थानको कथनको कुनै कानूनी आधार देखिँदैन । राजगुठी हुनका लागि गुठी संस्थानको सम्बन्धित लगतमा दर्ता हुनुका साथै कसले र कुन प्रयोजनका लागि गुठी राखेको हो भन्ने कुराको निश्चित आधार पनि सो लगतमा जनिएको हुनुपर्दछ । सामान्य परिपत्र मात्रको आधारमा कुनै जग्गालाई राजगुठीको जग्गा भनी भन्न नमिल्ने ।
इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल माघ ११ गते रोज ३ शुभम् ।

२६

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कमलनारायण दास,** २०६५-CR-०१२०, म्याद नाघेका केमिकल तथा रिएजेन्टहरू बिक्री गरेको, *नेपाल सरकार वि. किरणकुमार श्रेष्ठ*

औषधि ऐन, २०३५ मा भएको कानूनी व्यवस्थाबमोजिम म्याद नाघेको औषधि बिक्री वितरण गर्ने कार्यलाई कसूरजन्य मानेको र यस्तो म्याद नाघेको औषधिको प्रयोग र सेवनबाट मानिस वा पशुपंछीको स्वास्थ्य र जीवनलाई हानि पुऱ्याउन सक्ने हुँदा त्यस्तो औषधिको बिक्री वितरण गर्ने कार्यलाई कानूनद्वारा निषेधित गरिएको छ । तर बरामद भएको केमिकल र रिएजेन्टहरू मानिस वा पशुपंछीको रोगको निदान वा उपाचार (Treatment) का लागि उपयोग हुने नभई प्रयोगशालामा प्रयोग हुने भएको र सो पनि सञ्चय गरेको अवस्थामा नपाएको देखिँदा प्रयोगशालामा प्रयोग हुने म्याद नाघेको केमिकल तथा रिएजेन्टहरू उत्पादक कम्पनीलाई फिर्ता दिने उद्देश्यले सञ्चय गरेको कार्य कानून प्रतिकूल वा कसूरजन्य कार्य भएको स्वतः मान्न नमिल्ने ।
इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल पुस २८ गते रोज ४ शुभम् ।

२७

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कमलनारायण दास,** २०६५-CI-००३६, लिलाम बदर दर्ता बदर दर्ता, *रसुल मियाँ धुनिया समेत वि. इद्रिस मियाँ धुनिया समेत*

सगोलमा रहँदाका अवस्थामा लिए खाएको ऋणको बिगो सगोलकै सम्पत्तिबाट तिर्नु बुझाउनु पर्ने कानूनी व्यवस्था रहेको र सो ऋण लिँदाको अवस्थामा यी वादी प्रतिवादी छुट्टी भिन्न नभई एकासगोलमा रहे बसेको भन्ने उक्त अंश मुद्दाबाट देखिँदा सगोलमा रहँदाको अवस्थामा लिएको ऋण तिर्नुपर्ने दायित्व सबै अंशियारको हुने भएको देखियो । यिनै वादी रसुल मियाँ धुनियाँ वादी भई चलेको अंश दर्ता मुद्दामा पेश भएको तायदाती फाँटवारीमा दावीको कि.नं. १३ को जग्गा परेको नदेखिँदा समेत लेनदेन मुद्दाको फैसला कार्यान्वयन गर्दा ऋणी इद्रिस मियाँको नाममा दर्ता रहेको सम्पत्ति लिलाम गरी वादीको बिगो भरी भराउ भएको देखिएबाट सो सम्पत्तिमा यी वादीको अंश हक रहेको देखिन नआउने ।
इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल पुस २८ गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६ सालको CR-००१४, ला.औ हेरोइन, *सुकमाया गुरूङ्ग वि. नेपाल सरकार*

प्रतिवादी सुकमाया गुरूङ्गले लागू औषध भनी बिक्री गर्ने उद्देश्यले तुलसी महर्जनलाई दिएको भनी पोल गरेको र तुलसी महर्जनले पनि सुकमायाबाट बिक्री गर्ने उद्देश्यले लिई राखेको भनी पोल गरेको एकअर्काको आपसी पोलापोल र यी दुबै प्रतिवादीहरू मिलेर कारोवार गर्ने गरेको तथ्यलाई स्वीकार समेत गरेको देखिन्छ । लागू पदार्थको मूल्य तय गरी कारोवार

गर्ने गरेको र कारोवारको मुख्य सूत्राधार व्यक्ति यी पुनरावेदक प्रतिवादी देखिएको र निजहरूको अधिकार प्राप्त अधिकारीसमक्षको बयान सिलसिलावद्ध र यथार्थ रहेको कुरा मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि र स्थापित हुन आएको अवस्थामा पुनरावेदक प्रतिवादीलाई अभियोग दावीबमोजिमको कसूर अपराधमा कैद र जरीवाना समेत हुने।

इजलास अधिकृत:श्रीप्रसाद सञ्जेल

कम्प्युटर: भवानी ढुंगाना

इति संवत् २०६७ साल पुस २१ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६ सालको CR-०१२१, कर्तव्य ज्यान, *अनिस राई समेत वि. नेपाल सरकार*

मृतक यी प्रतिवादीहरूभन्दा उमेरले जेठो रहेको र प्रतिवादीहरूलाई आफ्नो कमाण्ड राख्ने गरेको कुरामा निहुँ झिकी झगडा गरी प्रतिवादीहरू धेरै जनाको मृतक एक्लैलाई आफ्नो सँग साथमा रहेको खुकुरी समेतले प्रहार गरेको कारणबाट मृत्यु भएको देखिँदा मृतक प्रेमकुमारको मृत्यु कर्तव्यबाटै भएको पुष्टि भएको हुँदा पुनरावेदक प्रतिवादीहरूको कार्य ज्यानसम्बन्धी महलको १३(१) नं.भित्रकै देखिँदा पुनरावेदक प्रतिवादीहरूको कार्यलाई ज्यानसम्बन्धी महलको ५ र ६ नं. को कसूर अपराध कायम गरी सजाय कम गर्न मिल्ने नदेखिने ।

पुनरावेदकलाई अ.वं १८८ नं. बमोजिम कम सजाय गर्ने रायको हकमा मृतक र प्रतिवादीहरूसँग पुरानो रिस इवीलाग भै मारेको भन्ने अवस्था नदेखिएको, मृतक र प्रतिवादीहरू बीच सम्बन्धमा सामान्य समस्या देखिएको, मृतकको झगडालु स्वभावको कारणबाट प्रतिवादीहरू प्रतिरक्षात्मक स्थितिमा देखिएको अवस्थामा वारदात भएको देखिन्छ। त्यस सिलसिलामा खुकुरी प्रयोग भएको कारणबाट ज्यानसम्बन्धी महलको १३(३) नं. आकृष्ट गर्नु परेको देखिन आउँछ। तर प्रतिवादीहरू हुर्कंदै गरेको उमेर अवस्था, पुरानो आपराधिक पृष्ठभूमि नरहेको र वारदातको विशेष परिस्थिति देखिएकोले धेरै जना भई कसूर गरेको परिस्थिति विचार गरी कैद वर्ष ८(आठ) गरे पनि सजायको उद्देश्य पूरा हुने देखिएको र ज्यानसम्बन्धी महलको १३(३) नं.को पूरा सजाय गरे चर्को पर्ने देखिएकोले निज पुनरावेदक प्रतिवादीहरूलाई जनही कैद वर्ष ८ (आठ) हुने।

इजलास अधिकृत:श्रीप्रसाद सञ्जेल

इति संवत् २०६७ साल साउन २१ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६ सालको CR-०३८३५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जयबहादुर तामाङ्ग समेत*

झगडा छुट्टयाउन जाँदाको अवस्थामा मृतकले गाली गलोज गरेको कारण रिस उठी उसै बखत मृतक र प्रतिवादीहरू बीच कुटपीट भएको र सो कुटपीटको प्रहारबाट मृतकको ऐनका म्यादभित्र मृत्यु भएको देखिएको अवस्थामा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) न. आकर्षित हुन सक्ने नदेखिने।

मृतक आफैंले दिएको निवेदनमा पनि प्रतिवादीहरूले आफैंलाई मार्ने मनसाय राखी कुटपीट गरेको भन्न नसकेको तर निज प्रतिवादीहरूले ज्यान मार्ने मनसाय नलिई गरेको कुटपीटको कारण ऐनका म्यादभित्र मृत्यु भएको अवस्थामा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम कसूर गरेको ठहर्ने।

इजलास अधिकृत:श्रीप्रसाद सञ्जेल

इति संवत् २०६७ साल मंसिर १३ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको ०६३-WO-०६०१, उत्प्रेषणयुक्त परमादेश, *महेशराज पन्त वि. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय*

निवेदकको मागबमोजिमको निवेदकले के कति क्षमता वृद्धि, विस्तार गरेको, पुन:संरचना वा आधुनिकीकरण गरेको हो वा होइन, के कति सुविधा प्रदान गर्नुपर्ने हो सोको तथ्यात्मक आधारमा निर्णय गर्नुपर्ने विषय रहेको प्रस्तुत विवादमा सो केही नगरी निवेदक उद्योगलाई सुविधा नदिलाउने गरी भएको विपक्षी एकद्वार समितिको मिति २०६२।९।२२ को निर्णय र सो निर्णयलाई सदर गर्ने गरेको विपक्षी औद्योगिक बोर्डको मिति २०६२।९।२२ तथा मिति २०६३।७।१३ को निर्णय कानूनसँगत नभएबाट उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब निवेदकको मागका सम्बन्धमा के कति सुविधा प्रदान गर्नुपर्ने हो तथ्यात्मक आधारमा निर्णय गर्न कानूनबमोजिम बुझ्न पर्ने बुझी एकद्वार समितिले क्षमता वृद्धिको सुविधाको निवेदन पर्दाका बखत बहाल रहेको कानूनी पृष्ठभूमिमा मागबमोजिमको सुविधा सम्बन्धमा निर्णय गरिदिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश समेत जारी हुने।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

इति संवत् २०६७ साल पुस ११ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको ०६३-WO-०५१०, उत्प्रेषण समेत, *योगेन्द्र यादव वि. जिल्ला शिक्षा कार्यालय सिरहा समेत*

निवेदक योगेन्द्र यादवलाई शिक्षक पदपूर्तिका सम्बन्धमा आवश्यक प्रक्रिया प्रारम्भ गर्न शिक्षक छनौट समितिमा निजका ससुरा नै संलग्न भएको भन्ने तथ्य सरोकारवालाको रूपमा सरिक हुन आएका योगेन्द्र यादवको भनाइबाट देखिएको र उक्त तथ्यलाई खण्डन गर्न समेत निवेदकबाट नसकेको यस्तो अवस्थामा प्रस्तुत पदपूर्ति प्रक्रियामा निवेदकका ससुरा नाता पर्ने व्यक्तिको निहीत स्वार्थ संलग्न भई छनौट समितिको काममा अपेक्षित स्वच्छता रहन नसक्ने गरी हितको द्वन्द्व (Conflict of Interest) कायम रहेको देखिने ।

आफ्नो नाताका ससुराको संलग्नतामा आफ्नै ज्वाइँ पर्ने यी निवेदकलाई विधि एवं प्रक्रिया पूरा नगरी नियुक्ति गरेको कुरालाई स्वच्छ र वैध भन्न मिलेन । निवेदकले पदमा बहाल रहिरहन पाउनका लागि निषेधाज्ञाको निवेदन दिएकोमा सो निवेदन खारेज भएबाट पदमा निरन्तरता रहेको मान्न समेत नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६७ साल पुस १२ गते रोज २ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** ०६३-WO-०९६०, उत्प्रेषण, परमादेश, *रामप्रसाद ढकाल वि. मालपोत कार्यालय डिल्लीबजार समेत*

प्रस्तुत मुद्दामा नयाँ जग्गाधनीको स्रेस्ता कायम गर्ने क्रममा यी दर्तावाल मोहीको नाम उल्लेख गर्न छूट भएको देखिन्छ । मिति २०४६।६।१६ को लिखत पछि तयार भएका जग्गाधनी दर्ता प्रमाण पूर्जाहरूमा यी निवेदकको नाम मोही महलमा लेख्न छुटाउनु सम्बन्धित मालपोत कार्यालयका कर्मचारीहरूको ठूलो गल्ती र लापरवाहीले निवेदकको स्थापित कानूनी हकमा असर पर्न नसक्ने हुँदा यी निवेदकलाई विवादित जग्गाको मोही मान्नुपर्ने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
इति संवत् २०६७ साल फागुन १५ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६५ सालको रिट निवेदन नं. WO-०८७९, उत्प्रेषण, *विजय मल्ल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदक कम्पनीको बिडबण्ड जफत गर्ने,विपक्षी डेभलपमेन्ट क्रेडिट बैंक सरकारी स्वामित्व वा नियन्त्रणमा नरहेको, पूर्णरूपमा निजी बैंक रहेको र त्यस्तो बैंकउपर सार्वजनिक खरीद ऐन, २०६३ अन्तर्गत यी रिट निवेदकले उत्प्रेषण र परमादेशको माग गर्ने गरी रिट निवेदन दिन नमिल्ने हुनाले यसको औचित्यभित्र प्रवेश गर्नु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बशन्तजंग थापा
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल माघ १० गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको WO-०४७४, उत्प्रेषणयुक्त परमादेश, *सुरेशकुमार बस्नेत समेत वि. उद्योग मन्त्रालय समेत*

तत्कालीन श्री ५ को सरकारको मिति २०५८।९।५ को निर्णयले २०५८ पुस मसान्तदेखि लागू हुने गरी हिमाल सिमेण्ट कम्पनी बन्द गर्ने निर्णय गर्नु अगावै यी रिट निवेदकहरूलाई श्रम कार्यालयले मिति २०५७।२।१० र २०५७।५।२९ मा स्थायी नियुक्ति दिनु भनी गरेको निर्णयलाई हिमाल सिमेण्ट कम्पनीले बेवास्ता गरेको भए सोही बखत यी रिट निवेदकहरू अदालत प्रवेश गर्नुपर्नेमा सोबमोजिम तत्कालै अदालत प्रवेश गरेको देखिँदैन । श्रम कार्यालयबाट भएका उक्त निर्णयहरू कार्यान्वयन गराउन भनी ९ वर्षपछि मिति २०६६।८।२३ मा प्रस्तुत रिट निवेदन दायर गरेको समेत देखिँदा निवेदकहरू सफा हात लिएर समयमै अदालत प्रवेश गरेको देखिएन । आफ्नो हक अधिकारप्रति सचेत रहनेले समयमा नै त्यसको लागि कानूनी प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ । यी निवेदकहरूले २०५७ सालको श्रम कार्यालयको निर्णय कार्यान्वयन गराउन दिएको प्रस्तुत निवेदनबाट पनि ढिलो गरी आएको कुनै उचित कारण देखाउन नसकेकोले अनुचित बिलम्ब गरी अदालतमा प्रवेश गरेको देखिने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल पुस ४ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ०६३-WO-०२९६, उत्प्रेषण परमादेश, *रामहरि उपाध्याय वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

अख्तियारवालाले गर्ने काम अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नै गर्ने भएपछि कानूनले कारवाही र सजाय गर्ने अख्तियारी पाएको अख्तियारवालाको अख्तियारी र सोसम्बन्धी कानूनी व्यवस्थाको उपहास हुन जान्छ। कारवाहीमा परेको कर्मचारीबाट स्पष्टीकरण लिने काम पनि औपचारिकता पूरा गर्नका लागि देखावटी प्रक्रिया जस्तो हुन जाने।

कुनै खास सजाय गर्न आफूलाई बाध्य भएको ठान्ने अख्तियारवालाले आफ्नो विवेकको प्रयोग गर्ने अवसर नै पाउँदैन। प्रशासनिक अधिकारीले पनि विवेकशून्य निर्णय गर्न नमिल्ने।

कानूनबमोजिम गरिएको विभागीय कारवाही पछि आफ्नो विवेक र अधिकारको प्रयोग गरी त्यस्तो सजाय गर्न पाउने ऐनको व्यवस्था र उद्देश्य हो। अन्य निकाय वा पदाधिकारीले दिएको आदेश वा किटान गरेको सजायको औपचारिक घोषणा गर्ने वा कागजी औपचारिकता मात्र पूरा गरी अख्यिारवालाले सजाय सम्बन्धी पत्र मात्र हस्तान्तरण गर्ने होइन। त्यसरी गरिएको सजाय ऐनको प्रावधान र ऐनको उद्देश्यअनुरूप नभएकोले वैधानिकता (Legitimacy) प्राप्त गर्न नसक्ने।

इजलास अधिकृत: फणिन्द्र पराजुली
कम्प्युटर: रानु पौडेल
इति संवत् २०६७ साल फागुन ३ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. २९६९, उत्प्रेषण समेत, *मोहन अग्रवाल समेत वि. लुम्बिनी बैंक लि. समेत*

निवेदकहरू र विपक्षी लुम्बिनी बैङ्कका बीच भएको कर्जा चुक्ता राफसाफ भई सो कर्जा सम्बन्धीको विवाद नै समाधान भै सकेकोले यी दुई पक्ष बीचको विवाद समाधान भइसकेको देखियो। विपक्षी लुम्बिनी बैङ्क लिमिटेडको मिति २०६७।११।२१ को पत्रबाट पनि यी दुईपक्ष बीचको विवादको अन्त भइसकेको भन्ने कुराको रिट निवेदक पक्षबाट खण्डन नभएको अवस्था हुँदा अब उप्रान्त प्रस्तुत रिट निवेदनको औचित्य बाँकी रहेको देखिएन। प्रयोजनहीन भइसकेको प्रस्तुत रिट निवेदनबाट निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने देखिएन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: फणिन्द्र पराजुली
कम्प्युटर: रानु पौडेल
इति संवत् २०६७ साल फागुन ३ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६५-WO-०८३८, उत्प्रेषण, *मोहनलाल अग्रवाल समेत वि. मन्त्रिपरिषद्को कार्यालय. समेत*
- २०६५-MS-०२० *मोहनलाल अग्रवाल समेत वि. प्रकाश श्रेष्ठ. समेत*
- यसै प्रकृतिको २०६३ सालको दे.पु.नं. ६६२, परमादेश, *शोभनदेव पन्त वि. मोहनलाल अग्रवाल समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको WO-०२९९, उत्प्रेषणयुक्त परमादेश, *राजेन्द्रप्रसाद यादव वि. प्रहरी उपरीक्षक जि.प्र.का पर्सा वीरगञ्ज समेत*

भागी पत्ता नलागेको वा अरू कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको अवस्थामा वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भै सकेको वा प्रहरी ऐन, २०१२ अन्तर्गतको अपराध गरेको ठहरी कैदको सजाय पाएको र सफाइको मौका दिन मनासिब नपर्ने भनी कारण खुलाई पर्चा खडा गरेको अवस्थामा बाहेक अन्य अवस्थामा प्रहरी कर्मचारीलाई कुनै पनि प्रकारको सजाय गर्दा सफाई पेश गर्ने मौका दिएर मात्र सजाय गर्न सकिने।

कुनै पनि प्रहरी कर्मचारीलाई सजाय गर्नुपर्दा प्रहरी नियमावली, २०४९ को नियम ८९ को कार्यविधि बाध्यात्मकरूपमा अपनाउनै पर्ने देखिन्छ। सो अनुसार सजाय गर्नुभन्दा अघि त्यस्तो प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनुपर्ने हुन्छ। किनभने यो प्राकृतिक न्यायको सिद्धान्तको एक प्रमुख आधार हो। कारवाही गर्ने अख्तियारवालाको स्वेच्छामा निर्भर रहने कुरा होइन, अपितु निजले अनिवार्यरूपले अवलम्बन गर्नैपर्ने कार्यविधि हो यो। यसको अवलम्बन नगरी गरिएको सजाय कानूनसम्मत हुन नसक्ने।

कानूनले दिएको अधिकार स्वेच्छाचारी वा मनोमानी ढंगले प्रयोग गर्ने होइन। अख्तियारवाला पदाधिकारीले कानूनले पाएको अधिकारको प्रयोग कानूनअनुरूप र विवेकपूर्ण ढंगले गर्नुपर्दछ। कानूनी दायराभित्र रहेर कानूनले निर्दिष्ट गरेका सबै प्रक्रियाहरू जस्ताको तस्तै अवलम्बन गर्नुपर्दछ। यसमा अलिकति पनि बेवास्ता, त्रुटि वा उपेक्षा भएको देखिएमा त्यस्तो अधिकारको प्रयोगलाई विवेकपूर्ण वा कानूनसम्मत मान्न नसकिने।

इजलास अधिकृतः फणिन्द्र पराजुली
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल फागुन ३ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको स.फौ.पु.नं. CR-७१०, चोरी, *बलबहादुर तामाङ्ग समेत वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरूले आफ्नो नाउँको समूहको पेल्ट्रिक सेट बेच्ने उद्देश्यले चोरी गरेको तथ्य स्थापित हुन आएको देखिँदा निजहरूले मुलुकी ऐन, चोरीको महलको १ नं. विपरीत कसूर गरेको ठहर्ने।

इजलास अधिकृतः वसन्तजङ्ग थापा
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल पुस १४ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको दे.पु.नं. CR-०३६०, लेनदेन, *सानुकान्छी तामाङ्ग वि. शारदा श्रेष्ठ वैद्य*

२०५८।३।५ को लिखतबमोजिमको रकम भरी पाउने ठहरी भएको फैसला अन्तिम रहेको र उक्त मितिको लिखतको व्यहोरामा पटक-पटक गरी घर खर्च गर्न लिएको रकमबापत् भनी उल्लेख भएको देखिँदा यी वादीले प्रतिवादीसँग दृष्टिबन्धकीको लिखत पारीत हुनुभन्दा अघि २०५७ साल पुस महिनाको रकम समेत नमिलाई दृष्टिबन्धकीको लिखत गराएका होलान् भनी अनुमान गर्न मिल्ने नभई दावीको २०५७ साल पुस महिनाको लिखतको रकम समेत उक्त दृष्टिबन्धकीको लिखतमा समावेश भएकै मान्नुपर्ने।

इजलास अधिकृतः फणिन्द्र पराजुली
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल फागुन ५ गते रोज ५ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६३-WO-०४४४, उत्प्रेषण परमादेश समेत, *दुर्गाप्रसाद के.सी. वि. पुनरावेदन अदालत पाटन समेत*

निवेदकले सम्झौताको शर्तबमोजिम मध्यस्थ नियुक्तिको प्रक्रिया २८ दिनभित्र शुरू गरेको नदेखिएको एवं करारको एकपक्षले मध्यस्थको क्षेत्राधिकार अवलम्बन गर्न विमति जनाएको अवस्थामा मध्यस्थको क्षेत्राधिकारको प्रश्न देखाई क्षेत्राधिकार ग्रहण गर्न नसक्ने भनी मध्यस्थ दीपक भट्टराईले गरेको मिति २०६०।१०।२८ को निर्णय मनासिब ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६३।२।७ को फैसलामा कुनै त्रुटि नदेखिएकोले रिट निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई
इति संवत् २०६७ साल कात्तिक २८ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६४ सालको दे.पु.नं. ६६०, अंश दर्ता, *मु.स. गर्ने सिपाही राउत क्षेत्री वि. रोज राउत गदी समेत*

अंशबण्डाको ३० नं.को प्रयोजनको लागि व्यवहार प्रमाण भनेको जग्गाको खरीद बिक्री आ-आफ्नो राजीखुशीले गर्ने र सो राजीखुशीमा अर्को पक्षले थाहा पाएको अवस्थामा पनि कुनै उजूर नगरी सो बिक्री व्यवहारलाई स्वीकारी बस्ने, एकआपसमा लेनदेन व्यवहार गर्ने, अंशियारको छोराश्रीमतीहरूको छोराश्रीमतीहरूले बाबुको पैत्रिक सम्पत्ति बण्डा गरिलिने जस्ता व्यवहारले एकासगोलमा रहेको भन्ने देखिन आउँदैन। आफ्नो नाममा कायम रहेको जग्गा बिक्री गरेको देखिँदा अंशबण्डाको लिखितकै अभावको कारणले मात्र वादी प्रतिवादीबीच अंशबण्डा नभएको भनी मान्न नमिल्ने।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई
इति संवत् २०६७ साल पुस २८ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६५ सालको WO-०१९०, उत्प्रेषणयुक्त परमादेश समेत, *गोकर्णप्रसाद शर्मा वि. नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय समेत*

निवेदक आफू मधेशअन्तर्गत पर्ने दाङ जिल्लामा बसोबास गरेको भन्ने निवेदन व्यहोरामा उल्लेख गरे पनि विनियमावलीले गरेको प्रक्रियाबमोजिम आधार कारण देखाई बढुवा दर्खास्त फाराम बुझाएको भन्ने देखिन नआउँदा र विनियमावलीले तोकेबमोजिम मधेशी भन्ने नदेखिएको र तह १० मा बढुवा हुनको लागि आवश्यक पर्ने तह ९ मा न्यूनतम् चार वर्ष स्थायी सेवा अवधि पनि पुगेको नदेखिँदा दावी लिएकै आधारमा यी निवेदकले उल्लिखित विनियमावलीले गरेको सुविधा लिन पाउने भन्न नमिल्ने।

जुन पदमा बढुवा पाऊँ भनी निवेदन गरेको हो सोही पदमा मिति २०६६।७।५ मा बढुवा भएको भन्ने नेपाल विद्युत प्राधिकरणको मिति २०६७।३।८ को पत्रबाट देखिँदा बढुवामा सामेल गराई पाऊँ भनेको पदमा निज बढुवा भइसकेको अवस्था हुँदा प्रस्तुत रिट निवेदनको कुनै औचित्यता नहुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल कात्तिक २८ गते रोज १ शुभम्।

- यसै लगाउको २०६५ सालको WO-०२०७, उत्प्रेषण परमादेश समेत, *गोकर्णप्रसाद शर्मा वि. नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६६-WO-०६५०, परमादेश, जगन्नाथ मिश्र *वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कुनै पनि ऐन तर्जुमा गर्ने कार्य विधायिकाले गर्ने र सोको कार्यान्वयनको उचित व्यवस्था मिलाउने कर्तव्य र दायित्व कार्यपालिकामा निहीत रहनेमा कार्यपालिकाले तत्सम्बन्धी दायित्वप्रति उदासीन भएर बस्ने हो भने विधायिकाले बनाएका कुनै पनि ऐनको प्रभावकारी कार्यान्वयन एउटा कल्पनातीत् विषयसम्म हुनसक्ने हो यथार्थमा ऐनका प्रावधानले उचितरूपमा सार्थकता पाउने अवस्था रहँदैन। ऐन बनाउने विधायिकाको मनसाय पनि त्यो होइन। यदि कुनै ऐनमा नै सो ऐनमा भएका प्रावधान लागू गर्ने सम्बन्धमा सरकारलाई अधिकार प्रदान गरेको अवस्था अन्यथा नदेखिएको स्थितिमा ऐन लागू भएको पैंतीस वर्षसम्म पनि नियमावली तर्जुमा नगर्नुका साथै विपक्षीहरूबाट त्यसको कुनै औचित्य समेत पुष्ट्याई हुन सकेको पाइएन। कुनै अमुक विषयमा के कस्तो नीति तर्जुमा गर्ने वा नगर्ने र कहिले कसरी गर्ने भन्ने विषय कार्यकारीको स्वविवेकीय क्षेत्रभित्र पर्नेमा दुईमत नभए पनि सम्बन्धित ऐनले उक्त ऐनको प्रभावकारी कार्यान्वयन र उद्देश्य पूर्तिका लागि यो यति कुराहरू गर्ने भनी नेपाल सरकारलाई अधिकार प्रदान गरेको र सो कुरा सरकारले उदासीनता देखाएका कारण ऐनको पूर्ण कार्यान्वयन हुन नसकी लक्षित उद्देश्य पूर्ण रूपले हासिल हुन सक्ने अवस्था देखिन नआएको हुँदा यस्तो विषयमा निवेदकले देखाएको सार्वजनिक सरोकारलाई अन्यथा भन्न नसकिने।

जनसरोकारका विषयमा कानूनमा गरिएका व्यवस्थाहरू कानूनमा मात्र सीमित रहने कागजी खेस्रा मात्र नभई परिणाममुखी रूपमा लागू गर्नै पर्ने यथार्थ कानून हुन् भन्नेमा समेत विमति रहन सक्दैन। जनताको स्वास्थ्य, सुविधा र हितसँग सम्बन्धित विषयमा बजारबाट हुन सक्ने दूषित कार्यहरू रोकी समाजलाई सुरक्षित राख्न अग्रसर रहनु पर्ने सरकारको कर्तव्य एवं दायित्व हुनेमा सरकारी संयन्त्र त्यस्तो दायित्वबाट पन्छिन पाउने होइन। यस्तो सरकारी संयन्त्र निष्क्रिय वा उदासीन रहेको अवस्था र जनता स्वयं न्यायिक निकायमा शरण लिन आएको अवस्थामा सरकारको मात्र कार्य हो भन्ने नाममा राज्यको एक अंग न्यायिक निकाय समेतको मूकदर्शक मात्र हुने अवस्था हुँदैन। यस्ता जनसरोकारका विषयमा सरकारलाई सुझाव दिन अदालतले आफ्नो सक्रियता (Judicial Activism) देखाउनै पर्ने कुरा विश्वका प्रायसः कानून प्रणालीले स्वीकार गरिसकेको र हाम्रो न्याय प्रणालीले समेत अंगीकार गरिरहेको यथार्थलाई मनन् गर्नुपर्ने।

उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ८ तथा १० मा भएको कानूनी व्यवस्थाअनसारको कामकारवाही पनि नतिजामूलक (Result Oriented) रूपमा गरेको भन्ने देखिन नआएकोले कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा २३ अन्तर्गतको विनियमावली ६ महिनाभित्रमा बनाई लागू गर्ने, दफा १५ अन्तर्गत मुद्दा हेर्ने अधिकारी तोक्ने प्रावधान तथा सोही ऐनको दफा २ को खण्ड (घ) अन्तर्गत मूल्य निर्धारण सल्लाहकार समितिहरू गठन गर्ने तथा उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ८ तथा १० मा भएको कानूनी व्यवस्थानुसारको कार्य जनसाधारणमा अनुभूत हुन सक्ने गरी ऐनको अक्षरस पालना एवं प्रभावकारी कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश समेत जारी हुने।

इजलास अधिकृतः अशोककुमार बस्नेत, हरिराज कार्की

इति संवत् २०६७ साल कात्तिक २५ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको CI-०३६१, लेनदेन, *रामबालक सहनी वि. उपेन्द्र सहनी मलाह*

उमेरको सम्बन्धमा उत्पन्न भएको विवादमा मुद्दा परी सकेपछि मुद्दाको परिमाणलाई प्रभावित पार्ने उद्देश्यबाट तयार भएको लिखतको आधारमा अदालतले न्याय निरूपण गर्नु हुँदैन। त्यस्तो पछिबाट सिर्जित लिखतले कानूनी मान्यता प्राप्त गर्न सक्दैन। लिखतमा लागेको सहीछापमा विवाद नभएको र उमेरसम्बन्धमा लिखत कागज गर्दाको अवस्थामा ऋणी नाबालक नदेखिएको अवस्थामा लिखतबमोजिमको दायित्व निज प्रतिवादीले व्यहोर्नुपर्ने नै देखिँदा दावीको लिखतबमोजिम वादीलाई प्रतिवादीले साँवा ब्याज तिर्नुपर्ने देखिन आउने।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल पुस १ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५ सालको CI-०९११, अंश, *मीनादेवी पोखरेल वि. सावित्री आचार्य समेत*

लोग्ने स्वास्नीको सम्बन्ध कायम रहेको अवस्थामा पैत्रिक तवरबाट वा सगोलको आर्जनबाट प्राप्त सम्पत्ति सगोलका सबै अंशियारलाई समान बण्डा लाग्ने नै हुन्छ। सम्बन्ध बिच्छेद हुँदाको अवस्थामा अंशबापत् भनी निजले विवादित सम्पत्ति प्राप्त गरेको भनी दावी नगरेको अवस्थामा कुनै तवरबाट निजको नाउँमा रहँदैमा बण्डा नभएका अन्य अंशियारको हकमा बण्डा लाग्दैन भनी अर्थ गर्दा अंशहकबाट बञ्चित हुन जाने अवस्था सिर्जना हुन जान्छ। सगोलमा रहँदाको अवस्थामा पैत्रिक तथा निजी आर्जन तवरबाट प्राप्त सम्पत्ति निजको छोरा छोरीको हकमा पैत्रिक हुने भएकोले सो सम्पत्तिमा अन्य स्वास्नी छोरा छोरीको लागि बण्डा लाग्ने।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल मंसिर २९ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५ सालको CR-०६८४, अदालतको अपहेलना, *सञ्जीवकुमार यादव वि. जिल्ला विकास समिति, रौतहट*

अपहेलनासम्बन्धी मुद्दा अदालतले न्यायिक स्वतन्त्रता, न्यायिक गरिमा र जनताको अदालतप्रतिको जनआस्था जोगाउने प्रयोजनको लागि अदालत आफैंले निर्धारण गर्ने विषयवस्तु हो। निवेदकको दायित्व केवल अदालतको आदेशको अवज्ञा, अपमान भएको छ भन्ने व्यहोराको जानकारी गराउनुसम्ममा सीमित रहन्छ। अदालतप्रतिको अपहेलना भएको हो वा होइन भन्ने कुराको अनुभूति स्वयं अदालतले गर्ने।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल पुस १ गते रोज ५ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WO-००२४, उत्प्रेषण परमादेश समेत, *लीलाकान्त झा वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय*

निवेदकलाई स्वास्थ्य चौकी देखतभूली कञ्चनपुरबाट उपस्वास्थ्यचौकी आलीताल डडेल्धुरा सरूवा गर्दा साविक पदको काम गर्ने गरी सरूवा गरिएको भन्ने निवेदन जिकीर कानूनसम्मत नदेखिएको एवं पदनाम फरक परेको भन्ने सम्बन्धमा निवेदकलाई सरूवा पत्र सच्याई निवेदकको स्तरवृद्धि भएअनुसार पद कायम गरी पत्र दिइसकेको देखिन आएबाट निवेदकको मागबमोजिमको आदेश जारी गर्नु नपर्ने।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल बैशाख ४ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-WO-०९७२, उत्प्रेषण परमादेश समेत, *खगेन्द्र भण्डारी वि.स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकलाई सरूवा गर्ने निकाय स्वास्थ्य सेवा विभागले च.नं. ५२९४ मिति २०६७।३।१ को पत्रबाट निवेदकको सरूवा पत्रमा सि.अ.हे.व.अधिकृत सातौं) हुनुपर्नेमा अन्यथा भएकोले संशोधन गरिएको भनी सच्याई निजामती किताबखानालाई पत्र लेखी निवेदक समेतलाई बोधार्थ दिई सकेको देखिँदा सो सम्बन्धमा यस निवेदनको रोहबाट विचार गरी रहनु पर्ने अवस्था नदेखिने।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल बैशाख ४ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-WO-०३१२, उत्प्रेषण परमादेश समेत, *शारदा रिमाल वि. कृषि विकास बैंक लिमिटेड मुख्य कार्यालय समेत*

समयमा कानूनी उपचार नखोज्ने हो भने कतिपय अवस्थामा निवेदनमा उठाएको विषयवस्तुको सान्दर्भिकता समाप्त भई सकेको हुन सक्छ । प्रस्तुत निवेदनका सन्दर्भमा पनि विपक्षीको कृषि विकास बैंकको लिखित जवाफमा नियुक्ति लिएका ३९ जना कर्मचारीहरूको परीक्षणकाल व्यतीत भइसकेको र आ.व. २०६४/६५ को दरबन्दी समाप्त भइसकेको भन्ने उल्लेख भएको पाइन्छ । रिट क्षेत्रबाट उपचारको माग गर्ने व्यक्तिले आफ्नो अधिकारप्रति सचेत भई अनुचित विलम्ब नगरी कानूनी उपचारमा क्रियाशील हुनुपर्दछ । बिलम्बले समन्यायलाई पराजीत गर्छ (delay defects equity) भन्ने कानूनको मान्य सिद्धान्तलाई यस अदालतले पनि ग्रहण गरेको छ । निवेदकले कुनै युक्तियुक्त कारण बिना अनुचित बिलम्ब गरी अदालत प्रवेश गरेको देखिएमा अदालतले निवेदकलाई सहयोग गर्न सक्ने अवस्था नरहने ।

सिफारिश भएको व्यक्तिले नियुक्ति नलिएमा वैकल्पिक उम्मेद्वारलाई नियुक्ति दिने भन्ने बाध्यात्मक व्यवस्था नभएर "दिन सकिने" भन्ने उल्लेख भएकोले बैंकको आवश्यकताअनुरूप वैकल्पिक उम्मेद्वारलाई नियुक्ति दिन सक्ने देखिन्छ । प्रतिक्षा सूचीमा रहेको वैकल्पिक उम्मेद्वार निवेदकले उक्त कानूनी व्यवस्थालाई आधार बनाएर विपक्षी कृषि विकास बैंकलाई नियुक्ति दिनका लागि बाध्य गर्न सक्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल बैशाख ४ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WO-०३८१, उत्प्रेषण समेत, *अनिलकुमार राय यादव वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

सरकारका कर्मचारीहरूको सरूवा बढुवा जस्ता प्रशासनिक विषयहरू कार्यकारिणीको एकलौटी क्षेत्राधिकार (Exclusive Jurisdiction) भित्रको विषय हो । यस अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत रिट क्षेत्राधिकार भनेको पुनरावेदकीय क्षेत्राधिकार होइन । असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट क्षेत्रबाट निर्णय गर्दा विवादको तथ्य (Merit) भित्र प्रवेश गरी पुनरावेदनपत्र सुनेजस्तो गर्न मिल्दैन । यस अदालतबाट न्यायिक वा अर्धन्यायिक अधिकारीले गरेको निर्णय उत्प्रेषणको रिट जारी भई बदर हुनलाई क्षेत्राधिकारको त्रुटि, बाध्यात्मकरूपले पालन गर्नुपर्ने कानूनी कार्यविधिको उल्लंघन वा प्राकृतिक न्याय सिद्धान्तविपरीत निर्णय गरी व्यक्तिको मौलिक हक अधिकार हनन् भएको र अन्य उपचारको व्यवस्था नभएको वा भए पनि प्रभावकारी वैकल्पिक कानूनी उपचार नभएको अवस्था देखिनु पर्छ । कानूनबमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दिएको निर्देशनलाई पालन गरी गरेको निर्णय बदर हुनलाई उपरोक्तअनुसारको कानूनी त्रुटि निवेदकले देखाउन सकेको नहुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशनअनुसार सम्बन्धित निकायले साविकको निर्णय सच्याई पुनः निर्णय गरिएको र यसबाट निवेदकको कानून एवं संविधानद्वारा प्रदत्त अधिकारमा आघात पुगेको नदेखिँदा निवेदकको दावीबमोजिम रिट जारी हुन नसक्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
इति संवत् २०६८ साल बैशाख ४ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको ०६७-WO-०३७०, उत्प्रेषण समेत, *सञ्जयकुमार वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-WO-०२५६, उत्प्रेषण परमादेश समेत, प्रा.डा. *अशोकरत्न बज्राचार्य वि. प्राज्ञिक परिषद्, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल समेत*

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालको एम.एस. अर्थोपेडिक विषय समितिको संयोजकको जिम्मेवारीमा ३ (तीन) वर्षको लागि मनोनयन गरिएकोमा उक्त पदावधि मिति २०६७।३।२० मा पूरा गरी निवेदक आफ्नो जिम्मेवारीबाट मुक्त भई सकेको स्थितिमा प्रस्तुत निवेदकको कुनै औचित्य नरहेको हुँदा निवेदकको मागबमोजिम आदेश जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल बैशाख ४ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-MS-००६, अदालतको अपहेलना, *प्रा.डा. अशोकरत्न बज्राचार्य वि. विजयकुमार शर्मा समेत*

वीर अस्पतालमा धर्ना घेराउका कार्यहरूबाट सिर्जित असहज अवस्था निराकरण हुनासाथ यस अदालतको आदेश कार्यान्वयन भएको अवस्था देखिन आयो । विपक्षीहरूले जानाजान बद्नियतपूर्वक अदालतको आदेशलाई छल्ने वा अवज्ञा गरेको नदेखिँदा अपहेलना भयो भन्न नसकिने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति संवत् २०६८ साल बैशाख ४ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री कमलनारायण दास,** रिट नं. ०६४-WO-०५९५, परमादेश, *अच्यूतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

श्रम ऐनको उद्देश्य कार्यान्वयनको लागि नियम बनाउन सरकारलाई अधिकार दिएको अवस्थामा प्रत्यायोजित विधायनबमोजिम सरकारले बनाएको श्रम नियमावलीको नियम २८ मा श्रम ऐनले व्यवस्था नगरेको अध्ययन बिदाको व्यवस्था हुन सक्ने अवस्था देखिँदैन । प्रत्यायोजन गरिएको अधिकारअन्तर्गत प्रत्यायोजन गर्ने ऐनले उप-विधायन सम्बन्धमा तोकिदिएको सीमा बाहिर गई कुनै पनि नियम बनाउन नसक्ने कुरामा विवाद उठाउने ठाउँ छैन । निवेदकले श्रम ऐन, २०४८ को दफा ४० को बिदासम्बन्धी व्यवस्थाउपर कुनै विवाद नउठाएको अवस्थामा सो ऐनले अधिकार प्रत्यायोजन गरी बनाइएको नियमावलीको सन्दर्भमा मात्र प्रश्न उठाउनु सान्दर्भिक नदेखिने ।

बिदा अधिकारको रूपमा नरहेको र कर्मचारीलाई दिइने सहुलियत मात्र रहेको सन्दर्भमा प्रचलित श्रम कानूनले उल्लेख नै नगरेको अध्ययन बिदा दिने व्यवस्था श्रम नियमावलीमा गर्नु गराउनु भनी आदेश जारी गर्नु कानूनसँगत नहुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल पुस महिना १ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री कमलनारायण दास,** रिट नं. ०६३-WO-०९५६, परमादेश, प्रतिषेध समेत, *भोजेन्द्रबहादर खत्री समेत वि. सूचना सञ्चार मन्त्रालय समेत*

निर्णय कार्यान्वयन गराउने सन्दर्भमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ११५(१)(ङ) बमोजिम यस अदालतमा रहने अनुगमन तथा निरीक्षण महाशाखा मातहतका निर्णय कार्यान्वयन शाखा भै उक्त शाखाले यस अदालतबाट मुद्दामा भएको अन्तिम निर्णय तथा रिट निवेदनका सन्दर्भमा जारी भएका आदेशको कार्यान्वयन भए नभएको अनुगमन गरी कार्यान्वयन गराउन आवश्यक व्यवस्था मिलाउने लगायतका काम गर्ने व्यवस्था भैरहेको देखिएकोमा सर्वोच्च अदालत नियमावली,२०४९ मा मिति २०६७।४।३ मा भएको एघारौ संशोधनले सो सम्बन्धी व्यवस्थालाई खारेज गरी नियम १०५ङ थप गरी सर्वोच्च अदालत तथा मातहत अदालतबाट भएका फैसला अन्तिम आदेश कार्यान्वयन सम्बन्धमा छुट्टै निर्देशनालयको व्यवस्था भई सो निर्देशनालयबाटै सर्वोच्च अदालत नियमावली, २०४९ को नियम १०५च को देहाय (घ) बमोजिम यस अदालतबाट रिट निवेदनको सन्दर्भमा जारी भएका अन्तिम आदेश तथा निर्णयको कार्यान्वयन भए नभएको अनुगमन गरी कार्यान्वयन गराउने व्यवस्था भएको पाइन्छ । उल्लिखित नियमावलीमा भएको प्रावधानअनुरूप प्रस्तुत रिट निवेदनको विषयसँग सम्बन्धित यस पूर्व परेका रिट निवेदनहरूमा जारी भएको आदेशको कार्यान्वयन यस अदालतअन्तर्गतको निर्देशनालयबाटै गराउने देखियो । उल्लिखित भएका रिट निवेदनहरूमा भएका आदेशको कार्यान्वयन नगरेमा वा ती आदेशलाई बेवास्ता गरेको खण्डमा अदालतको अपहेलनामा कारवाही चलाउन सकिने विकल्प रहेको हुँदा पुनः तत्सम्बन्धी आदेश जारी गरिरहनुको औचित्य समेत नदेखिने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल पुस महिना १ गते रोज ५ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०७८८, निर्णय बदर हक कायम दर्ता समेत, *नियाज्योति राई वि. यज्ञनिधि दाहाल*

मालपोत ऐन, २०३४ को दफा ७, ८, ८ख, २८ र ३० बमोजिम मालपोत कार्यालयले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने भन्ने व्यवस्था ऐ. ऐनको दफा ३१ ले गरेको देखिन्छ । सो ऐनको दफा ८क बमोजिम नापी नक्सा अध्यावधिक गर्ने गरी मालपोत कार्यालयले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने व्यवस्था उक्त दफा ३१ ले गरेको पाइँदैन । यसका अलावा यी वादी-प्रतिवादीबीच जग्गाको विषयमा तेरो मेरोको प्रश्न उठी हक बेहकमा निर्णय हुनुपर्ने अवस्था समेत देखिन्छ । तर हक बेहकमा निर्णय गर्ने अधिकार मालपोत कार्यालयलाई नभई सम्बन्धित जिल्ला अदालतमा नै रहने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल फागुन ३० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६५-CI-०१४४ अंश चलन, *लक्ष्मी बाडे वि. रत्नबहादुर बाडे समेत*

आफ्नो नाममा भएकोले निजी आर्जनको ठहर गर्नुपर्ने भन्ने जिकीरको आधारमा मात्र अंशबण्डाको १८ नं. को प्रयोजनको लागि निजी आर्जन भन्न नमिल्ने ।

कि.नं. १३६, १३७ र ४७१ को जग्गा हरिमायाँ बाडेको नाउँमा रहेको एवं कि.नं. ३२३ को जग्गा सुन्दरी बाडेको नाउँमा रहेकोमा उक्त जग्गा निजी आर्जनको हो भनी प्रमाणित गर्ने कुनै प्रमाण प्रस्तुत हुन नसकेको एवं पुनरावेदन अदालतले उक्त जग्गाहरू बण्डा गर्ने गरी गरेको फैसलाउपर सम्बन्धित व्यक्तिको पुनरावेदन परेको नदेखिएको अवस्थामा असम्बन्धित व्यक्ति लक्ष्मी बाडेको पुनरावेदनको रोहबाट विचार गरि रहने नपर्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल चैत ३० गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-CI-०४७६, जग्गा खिचोला, *सीता गिरी वि. तुलादेवी कँडेल*

वादी प्रतिवादीको सीमाना जोडिएको जग्गामा वादीको जग्गा बढी भएको र प्रतिवादीको जग्गा घटी भएको अवस्थामा खिचोला गरेको भनिएको जग्गा बाहेक गर्दा समेत वादीको जग्गा पुगेकै देखिँदा सँगै सीमाना जोडिएर रहेका जग्गामा कसैले आफ्नो जग्गाधनी पूर्जामा भएको क्षेत्रफलभन्दा बढी जग्गा भोगचलन गर्नु र कसैले आफ्नो जग्गाधनी पूर्जामा भएको जग्गाभन्दा घटी जग्गा भोगचलन गर्नुलाई न्यायोचित मान्न सकिँदैन । सो हुँदा घटी भएको जग्गावालाले बढी भएको जग्गावालाको जग्गा मिची खिचोला गरेको भन्नु न्यायसँगत हुने नदेखिने ।

ट्रायल चेकबाट वादीको जग्गा पुगेको, प्रतिवादीले तारवार लगाई भोगचलन गर्दै आएको तथा वादीले आफ्नो दावी पुष्टि गर्न नसकेको समेतबाट वादी दावीबमोजिम प्रतिवादीले वादीको ०-०-१ जग्गा खिचोला गरेको मान्न नसकिने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०६७ साल फागुन ११ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५-CI-०७५१, जग्गा खिचोला मेटाई घर हटाई चलन, *मनेश यादव वि. गणेशप्रसाद यादव*

मोरङ्ग जिल्ला अदालतबाट मिति २०६२।१२।२५ मा भएको नक्सा मुचुल्कामा मिति २०४८।९।२ मा भएको नक्सामा भएका घरभन्दा एक घर (नक्सा नं. ८ को घर) बढी बनेको देखिन्छ । सो हुँदा वादी दावीबमोजिम प्रतिवादीले वादीको जग्गामा थप एक घर बनाई खिचोला गरेको देखिन्छ । यसरी आफ्नो हक नै नपुग्ने जग्गामा बनाएको घर भत्काउनु नै पर्ने हुन्छ । हक नै नभएको जग्गामा बनाएको घर हटाई सम्बन्धित जग्गावाला वादीले नै सो जग्गाको भोगचलन गर्न पाउनु न्यायोचित देखिने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०६७ साल फागुन ११ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५-CR-०१६५, कर्तव्य ज्यान, *पदमबहादुर जुगजाली मगर वि. नेपाल सरकार*

अन्य प्रत्यक्ष वस्तुगत प्रमाणको सर्वथा अभाव रहेको स्थितिमा केवल मौखिक प्रमाणको आधारमा अपराधी घोषित गर्न अदालतले अत्यन्त संयमता अपनाउनु पर्दछ । मौखिक प्रमाण दिने व्यक्ति स्वयंले देखेको, सुनेको र अनुभव गरेको कुरा भरपर्दो देखिएमा मौखिक प्रमाणले पनि उत्तम प्रमाणको रूप ग्रहण गर्न सक्तछ । तर शंकाको भरमा गरिएको अभिव्यक्तिलाई

न्यायको रोहमा विश्वास गरिहाल्न मिल्दैन। तसर्थ प्रमाणको विश्लेषण नगरी मनोगतरूपमा दोषी ठहर गरी प्रतिवादीलाई सजाय गर्न नमिल्ने ।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल चैत २ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-CR-०३८९, कर्तव्य ज्यान, *विमलेश चौधरी समेत वि.नेपाल सरकार*

किटानी जाहेरी दरखास्त तथा बकपत्र, प्रत्यक्षदर्शी व्यक्ति रानीकुमारीले गरेको कागज तथा निजले गरेको बकपत्र, मौकाका व्यक्तिहरूले गरेको कागज तथा बकपत्र, घटनास्थल तथा लासजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनलगायतका प्रमाणहरूबाट राजेश चौधरीको मृत्यु प्रतिवादीहरू विमलेश चौधरी र सुभद्रादेवी चौधरीको कर्तव्यबाट भएको तथ्य स्थापित हुन आएको हुँदा प्रतिवादीहरू इन्कार रहे पनि अन्य स्वतन्त्र प्रमाणबाट निज प्रतिवादीहरूले राजेश चौधरीलाई छुरा प्रहार गरी घाइते बनाएका र उपचारको क्रममा निजको मृत्यु भएको र यी प्रतिवादीहरू शंकारहित तवरबाट कसूरदार भएको पुष्टि हुन आउने।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल चैत २ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५-CR-०६८५, जीऊ मास्ने बेच्ने, *जगरूप महरा चमार वि. नेपाल सरकार*

ऐनमा प्रयुक्त शब्द र भाषा स्पष्ट छन् भने तिनको अन्यथा व्याख्या गर्ने ठाउँ रहँदैन। कानून कुन दुष्कृतिले रोक्न आएको छ, त्यसको निर्क्यौल नगरी गरिने कानूनको व्याख्या एकांगी हुन पुग्दछ। जीऊ मास्ने बेच्ने ऐनको प्रयोग केवल स्वास्नी मानिसका विरूद्ध हुने अपराधका लागि मात्र हुने अर्थ गर्दा ऐनको दफा ४ को उल्लंघन हुने मात्र नभई सो कानूनको उद्देश्य नै धराशायी हुने।

बयान प्रमाणित भइसकेको पीडितलाई अदालतले पछि झिकाइनु भनेको कुनै कुरामा थप प्रष्टताको अपेक्षा हो। तत्कालै बयान प्रमाणित गरिने कानूनी अवस्थामा पीडित वा जाहेरवाला पछि अदालतमा उपस्थित भएनन् भन्दैमा अदालतद्वारा प्रमाणित भएको पीडितको बयानमा लेखिएको कुरा अन्य प्रमाणद्वारा समर्थित भइरहेको अवस्थामा अन्य सामान्य मुद्दामा सरह अमान्य गर्न नमिल्ने।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल चैत २ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री कमलनारायणदास,** ०६४-CI-०३२७, लेनदेन, *स्वर्णशीलादेवी तिवारी वि. मिथिलेश देवी*

वादी प्रतिवादीहरूका बीचमा लेनदेन भएको र ऋणको भाखा नाघी सकेपछि साँवा ब्याजको भुक्तानी माग गर्ने हो वा धितोको रूपमा दृष्टि बन्धक दिएको सम्पत्ति नै भोग गर्ने भन्ने कुरा ऋण दिने धनीको स्वेच्छामा भर पर्ने कुरा हो। लेनदेनको ३ नं. मा उल्लिखित भाखा नाघेको २ वर्षको हदम्याद केवल दृष्टिवन्धक रहेको सम्पत्ति भोगचलन गर्न नदिएमा चलन चलाई माग्नको लागि अदालत प्रवेश गर्ने समय सीमामात्र हो। यो दुई वर्षको समय सीमाको आधारमा ऋण तिर्न भाखा नाघेपछि उक्त ऋणको साँवा ब्याज असूलउपर गर्ने गराउने कार्यको लागि ऋण दिने साहु अर्थात् धनीलाई अदालत प्रवेश गर्नबाट बन्देज गर्ने कार्य मुलुकी ऐन, लेनदेनको व्यवहारको १५ नं. को व्यवस्था समेतको विपरीत हुन जान्छ। दृष्टिवन्धक राखेको सम्पत्ति २ वर्षभित्र चलन गरिसक्नु पर्ने अन्यथा सो बिगो कपाली सरह हुने छ भन्ने कानूनी व्यवस्थाको आधारमा सो अवधि ननाघ्दै फिराद परेको भन्ने आधारमा भाखा नाघी सकेको ऋणको साँवाब्याज भराउन पर्नेमा वादी दावी नै खारेज गर्नु उक्त १५ नं. को व्यवस्थाको विपरीत हुने।

ऋणको भाखा नाघेपछि लिनु दिनु गरेको ऋण असूलउपरको लागि धनी जहिलेसुकै अदालतमा फिराद गर्ने लागायत अन्य कानूनी उपचार माग गर्न स्वतन्त्र छ। वादीले दिएको ऋण प्रतिवादीले १ वर्षभित्र तिर्नु बुझाउनु पर्ने शर्त राखी रकम लिनुदिनु गरेको र सो अवधि व्यतीत भई सकेपछि असामीले रकम नदिएपछि सो असूलउपर गर्नको लागि कानूनले तोकेको निकायमा फिराद गर्न सक्ने।

इजलास अधिकृतः अम्बिका निरौला
इति संवत् २०६७ साल फागुन १९ गते रोज ५ शुभम्।

## रायबाझी फैसला

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६७-WH-००७१, बन्दीप्रत्यक्षीकरण, *रामदेव यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

**मा.न्या.श्री रामकुमार प्रसाद शाहको रायः**

दिन सक्ने आर्थिक हैसियत भन्दा बढी धरौट माग्नु र सो धरौट तिर्न नसकेको भनी थुनामा बस्न बाध्य गराउनु अथवा थुनामा पठाउने प्रवृत्त धारणा वा पूर्वाग्रह राखी अभियुक्तको आर्थिक हैसियतभन्दा निकै बढी धरौट वा जमानत माग्नु वा मुद्दाको प्रकृति वा व्यहोर्नु पर्ने क्षति भन्दा अतिशय बढी धरौट माग गर्नु पनि अप्रत्यक्ष रूपमा थुनामा पठाउने अवस्था उत्पन्न गराउनु हो र ती कार्यहरू गैरकानूनी थुना नै हुन् र यस्ता थुना बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्ने प्रमुख आधार हुने।

प्रवृत्त धारणा वा पूर्वाग्रह राखी निवेदकलाई जसरी भए पनि थुनामा राख्ने दुराशयले निज निवेदकले दिन सक्ने आर्थिक हैसियत विचार नगरी अतिशय बढी रकम धरौट माग्ने गरी आदेश गरेको र निवेदकले सो माग गरेको धरौट दिन नसकेको र निज थुनामा रहेको देखिँदा त्यसरी पूर्वाग्रह राखी थुनामा पार्ने उद्देश्यले धरौट रकम तोकेको र सो धरौट रकम तोक्दा उपर्युक्त कानूनबमोजिमको आधार र वस्तुगत कारण समेत सो आदेशमा उल्लेख गरेको नदेखिँदा तथा कानूनमा नभएको "हुन सक्ने कैद जरीवाना बापत्" भनी आधार उल्लेख गरी धरौट अङ्क तोकेको अवस्थामा प्रवृत्त धारणा एवं कानूनको त्रुटिपूर्ण प्रयोग गरी गरेको आदेशबाट निवेदकको संविधान प्रदत्त वैयक्तिक स्वतन्त्रतासम्बन्धी मौलिक हक अनुचित र गैरकानूनी रूपमा हनन् भएकोले निज बन्दीको हकमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिदिने।

**मा.न्या.श्री प्रेम शर्माको रायः**

धरौटको अङ्क बढी तोकिएको भन्ने जिकीर गर्दैमा त्यसैका आधारमा निजले अवलम्बन गरेको कानूनी उपचारको मार्गलाई अपर्याप्त वा प्रभावहीन भन्ने निष्कर्षमा पुग्ने हो भने त्यसले साधारण अधिकारक्षेत्रअन्तर्गत न्याय निरूपण भएका प्रत्येक विषयलाई असाधारण अधिकारक्षेत्रको विषयवस्तु बनाउने प्रवृत्तिलाई प्रोत्साहन मिल्छ। जुन रिट क्षेत्राधिकारको सिद्धान्त र मुद्दाको अन्तिमता (Finality of Judgement) को सिद्धान्तको समेत विपरीत हुन जान्छ र साथै रिटले Correctional Power को स्वरूप धारण गर्न हुँदैन भन्ने मान्यता समेत समाप्त हुन जाने।

साधिकार निकाय जिल्ला अदालतबाट पुर्पक्षको लागि धरौट माग गरेकोमा सो आदेशलाई पुनरावेदन अदलत पाटनबाट समेत सदर गरेको कार्य कानूनसँगत नै देखिँदा कानूनबमोजिम भएको कामकारवाहीबाट निवेदकको संविधान एवं कानूनप्रदत्त हकाधिकार हनन् भएको नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने।

सहयोगी माननीय न्यायाधीशको छुट्टै राय भएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम (१) को खण्ड (क) बमोजिम पस्तुत निवेदन पूर्ण इजलासमा पेश गर्ने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः सुदीप पञ्जानी

इति संवत् २०६८ साल जेठ ५ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ३३१२, उत्प्रेषणयुक्त परमादेश, *चित्रदेव जोशी वि. सर्वोच्च अदालत समेत*

**मा.न्या.श्री रामकुमार प्रसाद शाहको राय :**

एउटा आधारमा कारवाही, छानबीन र अभियोग लगाई स्पष्टीकरण माग गरिएको छ भने अर्को आधार र अभियोगमा पदमुक्त गर्ने भनिएको देखिन्छ। अर्थात् खराब आचरण गरेकोले पदमुक्त किन नगर्ने भनी स्पष्टिकरण माग गरिएको र सोही आधार र अभियोगमा पदमुक्त नगरी कार्यक्षमताको अभाव देखाई पदमुक्त गर्न सिफारिश गर्ने निर्णय गरेको न्याय परिषद्को निर्णयबाट देखिन्छ। यसबाट जुन अभियोगमा पदमुक्त गरिएको हो सो अभियोगका सम्बन्धमा अर्थात् कार्य क्षमताको अभाव सम्बन्धमा स्पष्टीकरण माग गरिएको देखिँदैन। जुन अभियोगमा पदमुक्त गरिएको सो अभियोगका सम्बन्धमा सफाई पेश गर्ने मौका नदिई पदमुक्त गरिएमा सो कार्य स्वच्छ सुनुवाइको सिद्धान्तको प्रतिकूल एवं प्राकृतिक न्याय सिद्धान्तको विपरीत हुन जान्छ। सफाइको समुचित र

पर्याप्त मौका नदिई कसैको विरूद्ध निर्णय गर्न न्यायसँगत नहुने मात्र नभई सो निर्णय आत्मपरक एवं स्वेच्छाचारी हुन जान्छ। कुनै सावजनिक पदाधिकारीले कुनै राष्ट्र सेवकलाई बर्खास्त गर्ने निर्णय गर्दा जुन अभियोगमा सजाय गर्न लागिएको हो सो अभियोगका सम्बन्धमा सफाइको मौका दिई सो सम्बन्धमा स्पष्टीकरण मागी निजले दिएको स्पष्टीकरण सन्तोषजनक नभए मात्र बर्खास्त गर्न न्यायसँगत एवं यस अदालतबाट विभिन्न मुद्दामा प्रतिपादित न्यायिक सिद्धान्त अनुकूल हुन्छ। सो नभए नगरे आत्मनिष्ठ, मनोगत एवं स्वेच्छाचारी निर्णय हुन जाने र यस्तो निर्णय बदरभागी समेत हुने।

अतः एउटा अभियोगमा स्पष्टीकरण माग गरी अर्को अभियोगमा पदमुक्त गर्ने सिफारिश गरेको र जुन अभियोगमा पदमुक्त गर्ने सिफारिश गरिएको छ सो अभियोगका सम्बन्धमा सफाइको मौका दिएको नदेखिएकोले निज निवेदकलाई पदमुक्त गर्न सिफारिश गर्ने आधार स्वच्छ सुनुवाइको सिद्धान्त प्रतिकूल एवं प्राकृतिक न्याय सिद्धान्त विपरीत भई सो निर्णय कानूनसम्मत एवं यस अदालतबाट प्रतिपादित न्यायिक सिद्धान्त अनुकूल समेत नहुँदा निवेदकलाई पदमुक्त गर्न सिफारिश गर्ने गरी मिति २०६२।१०।२३ मा न्याय परिषद्बाट भएको निर्णय र तत्सम्बन्धी सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने।

**मा.न्या.श्री भरतराज उप्रेतीको राय :**

पदमुक्त गर्ने गरी भएको कामकारवाही संवैधानिक तथा कानूनी व्यवस्थाबमोजिम विधिसम्मत रूपमा भएको गरेको देखिन्छ भने निवेदकको मागबमोजिम निवेदकलाई पदमुक्त गर्ने गरी न्याय परिषद्बाटश्री ५ मा सिफारिश गर्ने भनी २०६२।१०।२३ मा भएको निर्णय बदर गरिपाऊँ भन्ने यी रिट निवेदकले दावी लिएको देखिँदैन। तर निवेदकलाई पदमुक्त गर्ने निर्णयश्री ५ बाट भएको, न्याय परिषद्बाट सिफारिश मात्र भएको र परिषद्को उक्त निर्णय स्वयम् कार्यान्वयन हुने प्रकृतिको समेत नभई केवल सिफारिश मात्र हुने र निवेदकलाई पदमुक्त गर्ने बारेमा परिषद्ले गरेको निर्णयश्री ५ बाट स्वीकृत गर्ने निर्णय भएपछि मात्र यी निवेदक पदमुक्त भएको भन्ने कुरा तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९१(३) मा गरिएको व्यवस्थाबाट स्पष्ट हुने हुँदा तत्कालीनश्री ५ बाट भएको निर्णय बदर हुन सक्ने अवस्था नदेखिने।

अधिकार प्राप्त निकायलाई कानूनमा निर्धारित प्रक्रिया अवलम्बन गरी निवेदकलाई पदमुक्त गर्ने बारेमा भए गरेको निर्णय तथा कारवाहीमा यस अदालतले हस्तक्षेप गर्न सक्ने अवस्था समेत देखिएन। न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को (घ) अनुसार मुद्दाको कारवाही वा निर्णय गर्दा प्रयोग नै हुन नसक्ने कानूनको प्रयोग गरी सो कारवाही वा निर्णयमा अनुचित असर पुऱ्याएमा कार्य क्षमताको अभाव रहेको मानिने भन्ने व्यवस्था रहेको र निवेदकले माथि उल्लिखित मुद्दामा कानूनको प्रतिकूल हुने गरी र प्रयोग नहुने कानूनको प्रयोग गरी आदेश गरेको देखिएको भन्ने आधारमा न्याय परिषद्बाट २ पटक सचेत समेत गराई सकिएको र यसरी सचेत गराउने निर्णयमा यी निवेदकले चित्त बुझाई बसेको अवस्था समेत देखिँदा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा २ (घ) अनुसार निज प्रतिवादीलाई कार्यक्षमताको अभावमा गरिएको कारवाही कानूनसंगत देखिने।

माननीय न्यायाधीश श्री रामकुमारप्रसाद शाहको पृथक राय रहेकोले प्रस्तुत रिट निवेदन सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३ को उपनियम (१) (क) बमोजिम पूर्ण इजालसमा पेश गर्नुपर्ने।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल मंसिर १२ गते रोज १ शुभम्।

## अन्तरिम आदेश

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७ सालको रिट नं. WO-०९२०, उत्प्रेषण समेत, *केशवमान अमात्य वि. राहुघाट हाइड्रो पावर प्रोजेक्ट दरवारमार्ग समेत*

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री वैद्यनाथ उपाध्यायको आदेशः**

नेपाल सरकार र Export Import Bank of India बीच Road Projects, Rural Electrification Projects, Power Transmission Projects र Hydro Power Projects को क्षेत्रमा सहयोग गर्नेसम्बन्धी विषयमा सम्झौता भएको र सो कर्जा सम्झौताको ३ नं.

मा Consultancy भारतबाट लिनुपर्ने शर्त राखिएको र सोही शर्तमा कम ब्याजदरमा सहुलियत ऋण प्रवाह भई आएको देखिएको र नेपाल विद्युत प्राधिकरण आर्थिक प्रशासन विनियमावली ७१(२) ले स्वदेशी सल्लाहकार बढी संलग्न गर्नुपर्ने व्यवस्था राखे पनि दातृ पक्षको मार्ग निर्देशन तथा सम्झौताअनुसार विदेशी सल्लाहकार नियुक्त गर्न यस विनियमले बाधा पार्ने छैन भन्नुको अतिरिक्त सार्वजनिक खरीद ऐन, २०६३ को ६७(१)(ख) मा नेपाल सरकार र दातृ पक्षबीच भएको सम्झौताबमोजिम वस्तु तथा सेवा खरीद हुन सक्ने प्रावधान पनि रहेको देखिन्छ। विकास निर्माण कार्य रोक्न हुने नहुने भन्ने सम्बन्धमा सुविधा सन्तुलनको दृष्टिबाट पनि दुई पक्षबीच एक किसिमको शर्त राखी सम्झौता गरी सहुलियत कर्जा लिई रकम आइसकेपछि अब सो शर्तअनुसार गर्न इन्कार गर्दा सम्झौता भंग हुने स्थिति सिर्जना हुने भै आएको ऋण फर्किने अवस्था उत्पन्न हुने भएकाले विकास कार्य अवरूद्ध हुने स्थिति देखिएको अवस्थामा सुविधा सन्तुलनको दृष्टिबाट पनि अन्तरिम आदेश जारी गर्न नहुने देखिन आयो। तसर्थ तत्काललाई सुविधा सन्तुलनको दृष्टिलाई समेत मनन गर्दा निवेदन मागअनुरूप अन्तरिम आदेश जारी गर्नु नपर्ने।

**मा.न्या.श्री सुशीला कार्कीको आदेश:**

यसमा राहुघाट विद्युत परियोजनाको लागि DPR सहित आयोजनाको प्रोपेजल तयार गर्ने समेतको परामर्श सेवा (Consultant) प्रदान गर्न इच्छुक र योग्य कम्पनी संस्थाबाट आशयपत्र पेश गर्न नेपाल विद्युत प्राधिकरणले मिति २०६६।११।७ मा सूचना प्रकाशन गरेकोमा निवेदक संस्थासँग आवद्ध रहेका संस्था वा कम्पनीहरूको दर्खास्त परेकोमा नेपाल विद्युत प्राधिकरणले २०६७६।७ मा शर्त लिष्टमा छनोट गरिसकेको अवस्थामा सो सूचना रद्द गर्नुपर्ने कुनै कारण नदिई बिना कारण सो सूचना २०६७।७।१८ मा बदर गरी पुन: २०६७।८।१ मा सूचना प्रकाशन गरेको देखिन्छ। २०६८।८।१ मा सूचना प्रकाशन गर्दा विभिन्न शर्त राखी नेपाल बाहेक भारतीयले मात्र दरखास्त दिने व्यवस्था गरेको भएपनि सो सूचना पनि बदर गरी इण्डियन कम्पनीले मात्र भाग लिन पाउने गरी २०६७।९।२४ मा नयाँ सूचना प्रकाशित गरेको देखिन आयो। ऐ मिति २०६७।९।२४ (तदनुसार ८ जनवरी २०११) को सूचनाको ३ नं. मा प्रतिस्पर्धी कम्पनी भारतमा दर्ता भएको र त्यसमाथि पनि कम्तीमा ५१ प्रतिशत स्वामित्व भारतीयहरूको नै भएको संस्था वा कम्पनीले मात्र दरखास्त पेश गर्न पाउने व्यवस्था गरेको हुँदा सो व्यवस्थाले नेपालका व्यवसायीहरूले राहुघाट जलविद्युत परियोजनामा सहभागी हुन नपाउने स्थिति उत्पन्न भै नेपालका नागरिकलाई नेपालको अन्तरिम संविधान, २०६३ को दफा १२(३)च ले प्रदान गरेको पेशा रोजगार गर्न पाउने हक धारा १३ ले प्रदान गरेको समानताको हकमा आघात पुऱ्याएको देखिन आयो।

सार्वजनिक खरीद ऐन, २०६३ को दफा २९(१) र २९(२) मा "दातृ पक्षसँगको सम्झौताबमोजिम वैदेशिक सहायता स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्दा वा परामर्श सेवा खरीद गर्दा यस ऐनबमोजिमको कार्यविधि पूरा गरी खरीद गर्नुपर्नेछ" भन्ने किटान व्यवस्था छ र दफा ७५(२) मा नेपालमा "सार्वजनिक निकायहरूको खरीदसम्बन्धी कानूनी व्यवस्था यो ऐनसँग बाझिएको हदसम्म यस ऐन अनुकूल हुने गरी स्वत: संशोधन भएको मानिनेछ" भन्ने अवस्था भएको देखिँदा सो व्यवस्थाहरू तथा सार्वजनिक खरीद नियमावली, २०६४ मा भएको व्यवस्था समेत अवलम्बन गरी कुनै पनि सार्वजनिक संस्थाले खरीद बिक्री र परामर्श सेवा लिनुपर्नेमा मुलुकको संविधान र कानूनविपरीत नेपालीलाई काम गर्न नदिने र नेपालभित्र भारतको कानून लागू हुने गरी ठेक्का सम्पन्न गर्ने भन्ने सम्झौता गरी सोको आधारमा स्वदेशी फर्म कम्पनीलाई बाहेक गरी भारतीय कम्पनी र संस्थाहरूले मात्र बोलपत्रमा सहभागी हुन पाउने गरी नेपाल विद्युत प्राधिकरणले गरेको सूचना र सोअन्तर्गत गरेका कार्यले नेपालको अन्तरिम संविधान र नेपाल कानूनले निवेदक समेतलाई प्रदान गरेको मौलिक तथा कानूनी हकमा आघात पुग्ने प्रवल आशंका विद्यमान देखिएकोले यो निवेदनमा अन्तिम टुंगो नलाग्दासम्म मिति २०६७।९।२४ को सूचना र सो अन्तर्गत ठेक्का स्वीकृत गर्ने लगायतका कामकारवाही नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६८ साल बैशाख १५ गते रोज ५ शुभम्।

## अदालत गतिविधि

### पश्चिमाञ्चल विकास मञ्चका तर्फबाट वधाई तथा सम्मान अर्पण कार्यक्रममा सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूले मिति २०६८।२।०६ दिनु भएको मन्तव्य

नेपालको अन्तरिम संविधान, २०६३ अनुरूप सर्वोच्च अदालतको प्रधान न्यायाधीश पदमा नियुक्त भएको उपलक्ष्यमा यस पश्चिमाञ्चल विकास मञ्चको तर्फबाट मलाई वधाई दिदैं सम्मान समेत गर्ने कार्यक्रम आयोजना गरिएकोमा सम्पूर्ण मञ्च परिवारप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

गण्डकी, लुम्विनी र धवलागिरी अञ्चलका सम्पूर्ण जिल्लालाई समेटी सो क्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत शिक्षा, स्वास्थ्य, पर्यटन, साहित्य, कला आदिको विकास गर्ने पवित्र उद्देश्यले स्थापित यो मञ्चको तर्फबाट सदा झैं न्यानो माया पाउदा अत्यन्त्य गौरवान्वित भएको छु। साथै यहाँहरूले प्रदान गर्नुभएको सम्मानबाट आफ्नो कार्यक्षेत्रमा दृढ भएर लाग्ने थप प्रेरणा समेत मिलेको अनुभव गरेको छु।

पश्चिमाञ्चल विकास क्षेत्रको प्रतिनिधित्व गर्दै सामाजिक एवं सार्वजनिक क्षेत्रमा प्रतिवद्ध व्यक्तित्वहरूको यस गरिमामय उपस्थितिबाट यस विकास क्षेत्रले देश विकासका लागि आवश्यक दक्ष जनशक्तिको उत्पादन गरि सवैले आफ्नो कर्मक्षेत्रको माध्यमबाट जन्मथलोका साथै समग्र देशको प्रगतिको लागि अमूल्य योगदान पुऱ्याइरहेको देख्न पाउदा अत्यन्त्य खुसी लागेको छ। पहाडका कुना कन्दरादेखि तराईका देहात समेतबाट राजधानी आई आफ्नै बलवुताको माध्यमले सार्वजनिक जीवनका विभिन्न क्षेत्रमा गहनतम् योगदान पुऱ्याउन सफल हाम्रा हरेक कदमले पश्चिमाञ्चल विकास क्षेत्रको गौरव वढाइरहेको छ। भावी दिनमा समेत हाम्रा हरेक कामकारवाही देशको प्रगति तथा उन्नतितर्फ लक्षित रहुन् भनी यहाँहरू समक्ष शुभकामना व्यक्त गर्दछु। यसो भएमा मात्र हामीले जननी जन्मभूमिश्च स्वर्गादपी गरीयसीको मर्मलाई आत्मसात गरेको ठहर्छ भन्ने मलाई लागेको छ।

राष्ट्रसेवकको रुपमा विगत चालीस वर्षदेखि कानून क्षेत्रमा लागि यसैको माध्यमबाट जनतालाई शुद्ध एवं निष्पक्ष न्याय प्रदान गर्ने कार्यमा मैले आफूलाई समर्पित गर्दै आएको व्यहोरा यहाँहरूमा विदितै छ। भविष्यमा पनि आफ्नो जीवन यही क्षेत्रमा समर्पण गर्ने प्रण गरेको छु। हालसम्मको न्याय सम्पादनको क्रममा मलाई विभिन्न क्षेत्रबाट हौसला एवं प्रेरणा प्राप्त हुँदै आएको छ। यसक्रममा यस पश्चिमाञ्चल विकास मञ्चको तर्फबाट प्राप्त प्रेरणाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

राज्यका अन्य निकाय जस्तै वर्तमान समयमा न्यायपालिकाले पनि विभिन्न चुनौतीको सामना गरिरहनु परेको छ। मुद्दाको कारवाही एवं फैसला कार्यान्वयनमा ढिलाई, सबै वर्गका जनताको न्यायमा सहज पहुँचको अभाव तथा विभिन्न प्रकारका विकृति एवं विसंगतिहरू न्यायपालिकाको मूलभूत चुनौतीको रुपमा देखिएका छन। यी चुनौतीहरूलाई किनारा लगाई न्याय सम्पादनमा शीघ्रता ल्याई फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा भ्रष्टाचार, अनियमितता, विकृति, विसंगति हुन नदिन विभिन्न उपायहरूको अवलम्बन गर्ने जमर्को गरेको छु। तर यी उपायहरूलाई मूर्तरुप प्रदान गर्ने कार्यमा केवल प्रधान न्यायाधीशको एक्लो प्रयास मात्र पर्याप्त नहुने हुदा यसका लागि सवै क्षेत्रबाट सहयोगको सदैव आवश्यकता रहन्छ। यस्तो सहयोग जुटाई सवैलाई शुद्ध एवं निष्पक्ष न्याय प्रदान गर्ने पवित्र कार्यमा पश्चिमाञ्चल विकास मञ्चको तर्फबाट पनि सदा झै भरपुर सहयोग प्राप्त हुने छ भन्ने अपेक्षा गरेको छु।

अन्त्यमा, हामी सवैले आफ्नो क्षमताअनुरूप सार्वजनिक क्षेत्रमा योगदान पुऱ्याउने कार्यमा आफूलाई समर्पित गर्न सक्यौं भने पश्चिमाञ्चल विकास क्षेत्र लगायत समग्र नेपालको विकासले द्रुत गति लिनेतर्फ उपस्थित सम्पूर्ण महानुभावहरूको ध्यानाकर्षण गराउँदै आगामी दिनमा हामी सबैका कार्यहरू यही दिशातर्फ उन्मुख रहुन् भन्ने शुभकामना व्यक्त गर्दछु। यस बधाई तथा सम्मान कार्यक्रममा आमन्त्रण गरी मलाई समेत बधाई दिँदै सम्मान गरी छोटो मन्तव्य राख्ने अवसर प्रदान गर्नु भएकोमा पुनः आयोजक तथा उपस्थित सम्पूर्ण महानुभावहरूमा धन्यवाद ज्ञापन गर्दै यहाँहरूबाट विदा हुन चाहन्छु।

धन्यवाद !

## फैसला कार्यान्वयन निर्देशनालय र न्यायक्षेत्र समन्वय समितिको संयुक्त तत्वावधानमा आयोजित रणनीतिक योजना तथा आदेश र फैसला कार्यान्वयनमा सरोकारवालाहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूले प्रमुख अतिथिको रुपबाट मिति २०६८।२।२० मा दिनु भएको मन्तव्य

फैसला कार्यान्वयन निर्देशनालय तथा केन्द्रीय न्याय क्षेत्र समन्वय समितिद्वारा संयुक्तरुपमा आयोजित "**रणनीतिक योजना तथा आदेश र फैसलाको सफल कार्यान्वयनमा सरोकारवालाहरूको भूमिका**" विषयक यस अन्तरक्रिया कार्यक्रमको प्रमुख अतिथिको रुपमा आतिथ्यता ग्रहण गर्न आमन्त्रण गरी सम्बोधन गर्ने अवसर समेत प्रदान गर्नु भएकोमा सर्वप्रथम आयोजकहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

प्रस्तुत कार्यक्रममा निर्धारण गरिएको विषय ज्यादै सान्दर्भिक एवं महत्वपूर्ण रहेको छ भन्ने मलाई लागेको छ। यस कुरालाई यहाँहरूको उपस्थिति र उत्साहपूर्ण सहभागिताले नै पुष्टी गरेको छ। न्यायपालिकाको समग्र सुधारका लागि यो कार्यक्रम अत्यन्त उपयोगी हुने कुरामा पनि म विश्वस्त छु।

न्यायिक काम कामकारवाहीलाई पनि योजनाबद्ध विकास प्रक्रियासँग आवद्ध गरी वैज्ञानिक रुपमा अघि बढाउने अठोटकासाथ प्रारम्भ गरिएको योजनाबद्ध अभियानको क्रममा हाल हामी न्यायपालिकाको दोस्रो रणनीतिक पञ्चवर्षीय योजना कार्यान्वयनको चरणमा रहेका छौं। विगतको पहिलो तथा चालु दोस्रो योजनामार्फत् न्यायपालिकाले आफूलाई स्वतन्त्र, सक्षम, कम खर्चिलो, छिटोछरितो, प्रभावकारी, सहज पहुँचयुक्त र जनआस्थामा आधारित प्रणालीमा ढाल्दै मानव अधिकार संरक्षण र कानूनको शासनको माध्यमद्वारा सबैको निम्ति न्याय सुनिश्चित गर्ने आफ्नो परिदृश्य (Vision) निर्धारण गरेको छ। यसैका आधारमा हामीले न्यायपालिकाको परिलक्ष्य (Mission) र न्यायिक मूल्यहरू (Values) निश्चित गरेका छौं। रणनीतिक योजनाले निर्धारण गरेका उल्लिखित परिदृश्य, परिलक्ष एवं मूल्यमान्यताहरूलाई सार्थकता प्रदान गर्न न्यायपालिकाको एक्लो प्रयास मात्र पर्याप्त नहुने हुँदा सदा झैं यहाँहरूका तर्फबाट सक्रिय सहयोग प्राप्त हुने अपेक्षा मैले गरेको छु। न्यायपालिका र यसका सरोकारवालाहरू सबैको एकीकृत प्रयासबाट मात्र हामीले जनतालाई शुद्ध, निष्पक्ष एवं शीघ्र न्याय प्रदान गर्न सफलता हासिल गर्न सक्छौं भन्नेतर्फ यहाँहरूको ध्यानाकर्षण गराउन चाहन्छु।

न्यायपालिकाको मुख्य काम नै विवादको न्यायपूर्ण समाधान गर्नु हो। यसले मुद्दा मामिलाको रोहमा फैसला वा आदेश सुनाउँछ, तर ती निर्णय/आदेश सुनाउनु मात्र पर्याप्त हुँदैन, त्यसको सफल कार्यान्वयनबाट मात्रै न्यायले सार्थकता हासिल गर्दछ। यथार्थमा भन्नु पर्दा न्यायिक अधिकार न्यायपालिकामार्फत प्रयोग हुने भए पनि न्यायपालिकाले एकांगी रुपमा त्यसलाई अगाडि बढाउन सक्दैन भन्ने कुरा हामीले बुझेका छौं। न्यायिक कार्यमा सरोकारवालाहरू सबैको साथ, सहयोग र सहकार्य आवश्यक छ भन्ने यथार्थबोध गरेर नै न्यायक्षेत्र समन्वय समितिको अवधारणा ल्याइएको हो। न्यायक्षेत्र समन्वय समितिलाई हामी सबैको साझा मञ्चका रुपमा विकास गरी त्यसका माध्यमबाट विद्यमान समस्याहरूको समाधान गर्दै अघि बढ्न सकिने पर्याप्त सम्भावनाहरू देखिएका छन्।

मुद्दा मामिलाको रोहमा अदालतले दिएको कुनै पनि आदेश वा निर्णय सबैले पालना गर्नुपर्छ, यो संवैधानिक व्यवस्था हो। न्यायिक निर्णय वा आदेश विरुद्ध हुने कुनै पनि प्रकारका अस्वस्थ्यकर टिप्पणी एवं गतिविधिलाई लोकतन्त्र एवं स्वतन्त्र न्यायपालिकाको मर्यादा प्रतिकूल मानिन्छ। यस्ता गतिविधिले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाबाट विवाद निरोपण गरी न्याय पाउने नागरिकको हकलाई समेत संकुचित र अबरुद्ध पार्दछ। अदालतका फैसला तथा आदेशहरूले व्यक्तिको अधिकार सँगसँगै समुदायको अधिकार र सामाजिक आवश्यकतालाई समेत सम्बोधन गरेका हुन्छन्। त्यसैले जनताप्रति उत्तरदायी सरकारले यस्ता फैसला तथा आदेश कार्यान्वयनलाई सदा उच्च प्राथमिकतामा राख्नु अपरिहार्य हुन्छ। यो नै कानूनी राजको सिद्धान्तको मूल मर्म हो र यही मर्मलाई नेपालको अन्तरिम संविधान, २०६३ ले पनि आत्मसात् गरेको छ।

वर्तमान संविधानको धारा १०७ को उपधारा (१) बमोजिम कानूनको संवैधानिकता परीक्षण गर्ने अधिकार सर्वोच्च अदालतमा निहित रहेको छ। त्यसैगरी उपधारा (२) बमोजिम संविधान प्रदत्त मौलिक हकका साथै कानूनी

हकको प्रचलन गराउने र सार्वजनिक हित र सरोकारको विवादको टुंगो लगाउने असाधारण अधिकारको प्रयोग सर्वोच्च अदालतले गर्दछ। यस प्रयोजनका लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्तछ। यसैगरी न्याय प्रशासन ऐन २०४८ ले पुनरावेदन अदालत र जिल्ला अदालतलाई समेत विभिन्न प्रकृतिका रिट निवेदनहरूको सुनुवाई गर्ने अधिकार प्रदान गरेको छ। उल्लिखित संवैधानिक एवं कानूनी व्यवस्थाका आधारमा सर्वोच्च अदालतलगायत मातहतका अदालतमा रिट निवेदनहरू दायर हुँदै आएका छन्। यस्ता निवेदनहरूमार्फत उठाइएका विषयवस्तुको गम्भीरता एवं त्यसले उठाएका आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय पक्ष जस्ता विषयमा गहनतम् अध्ययन एवं विश्लेषण गर्दै कतिपय निवेदनमा अदालतबाट दावीअनुरूप रिट जारी गरिएको छ भने कतिपय अवस्थामा नेपाल सरकारलगायत निवेदनमा विपक्षी बनाईएका व्यक्ति वा निकायको नाममा निर्देशनात्मक आदेशहरू पनि जारी गरिएका छन्। तर अदालतमा दायर भएका रिट निवेदनको अनुपातमा आदेश जारी भएका रिट निवेदनको सँख्या अत्यन्त न्यून छ। यहाँहरू सबैलाई म के अवगत गराउन चाहन्छु भने न्यायपालिकाले निर्देशनात्मक आदेशहरू जारी गर्दा सदैव उसले न्यायिक सक्रियता र न्यायिक आत्मसंयमबीच सन्तुलन कायम राख्न भरपुर प्रयत्न गर्ने गर्दछ। यसक्रममा उसले न्यायिक व्यवस्थापकीय मापदण्ड (Judicially Managable Standard), विधायिकी प्रज्ञा (Legislative Wisdom), राजनीतिक प्रश्नसम्बन्धी सिद्धान्त (Political Question Doctrine) जस्ता आधारभूत पक्षमा सधैं गम्भिरतापूर्वक ध्यान दिने गर्दछ। यस्ता महत्वपूर्ण चरणहरू पार गरी गहन छलफल, अध्ययन, विश्लेषण पश्चात गरिने फैसला तथा आदेशमा निहित विषयवस्तुले सदैव सरोकारवालाहरूको संवेदनशीलताको माँग गर्ने हुँदा यसतर्फ यहाँहरू सबैको ध्यानाकर्षण गराउन चाहन्छु।

हालसम्म न्यायपालिकाले आफूलाई प्राप्त असाधारण अधिकारक्षेत्रको प्रयोग गर्दै गरिएका फैसला, आदेश तथा निर्देशनहरूको प्रकृति हेर्दा यिनीहरू मूलत: संविधानसँग बाझिएका कानून खारेज, कानूनी रिक्तता परिपूर्तिका लागि नयाँ कानूनको निर्माण तथा मौजुदा कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका विषयमा केन्द्रित रहेका देखिन्छन्। कतिपय अवस्थामा कुनै निकाय वा अधिकारीको निष्कृयताबाट देखा परेको रिक्ततालाई पूर्ति गर्न पनि विभिन्न प्रकृतिका निर्देशनात्मक आदेशहरू जारी गर्ने गरेको पाइएको छ। यी आदेशहरूले मुख्यरुपमा आधारभूत मानव अधिकारको संरक्षण, लैगिक न्याय, आर्थिक विकास, भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन, सामाजिक साँस्कृतिक कुरीतिको अन्त्य, वातावरणीय न्याय जस्ता विषयलाई सम्बोधन गरी समग्रमा राष्ट्रिय हित अभिवृद्धि गर्ने प्रयत्न गरेको पाइन्छ। न्यायपालिकाद्वारा गम्भीरतापूर्वक विचार गरी जारी भएका यस्ता आदेशहरूलाई राज्यका अन्य अंगमाथिको हस्तक्षेपका रुपमा होइन कि शक्ति पृथकीकरणको मान्यताभित्र समाहित गरेर हेर्नु वाञ्छनीय हुन जान्छ। सार्वजनिक हितका लागि कुनै आग्रह पूर्वाग्रहविना जारी गरिएका यस्ता आदेशको प्रभावकारी कार्यान्वयन भएमा मात्र सामाजिक न्याय प्रवर्द्धन भै हामी सबैको हित हुने भएकाले हाम्रा भावी कदमहरू यसै विषयप्रति संवेदनशील रहनेछन् भन्ने अपेक्षा गरेको छु।

हालसम्मको हाम्रो अभ्यासलाई हेर्दा साधारण अधिकारक्षेत्रभित्रका मुद्दामा भएका फैसला कार्यान्वयनका लागि कानूनद्वारा अदालतभित्रै तहसील शाखाको स्थापना गरी प्राथमिक रुपमा अदालतलाई नै जिम्मेवार बनाएको पाइन्छ भने असाधारण अधिकारक्षेत्र अन्तर्गत जारी भएका आदेशहरूको कार्यान्वयनका लागि भने छुट्टै निकायको स्थापना भएको पाइदैन। तथापि यस विषयमा न्यायपालिका एवं नेपाल सरकारका तर्फबाट केही महत्वपूर्ण कार्यहरू भने भएको पाइन्छ। तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ ले सर्वोच्च अदालतलाई न्यायिक पुनरावलोकन लगायत विभिन्न प्रकृतिका रिट जारी गर्न सक्ने अधिकार प्रदान गरेअनुरूप सार्वजनिक हक हित वा सरोकार निहित रहेको विषयलाई सम्बोधन गर्न तथा नेपाली नागरिकको मौलिक तथा कानूनी हक संरक्षणार्थ थुप्रै आदेश जारी भै सकेको अवस्थामा पनि ती आदेश कार्यान्वयनका निमित्त कुनै ठोस संयन्त्र नभएको अवस्थालाई दृष्टिगत गरी सर्वोच्च अदालतको अग्रसरतामा प्रधान न्यायाधीश स्तरीय निर्णय गर्दै सर्वप्रथम २०५८ सालमा फैसला/आदेश कार्यान्वयन इकाई गठन गरिएकोमा सोलाई २०६० सालमा सर्वोच्च अदालत नियमावली, २०४९ मा गरिएको छैठौं संशोधनमार्फत सर्वोच्च अदालतको साधारण संरचनाभित्र नै अनुगमन

तथा निरीक्षण महाशाखाको स्थापना गरियो। तर जारी भएका निर्देशनात्मक आदेशको संख्यामा भएको वढोत्तरीको कारण सो महाशाखाबाट हुने कार्यसम्पादनले मात्र निर्देशनात्मक आदेशको कार्यान्वयनमा प्रभावकारीता नहुने महसूस गरी रिट निवेदनका सन्दर्भमा सर्वोच्च अदालतबाट जारी भएका अन्तिम आदेश एवं निर्णयको कार्यान्वयन भए नभएको अनुगमन गरी कार्यान्वयन गराउने, फैसला कार्यान्वयन सम्बन्धमा सरोकारवालाहरूसंग समन्वय कायम गर्ने, फैसला कार्यान्वयन सम्बन्धमा गर्नुपर्ने नीतिगत एवं कानूनी सुधारको विषयमा सर्वोच्च अदालतसमक्ष सुझाव पेश गर्ने समेतको जिम्मेवारी तोकी सर्वोच्च अदालत नियमावलीमा नै २०६७ सालमा एघारौं सशोधन गरी फैसला कार्यान्वयनसम्बन्धी केन्द्रीय निकायको रुपमा फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गरिएको छ। यसैगरी न्याय क्षेत्रका सरोकारवालाहरूबीच समन्वय कायम गरी फैसला कार्यान्वयन लगायतका न्यायिक कार्यलाई प्रभावकारी बनाउने उद्धेश्यले २०६१ सालमा न्यायक्षेत्र समन्वय समितिको समेत गठन भै सो समितिलाई सवैतहका अदालतमा विस्तार गरिएको छ। यसैक्रममा २०६१ सालमा नै न्यायपालिकाको प्रथम पञ्चवर्षीय रणनीतिक योजना लागू भई सो योजनामा अदालतबाट भएका निर्णय एवं अन्तिम आदेशको कार्यान्वयनको अवस्था हेर्न र समग्र फैसला कार्यान्वयन सम्बन्धमा नीतिगत व्यवस्था गर्नका लागि रणनीतिक उपाय समेतको प्रक्षेपण गरिएकोमा हाल चालु दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले पनि अदालतले गर्नुपर्ने मुख्य कार्यका रुपमा पहिचान गरिएका प्रमुख तीनवटा मूलकार्य मध्ये एकमा फैसला कार्यान्वयनलाई समेत समावेश गरिएको छ। यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम सम्माननीय राष्ट्रपतिज्यूद्वारा मलाई प्रधान न्यायाधीशको पदमा नियुक्त गरेपश्चात् भएको पदवहालीको अवसरमा मैले व्यक्त गरेको प्रतिबद्धतामा समेत फैसला कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकता दिई शिघ्रता प्रदान गर्ने उल्लेख भएको तथ्य यहाँहरूमा पुनः स्मरण गराउन चाहन्छु।

अदालतबाट भएका फैसला वा अन्तिम आदेशको कार्यान्वयनका लागि नेपाल सरकारको तर्फबाट पनि महत्वपूर्ण कार्यहरू भएको भन्ने प्रकाशमा आएको छ। यसक्रममा सर्वोच्च अदालतबाट २०६४ सालको रिट नं. १०७४ मा भएको आदेश कार्यान्वयन गर्ने सिलसिलामा मन्त्रिपरिषद्बाट २०६७।१।१७ मा अदालतको फैसला एवं आदेश कार्यान्वयन गर्ने प्रयोजनका लागि नेपाल सरकारका सवै मन्त्रालयहरूमा कानून तथा फैसला कार्यान्वयन शाखा/महाशाखा गठन गरी सो शाखा/महाशाखालाई सम्बन्धित मन्त्रालयको संगठन तालिकामा समावेश गर्ने र सो शाखा/महाशाखाको काम, कर्तव्य, अधिकार र कार्यविधिसम्बन्धी व्यवस्था स्पष्टरुपमा किटान गर्ने गरी भएको निर्णयलाई फैसला कार्यान्वयनको सन्दर्भमा गरिएको प्रभावकारी कदमको रुपमा लिएको छु। यसका लागि नेपाल सरकारका सम्बन्धित निकायहरूलाई धन्यवाद दिँदै मुख्य सचिवज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु।

अदालतबाट भएका फैसला तथा आदेशको प्रभावकारी कार्यान्वयन नहुँदा सम्म जनताले वास्तविक रुपमा न्याय पाएको अनुभूति गर्न सक्दैनन्। यसको अभावमा न्यायपालिका प्रतिको जनआस्था अभिबृद्धि हुन सक्दैन। तसर्थ यस्ता फैसला तथा आदेशको प्रभावकारी कार्यान्वयनलाई हामीले उच्च महत्व दिएका हौं। फैसला कार्यान्वयन निर्देशनालयबाट प्राप्त जानकारी अनुसार सर्वोच्च अदालतबाट जारी भएका आदेशहरू मध्ये कार्यान्वयनका लागि नेपाल सरकारका विभिन्न निकायहरूका नाममा जम्मा २३५ वटा आदेशहरू पठाएकोमा जम्मा ९७ वटा आदेश कार्यान्वयन भै १३८ वटा आदेश अझैसम्म पनि कार्यान्वयनको प्रतिक्षामा रहेको पाइएको छ। यस आधारमा केबल ४१.२७ प्रतिशत आदेश मात्र कार्यान्वयन भएको यथार्थ हाम्रा सामु छ। यसबाट सार्वजनिक हित एवं सरोकारको विषय लगायत अन्य मुद्दामामिलाको रोहमा अदालतले गरेको फैसला/आदेशको कार्यान्वयनको अवस्थाप्रति अझैसम्म पनि सन्तोष गर्ने स्थिति बन्न सकेको देखिँदैन। यही तथ्यलाई मनन् गरी फैसला एवं आदेशको कार्यान्वयन गर्ने क्रममा आइपरेका समस्याहरूको पहिचान गरी समस्या समाधानका उपाय पहिल्याउनुपर्ने आवश्यकता महसूस गरिएको छ। यसका लागि प्रारम्भिकरुपमा सरोकारवाला निकायको केन्द्रीय एवं नीतिगत तहमा कार्यरत उच्च पदाधिकारीहरूसँग अन्तरक्रिया गर्नुपर्ने आवश्यकता ठानिएको फलस्वरुप यहाँहरूलाई यस अन्तरक्रिया कार्यक्रममा आमन्त्रण गर्ने जमर्को गरिएको हो। यस कार्यक्रममा उपस्थित भै यहाँहरूले फैसला/आदेश कार्यान्वयन सम्बन्धमा व्यक्त गर्नु भएको प्रतिबद्धता, देखाउनु भएको सकारात्मक सोच र उत्साहपूर्ण सहभागिताका लागि न्यायपालिकाको तर्फबाट यहाँहरूमा हार्दिक धन्यवाद

व्यक्त गर्दै आगामी दिनमा नेपाल सरकारका सवै निकाय एवं पदाधिकारीबाट अदालतका फैसला एवं आदेशको प्रभावकारी रुपमा कार्यान्वयन गर्न महत्वपूर्ण सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

अन्त्यमा, फैसला वा आदेश कार्यान्वयन नभई पीडित पक्षलाई प्रदान गरिएको उपचार निजले उपभोग गर्न नपाएमा यस्ता फैसलाहरूको सार्थकता मात्र नरहने होइन ती केवल कागजी वाघको रुपमा परिणत हुन पुग्छन् । यसले न्यायपालिका लगायत समग्र राज्य संयन्त्र प्रतिको आम धारणामा नै नकारात्मक असर पर्नसक्नेतर्फ यहाँहरूको ध्यानाकर्षण गराउँदछु । यस अन्तरक्रिया कार्यक्रममा प्रस्तुत कार्यपत्र, सोमा गरिएका टिप्पणी तथा निकालिएको निचोडले निश्चय नै न्यायपालिकाको रणनीतिक योजना तथा अदालतको आदेश तथा फैसलाको प्रभावकारी कार्यान्वयनमा हामी सवै सरोकारवालाको तर्फबाट ठोस योगदान पुऱ्याउन मद्दत पुग्ने विश्वास मैले लिएको छु । यस अन्तरक्रिया कार्यक्रमलाई सफलतापूर्वक सञ्चालन गर्नु भएकोमा आयोजक तथा सहभागि व्यक्तित्वहरू प्रति पुनः धन्यवाद ज्ञापन गर्दै यहाँहरूबाट विदा हुन चाहन्छु ।

धन्यवाद !

## नेपाल बार एशोसिएशनको बनेपामा आयोजित ३६ औं कार्यकारिणी परिषद्को बैठक र आ.व. २०६६।०६७ को साधारण सभाको उदघाटनको अवसरमा सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूले प्रमुख अतिथिको रुपबाट मिति २०६८।२।२० मा दिनु भएको उद्घाटन मन्तव्य

काभ्रेपलाञ्चोक जिल्ला बार इकाईको आतिथ्यतामा नेपाल बार एशोसिएशनद्वारा यस सुन्दर नगरी वनेपामा आयोजित नेपाल बार एशोसिएशनको अभियानः शान्ति र संविधान विषयका साथ ३६ औं कार्यकारिणी परिषद्को बैठक र आर्थिक वर्ष २०६६।०६७ को साधारण सभामा प्रमुख अतिथिको रुपमा आतिथ्यता ग्रहण गरी कार्यक्रमको उदघाट्न गर्ने सुअवसर प्रदान गर्दै मन्तव्य समेत राख्ने अवसर दिनु भएकोमा सर्वप्रथम आयोजकहरूलाई धन्यवाद दिन चाहन्छु ।

विगतको दशक लामो सशस्त्र आन्तरिक द्वन्द र त्यसको समाप्ती एवं शान्ति प्रक्रियाको थालनीपश्चात् जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ अनुरूप नेपालको राजनीतिक एवं संवैधानिक इतिहाँसमा पहिलो पटक निर्वाचित जनप्रतिनिधीद्वारा संविधान निर्माण हुन गइरहेको यस महत्वपूर्ण घडीमा सबै सचेत नागरिकले आआफ्नो तर्फबाट सक्दो योगदान पुऱ्याउनु आवश्यक छ । यही आवश्यकतावोध गरेर नेपाल बार एशोसिएशनको अभियानः शान्ति र संविधान भन्ने मूल नाराको साथ सम्पन्न हुन गइरहेको प्रस्तुत कार्यक्रम ज्यादै सान्दर्भिक एवं महत्वपूर्ण रहेको ठानेको छु । यस कार्यक्रमले नेपालको शान्ति प्रक्रिया एवं संविधान निर्माणमा सकृय हुन सबैलाई ध्यानाकर्षण गराउनुका साथै त्यसमा विशेष योगदान पुऱ्याउने विश्वास लिएको छु ।

संविधान निर्माणको वर्तमान सन्दर्भमा सवै वर्ग र क्षेत्रबाट आफ्ना सरोकारहरूलाई भावी संविधानले समेट्नु पर्ने भनी आवाज उठाइरहेको अवस्था छ । यस क्रममा न्यायपालिकालगायत न्यायपालिकाको अभिन्न मित्रको रुपमा स्थापित नेपाल बार एशोसिएशनले पनि आफ्ना सरोकारहरूलाई वारम्वार घचघच्याई रहेको छ । यी दुवै संस्थाको लक्ष्य एवं उद्देश्य जनतालाई शुद्ध एवं निष्पक्ष न्याय प्रदान हुनु नै हो । यसका लागि स्वतन्त्र न्यायपालिकाका आधारभूत मूल्य मान्यता, संवैधानिक सर्वोच्चता र मानव अधिकारको प्रत्याभूति गरी यिनै विषयलाई भावी संविधान निर्माणको आधार वनाइनु पर्छ भन्ने कुरामा दुईमत हुन सक्दैन । यसकारण न्यायपालिका र नेपाल बारको लक्ष्य, उद्देश्य एवं गन्तव्य एउटै रहेको छ भन्ने मलाई लागेको छ । इतिहासका कठिनतम दिनमा समेत न्यायपालिका एवं नेपाल बार एशोसिएशनले नेपाली जनतालाई न्याय प्रदान गर्ने, मानव अधिकारको संरक्षण गर्ने, लोकतान्त्रिक मूल्य मान्यताको जगेर्ना गरी कानूनको शासन स्थापित गर्ने र दण्डहीनताको अन्त्य गर्ने कार्यमा एक अर्काको काँधमा काँध मिलाई अनवरतरुपमा आफूहरूलाई समर्पित गर्दै आएका छन् । यस कार्यका लागि भविष्यमा समेत हाम्रो सहकार्य अझ घनिभूत हुँदै जाने कुरामा म विश्वस्त छु ।

न्यायपालिकाकाको जीवन्तताको लागि यसको स्वतन्त्रता अपरिहार्य हुन्छ। यसको अभावमा कुनै पनि देशमा लोकतान्त्रिक मूल्य मान्यता र संवैधानिक सर्वोच्चताको स्थापना गर्न सकिदैन। स्वतन्त्रताको अधिकार खुला समाजको सारवस्तु भएकोले यसलाई जस्तोसुकै अवस्थामा पनि संरक्षण गरिनु पर्दछ। जसरी पानी विना माछाको अस्तित्व कल्पना गर्न सकिदैन, त्यसैगरी स्वतन्त्र न्यायपालिकाबिना व्यक्तिका वैयक्तिक स्वतन्त्रता र हक अधिकारहरू जोगिन सक्दैनन्। स्वतन्त्रता, न्याय र शान्तिको अधिकारलाई आजको विश्वमा मानव समुदायका सदस्यहरूको अन्तरनिहित र अहरणीय अधिकारको रुपमा मान्यता दिंदै आएको छ। न्यायिक स्वतन्त्रताको सिद्धान्तअनुरूप न्यायाधीशहरू आफू समक्ष प्रस्तुत भएको तथ्य र सो संग सम्बद्ध कानूनको आधारमा विना कुनै दवाव निर्णय गर्न सक्षम हुनु पर्दछ। यसैले न्यायिक स्वतन्त्रतालाई असल नियतले निर्णय गर्ने नियमसंग सम्बन्धित छ भनेर पनि भन्ने गरिन्छ। निर्णय गर्ने क्रममा आइपर्ने कुनै पनि व्यवधानको निडरतापूर्वक सामना गर्नका लागि न्यायिक स्वतन्त्रता अपरिहार्य मानिन्छ। यहि कुरा विद्वान कानून व्यवसायीको हकमा पनि अक्षरसः लागु हुने गर्दछ। तर यहाँहरूलाई विदितै भएको कुरा हो न्यायिक स्वतन्त्रता भनेको स्वच्छन्दता भने कदापी होइन। न्यायिक स्वतन्त्रताले सदैव न्यायिक उत्तरदायित्वको माग गर्दछ। यि दुवै संगसंगै अघि वढ्ने मान्यता भएकोले एकको अभावमा अर्को अपुरो र अधुरो हुन जान्छन्। त्यसैले यी दुवैबीच सन्तुलन कायम हुनै पर्दछ। यस्तो न्यायिक उत्तरदायित्वलाई विद्यमान संविधान, ऐन, कानून तथा न्यायका मान्य सिद्धान्तका आधारमा मापन गरिनु पर्दछ। राज्यका अन्य अंग वा निकायहरू जस्तै न्यायपालिकाको पनि राष्ट्र र समाजप्रति उत्तिकै उत्तरदायित्व रहेको हुन्छ। त्यसैले सवै न्यायकर्मीहरू लगायत कानून व्यवसायीले यस उत्तरदायित्वलाई आदर्श मानी अनुशासनमा वस्नका लागि निश्चित मापदण्ड सहितको आचार संहिताको निर्माण गरिएको हुन्छ। यो विश्वव्यापी मान्यता नै हो। यही आचार संहिताअनुरूप हामीले आफ्नो आचरण र व्यवहार प्रदर्शन गर्यौं भने न्यायिक स्वतन्त्रता सार्थक हुन पुग्दछ। यसबाट न्यायालयप्रति जनताको दिगो आस्था र विश्वास कायम भई शान्ति र संविधानले जीवन्तता प्राप्त गर्दछ।

राज्यका अन्य निकाय र न्यायपालिकाबीचको भिन्नता नै के रहेको छ भने न्यायपालिकाको आवश्यकता त्यस वेला महसूस हुन्छ जव कसैको स्वतन्त्रता वा अधिकारको प्रयोगमा वाधा अवरोध सिर्जना हुन्छ। न्यायपालिकाले दुखः परेको वेलामा सवैलाई साथ दिनेहुँदा यो संस्था सवैको लागी दुखःको साथीको रुपमा स्थापित भएको छ। यसले कसैप्रति पनि पूर्वाग्रह वा स्नेह नराखी कानूनअनुरूप निष्पक्ष न्याय सम्पादन गर्ने गर्दछ। सुखी अवस्थामा कमैले मात्र न्यायपालिकाको संझना राख्ने गर्दछन्। विशेष गरी शक्तिमा रहँदा यसप्रति उदासीन रहने प्रवृत्तिको कारण न्यायपालिकाले अभाव एवं विभिन्न समस्याको सामना गर्नु परिरहेको हुन्छ। यस अवस्थामा न्यायपालिकालाई सदैव साथ दिने संस्था मध्ये नेपाल बार एशोसिएशन पनि एक रहेको मैले महसूस गरेको छु।

वर्तमानमा न्यायपालिकाले विभिन्न चुनौतीहरूको सामना गरिरहेको छ। एकातर्फ मुद्दाको कारवाही एवं फैसला कार्यान्वयनमा ढिलाई भै रहेको भन्ने आम गुनासो रहेको छ भने अर्को तिर सबै वर्गका जनताको न्यायमा सहज पहुँच स्थापित हुन सकेको छैन। यसैगरी यसले उचित तालिम, वृत्ति विकासको अवसर, सुविधाको कमी जस्ता कारण नैराश्य जनशक्तिको मनोबललाई उच्च पारी भ्रष्टाचार, अनियमितता, विकृति विसंगतिहरूलाई समेत नियन्त्रण गर्नु परेको छ। यी मूलभूत चुनौतीहरूको सामना गर्दै जनतालाई शिघ्र, सुलभ, शुद्ध एवं निष्पक्ष न्याय प्रदान गर्न सदा झै नेपाल बार एशोसिएशनको सक्रिय सहयोगको अपेक्षा गरेको छु।

नेपाल वर्तमानमा संविधान निर्माणको उत्तरार्धको घडीमा आईपुगेको भएतापनि नेपाली न्यायपालिकाको स्वरुप कस्तो हुने भनी हालसम्म स्पष्ट खाका तैयार भै सकेको अवस्था छैन। नेपाली राज्यव्यवस्थाले भावि दिनमा अपनाउने संघीयताको सन्दर्भमा नेपाली न्यायपालिकाको स्वरुप कस्तो हुनुपर्छ भनी सर्वोच्च अदालत, न्यायाधीश समाजलगायत नेपाल बार एशोसिएशन जस्ता सरोकारवालाहरूले आफ्नो राय प्रस्तुत गरिसकेको अवस्था छ। तापनी एउटा कुरा के निश्चित छ भने संविधान निर्माणको विशिष्ट प्रक्रिया, गणतान्त्रिक शासन व्यवस्थाको अवलम्बन र भावी दिनमा अपनाइने संघीयताको कारण आगामी दिनमा निर्माण हुने संविधान विगतका संविधान भन्दा विशिष्ट र फरक हुनेछ। यस अवस्थामा विवाद समाधानको माध्यमद्वारा संघीयताको सफल कार्यान्वयन गर्दै जनचाहनालाई मूर्तरुप प्रदान गर्ने जिम्मेवारी न्यायपालिकाको काँधमा नै आइपर्ने हुँदा भावि संविधानमा

न्यायप्रणाली सम्बन्धी प्रावधानहरू समावेश गर्दा बढी सुझबुझ एवं दुरदृष्टिको आवश्यकता रहन्छ। यसका लागि स्वतन्त्र न्यायपालिका र संवैधानिक सर्वोच्चता सम्बन्धी मान्यतालाई नै आधार बनाउनु अत्यावश्यक हुन्छ भन्ने मलाइ लागेको छ।

संविधान निर्माणको वर्तमान अवस्थामा हाम्रा मौलिक चरित्रका रुपमा रहेका न्यायिक मूल्य मान्यताहरूलाई कति हदसम्म संरक्षण गर्ने र नवीन मूल्य मान्यतालाई कतिहदसम्म ग्रहण गर्ने भन्ने बहस पनि चलिरहेको छ। यही बहसको क्रममा नेपाली न्यायपालिकाको लागि नितान्त नौलो विषयको रुपमा रहेको संवैधानिक अदालत सम्बन्धी धारणाले पनि प्रवेश पाएको छ। यहाँनेर के स्पष्ट हुन जरुरी छ भने न्यायिक सस्थाहरूको स्थापना एवं तिनीहरूको अधिकारक्षेत्रको बाँडफाँड गर्दा सबै देशले आ-आफ्नो ऐतिहासिक, सामाजिक, साँस्कृतिक यथार्थतालाई विचार गर्ने गरेका हुन्छन्। भिन्दै कानून प्रणाली एवं कानूनी परिवेशमा स्थापना भई सञ्चालनमा आएको स्वतन्त्र रुपको संवैधानिक अदालतलाई हाम्रो सन्दर्भमा एक्कासी भित्र्याँउदा सो साथसाथै भित्रिने जटिलताहरू तर्फ पनि हामीले दूरदृष्टि पुऱ्याउनै पर्दछ। भावी दिनमा उत्पन्न हुनसक्ने यस्ता मुख्य जटिलताहरूमा नियमित सर्वोच्च अदालत र संवैधानिक अदालतबीच सक्षमताको प्रश्न उपस्थित हुन सक्तछ भने कतिपय अवस्थामा संवैधानिक विवादको पहिचान गर्न कठिनाई भई अधिकारक्षेत्र सम्बन्धी प्रश्न, नजीर सिद्धान्तको एकरुपता र सोको कार्यान्वयन सम्बन्धी प्रश्नमा नै हाम्रो न्यायप्रणाली रुमल्लिरहने अवस्था आउन पनि सक्तछ।

संघीय शासन व्यवस्थाको सन्दर्भमा निर्धारण गरिने न्यायपालिकाको तह अन्तर्गत राज्य तहमा स्थापना गरिने उच्च अदालतलाई विकेन्द्रित न्यायको मान्यताअनुरूप सवैधानिक रुपमा नै असाधारण अधिकार क्षेत्र प्रदान गरी सार्वजनिक सरोकारका विवाद हेर्न पाउने र सो सम्बन्धमा सबै प्रकारका रिट जारी गर्न सक्ने अधिकार प्रदान गरिएमा तथा सामान्य रुपका देवानी तथा फौजदारी मुद्दा सोही अदालतको तहबाट अन्त्य हुने व्यवस्था गरिएमा सर्वोच्च अदालतमा न्यूनरुपमा मात्र मुद्दाहरू बाँकी रहने अवस्था आउँछ। यस अवस्थामा नेपाली सर्वोच्च अदालत पनि अमेरिकी सर्वोच्च अदालतकै जस्तो अवस्थामा रहन जाने भै संवैधानिक विवादहरूलाई प्राथमिकतामा राखी सुनुवाई गर्न कुनै कठिनाई हुन सक्ने हुँदैन। परिणामतः सर्वोच्च अदालतले बढी मात्रामा संवैधानिक विवाद हेर्ने अदालतको स्वरुप ग्रहण गर्न पुग्दछ। नवीन मान्यता अवलम्बन गर्ने नाममा संवैधानिक अदालत गठन भएमा एकातर्फ यो संस्था अपेक्षितरुपमा प्रभावकारी हुन सक्तैन भने अर्को तर्फ अनावश्यक रुपमा दोहोरो न्यायिक संरचनाका लागि राज्यले खर्च व्यहोर्नु पर्ने अवस्था पनि उत्पन्न हुन्छ। तसर्थ भावि संविधानमा विशिष्टीकृत न्यायको अवधारणाअनुरूप सर्वोच्च अदालतमा छुट्टै स्थायी प्रकृतिको संवैधानिक इजलासको व्यवस्था गरिएमा बदलिँदो परिस्थितिलाई सम्बोधन गर्दै हाम्रा मौलिक मूल्य मान्यता र नवीन मान्यताबीच तालमेल हुन गई जनचाहनाअनुरूप शिघ्र, निष्पक्ष न्याय सम्पादन हुन सक्ने अवस्था आउँछ भन्ने मलाई लाग्दछ।

अन्त्यमा, स्वतन्त्र न्यायपालिका, मानव अधिकार, संवैधानिक सर्वोच्चता, कानूनको शासन, प्रेस स्वतन्त्रता जस्ता लोकतन्त्रका आधारभूत मूल्य मान्यताले मूर्तरुप नलिएसम्म शान्ति र संविधानले जीवन्तता पाउन सक्तैनन्। यसको अभावमा हामीले मानवीय मर्यादा एवं सम्मानका साथ जीवनयापन गर्न पाउने अवसरबाट समेत वञ्चित हुनुपर्ने कुरा तर्फ हामी सबैले गंभीरतापूर्वक विचार गर्नु पर्ने अवस्था आइसकेको तर्फ यहाँहरूलाई पुनः स्मरण गराउन चाहन्छु। संविधान निर्माणको महत्वपूर्ण घडीमा नेपाल बार एशोसिएसनले आयोजना गरेको यस कार्यक्रममा भेला हुनुभएका बौद्धिक व्यक्तित्वहरूका बीचको सघन छलफल र बहसबाट निस्कने निस्कर्षले निश्चय नै नेपाल बार एशोसिएशनको अभियानः शान्ति र संविधान को नारा सार्थक भै मुलुकको शान्ति प्रक्रिया र संविधान निर्माणमा अमूल्य योगदान पुग्ने छ भन्ने आशा एवं विश्वास लिँदै प्रस्तुत कार्यक्रमको पूर्ण सफलताको कामना गर्दछु। कार्यक्रमको उदघाटन गर्न आमन्त्रण गरी मन्तव्य समेत राख्ने अवसर प्रदान गर्नु भएकोमा पुनः आयोजक तथा उपस्थित सम्पूर्ण महानुभावहरूप्रति धन्यवाद ज्ञापन गर्दै यहाँहरूबाट विदा हुन चाहन्छु।

धन्यवाद !

## सरकारी वकीलहरूको केन्द्रीय वार्षिक सम्मेलन, २०६७ को उदघाटन सत्रमा सम्माननीय प्रधान न्यायाधीशश्री खिलराज रेग्मीज्यूले प्रमुख अतिथिको रुपबाट मिति २०६८।२।२२ मा दिनु भएको उदघाटन मन्तव्य

महान्यायाधिवक्ताको कार्यालय र मातहत पुनरावेदन सरकारी वकील कार्यालयहरूका सरकारी वकीलहरूको केन्द्रीय वार्षिक कार्य समिक्षा तथा अनुशिक्षण कार्यक्रम, २०६८ को अवसरमा प्रमुख अतिथिको रुपमा आतिथ्यता ग्रहण गर्न आमन्त्रण गर्दै कार्यक्रमको उद्घाटन गरी सम्बोधन गर्ने अवसर समेत प्रदान गर्नु भएकोमा सर्वप्रथम आयोजकलाई धन्यवाद दिन चाहन्छु। संक्रमणकालीन अवस्थामा वृद्धि भैरहेको अपराधको नियन्त्रण र दण्डहीनताको अन्त्यका लागि यो सम्मेलनले महत्वपूर्ण आधार खडा गर्दछ भन्ने मैले विश्वास लिएको छु।

नेपालको अन्तरिम संविधान, २०६३ अनुरूप नेपाल सरकारको प्रमुख कानूनी सल्लाहकारका रुपमा रहनुहुने महान्यायाधिवक्ताले नेपाल सरकारको तर्फबाट अभियोजन गर्ने वा नगर्ने भन्ने विषयको अन्तिम निर्णय गर्नुका साथै नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने समेतको गुरुत्तर जिम्मेवारी पनि वहन गनुपर्ने हुन्छ। यसका अलावा समग्र फौज्दारी न्यायप्रशासनमा नेतृत्वदायी भूमिका निभाउदै मुलुकमा सुशासन कायम गरी दण्डहीनताको अन्त्य गर्ने दिशामा पनि महान्यायाधिवक्ताले महत्वपूर्ण भूमिका खेल्नुपर्ने देखिन्छ। संविधानले दिशानिर्देश गरेका यी विषयमा महान्यायाधिवक्ताले आफू र आफ्नो संगठनको क्रियाशीलताबाट महत्वपूर्ण उपलव्धी हासिल गर्न सक्ने प्रशस्त सम्भावनाहरू छन्।

मूलरुपमाः फौज्दारी न्यायप्रशासनमा प्रतिद्धन्द्धात्मक प्रणाली अवलम्बन गरेको हाम्रो देशमा अपराधको अनुसन्धान, अभियोजन र न्याय निरोपणको कार्य गर्न अलग अलग निकायको स्थापना गरिएको छ। यी सवै निकायले अपराधीलाई सजाय दिई पिडितलाई न्याय दिलाउने कार्यमा नै आफूलाई सदैव समर्पित गर्दै आएका छन। हामी सवैको लक्ष्य, उद्देश्य एवं गन्तव्य एउटै रहेको छ। तसर्थ आगामी दिनमा नेपाली जनताको मानव अधिकार, लोकतान्त्रिक मूल्यमान्यताको संरक्षण र कानूनको शासन सम्बन्धी मान्यतालाई स्थापित गर्दै दण्डहीनताको अन्त्य गर्न हाम्रो सहकार्य अझ घनिभूत हुनु आवश्यक छ।

वर्तमान समयमा मुलुकको फौज्दारी न्याय प्रशासनले विभिन्न चुनौतीहरूको पनि सामना गर्नुपरिरहेको छ । जसमा दक्ष जनशक्तिको अभावको कारण अपराधको वैज्ञानिक रुपमा अनुसन्धान हुन नसेकेको, अभियोजन गर्दा सही ढंगले कानून वा दफाको प्रयोग नगर्ने गरिएको, अनुसन्धान र अभियोजनबीच उचित समन्वय र तालमेल कायम हुन नसकेको, शंकारहीत रुपमा ठोस प्रमाणको संकलन गर्न नसकिएको, समयमै मुद्दा फछ्र्यौट हुन नसकेको जस्ता चुनौतीहरू रहेका छन। यी चुनौतीहरूको प्रकृति हेर्दा यिनीहरूको सामना गर्न कुनै एक निकायद्धारा गरिने एक्लो प्रयास मात्र पर्याप्त हुने देखिदैनन्। यसका लागि हामी सवैले समन्वित ढंगले कार्य गर्नुपर्ने आवश्यकता छ। वस्तुतः नेपालको फौज्दारी न्याय प्रशासनलाई समयानुकुल एवं प्रभावकारी वनाउन संविधानले महान्यायाधिवक्ताको नेतृत्वदायी भूमिकाको अपेक्षा गरेको छ।

संविधानद्धारा प्रत्याभूत न्यायसम्बन्धी हक, फौज्दारी न्यायका मान्य सिद्धान्त र मानव अधिकारसंग सम्बन्धित विभिन्न क्षेत्रीय एवं अन्तराष्ट्रिय सन्धि महासन्धिको नेपाल पक्ष वनिसकेको अवस्था छ। त्यस्ता राष्ट्रिय अन्तराष्ट्रिय मापदण्डहरूका साथै सर्वोच्च अदालतबाट फौज्दारी न्यायका क्षेत्रमा प्रतिपादित सिद्धान्तहरू समेतलाई अध्ययन मनन् गरी अपराधको अनुसन्धानलाई प्रभावकारी वनाउन आवश्यक र उपयुक्त निर्देशन दिनुपर्ने र सम्पन्न अनुसन्धानको आधारमा अभियोजन गर्नुपर्ने गहन दायित्व महान्यायाधिवक्ताकै काँधमा छ। विज्ञान तथा प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व विकासले अपराधको प्रकृति र तौर तरिकामा पनि व्यापक परिवर्तन ल्याईरहेको छ। परिणामतः दिनहुँ नयाँ नयाँ अपराधहरूको जन्म भइरहेको छ। अनुसन्धानको क्रममा संकलित सवुद प्रमाणहरू शंकारहीत तवरले पुष्टि भएमा मात्र अभियोजन सफल हुने गर्दछ। सामान्यतयाः सुनुवाईको क्रममा मुद्दा अदालतमा आएपश्चात अदालतको प्रत्यक्ष सर्म्पक अभियोजन पक्ष अर्थात सरकारी वकीलसँग रहने, अनुसन्धानका क्रममा भएका कमी कमजोरीको जवाफदेही निजले नै वहन गर्नुपर्ने, संकलित सवुद प्रमाणको पुष्ट्याँई गर्ने दायित्व पनि सरकारी वकीलकै रहने तथा पीडित

तथा साक्षीको संरक्षण गर्ने कार्यमा पनि यहाँहरूको प्रभावकारी भूमिकाको अपेक्षा गरिएको छ।

तसर्थ आगामी दिनमा अपराधको अनुसन्धान हुँदाकै अवस्थादेखि सरकारी वकीलले आफ्नो भूमिकालाई नयाँ ढँगबाट परिभाषित गरी कृयाशील गराउनु आवश्यक छ। यही अवस्थालाई दृष्टिगत गरी अपराधको अनुसन्धान र अभियोजन प्रणालीलाई समय सापेक्ष वनाउन सर्वोच्च अदालत र नेपाल सरकारको सहकार्यमा प्रस्ताविक अपराध संहिता, फौजदारी कार्यविधि संहिता र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) विधेयकको मस्यौदा तयार भई त्यसले कानूनी स्वरुप ग्रहण गर्ने प्रक्रियामा रहेको यहाँहरूमा विदित्तै छ। यसैगरी नेपालद्धारा भ्रष्टाचार सम्बन्धी अन्तराष्ट्रिय महासन्धिको अनुमोदन पश्चात सोअनुरूप व्यवस्थित गरिने कानूनी प्रावधानबाट आगामी दिनमा सरकारी वकीलहरूको काँधमा भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, संगठित अपराध जस्ता गहन एवं जटील विषयमा नयाँ ढंगबाट अनुसन्धान एवं अभियोजन गर्नुपर्ने दायित्व पनि थपिदै जाने निश्चित छ। यी सवै विषयहरूलाई दृष्टिगत गरी नयाँ परिवेशअनुरूप सरकारी वकीलको ज्ञान, सीप र दक्षतामा अभिवृद्धि गर्नु जरुरी भै सकेको छ। यसका लागी महान्यायाधिवक्ताको कार्यालय तथा सरकारी वकील कार्यालयको संस्थागत सुदृढीकरण, भौतिक पूर्वाधारमा सुधार, सरकारी वकीलहरूलाई उच्च तहको व्यवसायिक तालिम एवं उनीहरूको सेवा सुविधामा वृद्धि गरी मनोवल उच्च पार्नु आवश्यक छ।

सर्वोच्च अदालतबाट भएका फैसला तथा अन्तिम आदेश समयमै कार्यान्वयन हुन नसकेको कारणबाट पनि हामीहरू बीचको सहकार्यलाई अझ प्रभावकारी वनाउनुपर्ने देखिएको छ। मुद्दा मामिलाको रोहमा अदालतले दिएको कुनै पनि निर्णय वा आदेश सबैले पालना गर्नुपर्छ। अदालतबाट भएको निर्णयको सफल कार्यान्वयन नहुन्जेल न्यायले सार्थकता पाउदैन। जनताप्रति उत्तरदायी सरकारका सवै निकायले यस्ता फैसला तथा आदेश कार्यान्वयनलाई सदा उच्च प्राथमिकतामा राख्नु पर्दछ। यो नै कानूनी राजको सिद्धान्तको मूल मर्म हो। यसै सन्दर्भमा नेपालको अन्तरिम संविधानले महान्यायाधिवक्ताको काम, कर्तव्य, अधिकारअन्तर्गत मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने गहनतम् जिम्मेवारी पनि तोकेको छ। संविधानद्वारा प्रदत्त असाधारण अधिकारक्षेत्र अन्तर्गत सर्वोच्च अदालतमा दायर रिट निवेदनमा सुनुवाई गर्दै जारी गरिएका अन्तिम आदेशहरूको कार्यान्वयन गर्ने प्रयोजनका लागि छुट्टै निकायको स्थापना हुन नसकेको कारण यस प्रकृतिका फैसला कार्यान्वयनको अवस्था कमजोर रहेको पाइएको छ। यसतर्फ यहाँहरूको ध्यानाकर्षण गराउँदै आगामी दिनमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए नभएको अनुगमन गर्न गराउन महान्यायाधिवक्ताको तर्फबाट प्रभावकारी कदम चालिने अपेक्षा गरेको छु।

नेपाल यतिखेर संविधान सभा मार्फत नयाँ संविधान निर्माणको प्रक्रियामा छ। अदालत र महान्यायाधिवक्ताको कार्यालय एक अर्काका सहयात्री एवं परिपूरक भएकाले नयाँ संविधानमा गरिने न्यायपालिका सम्बन्धी प्रावधानहरूले दुवै संस्थालाई प्रत्यक्षरुपमा प्रभाव पार्दछन। न्याय सम्पादनमा प्रत्यक्षरुपमा संलग्न न्यायपालिका लगायत यसका सहयात्रीहरूको जीवन्तताको लागि स्वतन्त्र न्यायपालिकाको मान्यतालाई चीरस्थायी वनाउनै पर्दछ। यसको अभावमा कुनै पनि देशमा लोकतान्त्रिक मूल्य मान्यता र संवैधानिक सर्वोच्चता स्थापित हुदैन। यो विश्वव्यापी मान्यता नै हो। यही मान्यतालाई वर्तमान संविधानले पनि आत्मसात गरेको सन्दर्भमा भावी संविधानको निर्माण गर्दा स्वतन्त्र न्यायपालिका एवं संवैधानिक सर्वोच्चताका स्थापित मूल्य मान्यताहरूको प्रत्याभूति गर्ने तर्फ हामी सवैको संयुक्त प्रयास आवश्यक छ।

मुलुकमा कानूनको शासनको प्रत्याभूति दिलाउँदै सुशासन कायम गर्न संविधान तथा कानूनले राज्यसंयन्त्रका सवै निकायलाई जिम्मेवार वनाएको छ। तापनि कतिपय निकायले आफ्नो जिम्मेवारी पुरा नगरी संविधान एवं कानून विपरीत कार्य गरेको भन्ने दावी लिई सर्वोच्च अदालत लगायत मातहतका अदालतमा दिनहुँ रिट निवेदनहरू दायर हुँदै आएका छन। कतिपय अवस्थामा त्यस्ता सरकारी निर्णयहरू वदर भईरहेको अवस्था पनि छ। त्यस्ता निर्णयमा कानूनको आधार नहुनु नै रिट जारी गर्नुपर्ने मुख्य कारण वनेको छ। परिणामतः निर्णयबाट प्रभावित व्यक्ति वा समूहले अनावश्यक रुपमा दुखः पाउनु परेको अवस्था एकातर्फ छ भने अर्कोतर्फ अदालत एवं स्वयं महान्यायाधिवक्ताको कार्यालय लगायत अन्य सरोकारवालाको कार्यमा समेत प्रत्यक्ष प्रभाव परेको छ।

त्यसैले आगामी दिनमा नेपाल सरकारको प्रमुख कानूनी सल्लाहकारको हैसियतले महान्यायाधिवक्ताको कार्यालयले यस्तो अवस्था आउन नदिन कानूनी परामर्श दिने आफ्नो भूमिकालाई अझ प्रभावकारी वनाउनुपर्ने देखिएको छ।

अन्त्यमा, स्वतन्त्र न्यायपालिका, मानव अधिकार, संवैधानिक सर्वोच्चता, कानूनको शासन, दण्डहीनताको अन्त्य जस्ता लोकतन्त्रका आधारभूत मूल्य मान्यता स्थापित नभएसम्म फौज्दारी न्यायप्रशासनले अपेक्षित सफलता प्राप्त गरेको मान्न सकिदैँन। फौज्दारी न्याय प्रशासन असफल भएमा न्यायपालिका लगायत समग्र राज्य प्रतिको धारणामा नै नकारात्मक असर पर्न सक्ने तर्फ यहाँहरूको ध्यानाकर्षण गराउदै यस सम्मेलनमा प्रस्तुत गरिने कार्यपत्रहरू, सोमा गरिने टिप्पणी तथा निकालिने निचोडले निश्चय नै फौज्दारी न्याय प्रशासनको क्षेत्रमा ठोस योगदान पुग्ने विश्वास लिएको छु। प्रस्तुत कार्यक्रमको पूर्ण सफलताको कामना गर्दै कार्यक्रमको उदघाटन गर्न आमन्त्रण गरी मन्तव्य समेत राख्ने अवसर प्रदान गर्नु भएकोमा पुनः आयोजक तथा उपस्थित महानुभावहरूप्रति धन्यवाद ज्ञापन गर्दै विदा हुन चाहन्छु।

धन्यवाद !

## सर्वोच्च अदालत बार एशोसिएशको तर्फबाट आयोजना गरिएको स्वागत तथा विदाई कार्यक्रममा सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूले मिति २०६८।२।२४ मा दिनु भएको मन्तव्य

नेपालको अन्तरिम संविधान, २०६३ अनुरूप सर्वोच्च अदालतको प्रधान न्यायाधीश पदमा नियुक्त भएको उपलक्ष्यमा यस सर्वोच्च अदालत बार एशोसिएशनको तर्फबाट पूर्व प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठज्यूलाई विदाई गरी म प्रधान न्यायाधीशको पदमा नियुक्त भएको अवसरमा बधाई दिँदै स्वागत गर्ने कार्यक्रम आयोजना गरिएकोमा सर्वप्रथम आयोजकप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। पीडितलाई निष्पक्ष न्याय दिलाउन अनवरत रुपमा समर्पित संस्थाको तर्फबाट न्यानो मायाँ पाउदा अत्यन्त्य गौरवान्वित भएको छु। साथै यहाँहरूले प्रदान गर्नुभएको सम्मानबाट आफ्नो कार्यक्षेत्रमा दृढ भएर लाग्ने थप प्रेरणासमेत प्राप्त भएको महसूस गरेको छु।

यहाँहरूलाई विदितै भएको कुरा हो न्यायपालिकाकाको जीवन्तताको लागि यसको स्वतन्त्रता अपरिहार्य हुन्छ। यसैको माध्यमबाट मात्र जनतालाई शुद्ध र निष्पक्ष न्याय प्रत्याभूत गराउन सकिन्छ। न्यायपालिकाको लक्ष्य भनेकै न्याय हो। न्यायको अभावमा कुनै पनि समाज सभ्य एवं सुसंस्कृत रहन सक्तैन। न्याय शाश्वत एवं सत्य छ। न्यायको कुनै विकल्प नै छैन, अर्थात यो विकल्परहीत मान्यताको रुपमा रहेको छ।

वस्तुतः जसको जे कुरामा हक एवं अधिकार पुग्दछ निजलाई सो प्रदान गर्नु नै न्याय हो। सामाजिक स्थायित्व, पारस्परिकता, एक अर्काबीचको भाइचारा एवं सम्मान नै न्यायको आधार हो। आम जनतामा आफूहरूप्रति राज्य संयन्त्रहरूबाट असमान व्यवहार भएको छ भन्ने महसूस भएमा त्यहाँ विग्रह एवं अशान्तिले जन्म लिन्छ तर न्यायको प्रत्याभूति भएमा भने सामाजिक एकता, सौहार्दता र दिगो शान्तिको स्थापना हुन सक्तछ। न्यायको माध्यमबाट मात्र समाज समतामूलक भई आर्थिक, सामाजिक, राजनीतिक लगायत सबै क्षेत्रमा स्थायित्व कायम गर्दै न्यायपूर्ण व्यवस्था कायम गर्न सकिन्छ। न्यायकै माध्यमबाट मात्र जनतालाई विकासको प्रतिफल र लाभहरूको समानुपातिकरुपमा वितरण गर्ने राज्यको उद्देश्यले मुर्तरुप लिन सक्दछ। यसै सन्दर्भमा आज मलाई प्रसिद्ध अमेरिकी राजनेता मार्टिन लुथर किंगको सुविख्यात भनाई "Injustice anywhere is a threat to Justice everywhere" को स्मरण भईरहेको छ। उनीद्धारा व्यक्त यो छोटो एवं संक्षिप्त विचार न्यायको विशालता र अन्यायबाट सिर्जित हुनसक्ने चुनौती सटिकरुपमा प्रस्फुटन भई आजसम्म पनि उत्तिकै महत्वपूर्ण रहेको देखिन्छ। तसर्थ न्यायपालिकारुपी अमूर्त संस्थालाई वस्तुनिष्ठ न्यायको माध्यमबाट जीवन्तता प्रदान गर्ने कार्यमा अहोरात्र रुपमा लागिपरेका हामीहरूले उल्लिखित भनाईको मर्म एवं सारलाई आत्मसात गर्नु पर्दछ र हाम्रा हरेक कार्यमा न्यायको प्रतिविम्व झल्कनु पर्दछ भन्ने म ठान्दछु।

नेपाली जनतालाई न्याय प्रदान गर्ने, सुशासन कायम गर्दै दण्डहीनताको अन्त्य गर्ने दिशामा न्यायपालिका अनवरतरुपमा लागिपरेको यहाँहरूलाई विदितै छ। न्यायपालिका निरन्तररुपमा सुधारको गतिमा छ। प्रस्तुत सन्दर्भमा यस कार्यक्रममा उपस्थित सम्माननीय पूर्व

प्रधान न्यायाधीशश्री रामप्रसाद श्रेष्ठज्यूको संयोजकत्वमा गठित विकृतिविहीन न्यायपालिकाको विकासका लागि अध्ययन समितिले न्यायापालिकालाई विकृतिविहीन संस्थाको रुपमा रुपान्तरित गर्ने उद्देश्य राख्दै न्यायको मार्गमा तगाराको रुपमा रहेका भ्रष्टाचार, अनियमितता, विकृति विसंगतिका केही महत्वपूर्ण कारक तत्वहरूको पहिचान गरेको थियो। संयोगवश मलाई समेत सो समितिमा सदस्यको रुपमा रही कार्य गर्ने अवसर प्राप्त भएको थियो। समितिद्वारा पहिचान गरिएका बाधा व्यवधानलाई हटाउन वहाँको नेतृत्वकालमा विभिन्न प्रयासहरूको आरम्भ गरियो। ती प्रयासहरूले न्यायपालिकाको छविलाई उजिल्याई यसप्रति जनआस्था अभिवृद्धि हुँदै गएको मैले अनुभव गरेको छु। तर पनि न्यायपालिकामा आन्तरिक एवं वाह्य रुपमा सुधार गर्नुपर्ने क्षेत्रहरू अझ पनि प्रसस्त नै छन् भन्ने मलाई लागेको छ।

मुद्दाको कारवाही एवं फैसला कार्यान्वयनमा शिघ्रता प्रदान गर्नु, गरिव एवं राज्यको मूल प्रवाहबाट वाहिर परेका जनताको न्यायमा सहज पहुँच स्थापित गर्नु, भ्रष्टाचार, अनियमितता, विकृति विसंगतिलाई हटाउनु अहिले पनि न्यायपालिकाको मूलभूत चुनौतीको रुपमा रहेका छन्। न्यायपालिकाको नेतृत्वकर्ताको हैसियतले आगामी दिनमा न्यायपालिकाका हरेक काम कारवाहीहरूलाई यिनै चुनौतीहरूको सामना गर्ने दिशामा केन्द्रित गराउने प्रयासको थालनी गरेको छु। यसका लागि न्यायपालिका भित्र रहेका संयन्त्रहरूलाई बढी सुदृढ, सक्षम, निष्ठावान र जवाफदेही बनाई तिनीहरूलाई वैज्ञानिक ढंगले परिचालन गर्ने रणनीति अवलम्बन गर्ने प्रतिबद्धता मैले व्यक्त गरिसकेको छु। यसका अलावा न्यायपालिकाको अभिन्न अंगको रुपमा रहनुभएका यहाँहरू जस्ता विद्वान कानून व्यवसायीहरूको व्यक्तिगत एवं सस्थागत सहयोगलाई प्रभावकारी रुपमा उपयोग गर्ने नीति पनि लिएको छु। विशेष गरी न्यायपालिकाको स्वतन्त्रतालाई अक्षुण्य राख्दै न्यायमा शुद्धता र निष्पक्षताको अभिवृद्धि गर्न, मुद्दा व्यवस्थापन एवं वहस व्यवस्थापन पद्धतिमा वैज्ञानिकता प्रदान गरी न्यायसम्पादनमा शिघ्रता ल्याउन यहाँहरूको तर्फबाट अमूल्य योगदान प्राप्त हुने विश्वास गरेको छु। यस प्रयोजनका लागि अंग पुगेका मुद्दाको शीघ्र सुनुवाई प्रक्रियामा सहजता प्रदान गर्न यहाँहरूको तर्फबाट कमभन्दा कम मात्रामा पेशी स्थगित गरी मुद्दा फछ्र्योटमा सहयोग पुऱ्याउने अपेक्षा गरेको छु। साथै भ्रष्टाचार, अनियमितता, विकृति, विसंगति जस्ता कार्य भएको वा हुन सक्ने आशँका भएमा सो लाई नियन्त्रण गर्न यहाँहरूबाट हामीलाई सक्रिय सहयोग प्राप्त हुने विश्वास लिएको छु।

मैले पदवहालीको क्रममा कसैसँग सम्झौता नगरी नेपाली जनतालाई शुद्ध एवं निष्पक्ष न्याय प्रदान गर्ने भनी गरेको प्रतिवद्धता यहाँहरूमा विदितै छ। यही प्रतिवद्धताको क्रममा न्यायमा रहेको ढिलासुस्ती एवं अनियमितताको विरुद्धमा आवाज उठाई सहयोग गर्न सवै सरोकारवालाहरूसंग अनुरोध पनि गरेको थिएँ। यो कार्यलाई मूर्तरुप प्रदान गर्ने क्रममा हालसालै प्रधान न्यायाधीशको प्रत्यक्ष निगरानीमा रहने गरी शूल्करहीत (Toll free) टेलिफोनको समेत व्यवस्था गरिएको छ। यस सम्बन्धमा हामीले गरेको प्रवन्ध, त्यसको उपयोगिता र प्रभावकारिताका बारेमा आम नेपाली जनतालाई सु-सूचित गर्न नेपाली सञ्चार जगतको सकारात्मक सहयोग प्राप्त हुन पुग्यो। फलतः यो संयन्त्रको स्थापना भएको छोटै समयमा धेरै सेवाग्राहीले दिनहुँ प्रत्यक्ष सम्पर्क गरी आफ्ना पिर मर्का एवं गुनासा राख्दै आएका छन्। श्रोत साधनले भ्याएसम्म ती गुनासाहरूको तत्कालै सम्बोधन पनि गर्ने गरिएको यहाँहरूमा जानकारी गराउन चाहन्छु। यसबाट अन्यायमा परेका व्यक्तिको न्यायमा सहज पहुँच हुन पुगेको, न्याय प्रशासनमा भएको वा हुन सक्ने ढिलासुस्ती एवं विकृति विसंगतिको केही हदसम्म नियन्त्रण हुने महसूस हुन थालेको यहाँहरूमा जानकारी गराउन चाहन्छु ।

हालसालै न्याय प्रशासन ऐन, २०४८ मा भएको संशोधनमार्फत विकेन्द्रित न्यायको अवधारणालाई सार्थकरुप प्रदान गर्ने कार्यको शुरुवात भएको छ। परिणामस्वरुप पुनरावेदन अदालत तथा जिल्ला अदालतमा समेत रिट निवेदनहरूको सुनुवाई भई वैयक्तिक स्वतन्त्रताका रक्षा गर्ने गरी भएको विकेन्द्रित न्यायको विस्तारको क्रमलाई साकार रुप प्रदान गर्नमा समेत यहाँहरूको तर्फबाट सक्रिय योगदानको अपेक्षा गरेको छु ।

नेपाल यतिखेर नयाँ संविधान निर्माणको प्रक्रियामा छ। अदालत र बार एशोसिएशन एक अर्काका सहयात्री एवं परिपुरक भएकाले नयाँ संविधानमा गरिने न्यायपालिका सम्बन्धी प्रावधानहरूले दुवै संस्थालाई प्रत्यक्षरुपमा प्रभाव पार्दछन्। न्याय सम्पादनमा प्रत्यक्षरुपमा संलग्न न्यायपालिका लगायत यसका सहयात्रीहरूको जीवन्तताको लागि स्वतन्त्र न्यायपालिकाको मान्यतालाई चीरस्थायी वनाउनै पर्दछ। यसको अभावमा कुनै पनि देशमा लोकतान्त्रिक मूल्य मान्यता

र संवैधानिक सर्वोच्चता स्थापित हुँदैन भन्ने मान्यतालाई वर्तमान संविधानले पनि आत्मसात गरेको सन्दर्भमा भावी संविधान निर्माण गर्दा पनि स्वतन्त्र न्यायपालिका एवं संवैधानिक सर्वोच्चताका स्थापित मूल्य मान्यताहरूको प्रत्याभूति गर्ने तर्फ हामी सवैको संयुक्त प्रयास आवश्यक रहेको समेत यहाँहरूमा स्मरण गराउन चाहन्छु।

अन्त्यमा, हामीले सवै नेपाली जनतालाई न्याय प्रदान गराउने पवित्र कार्यमा सदैव आफूलाई समर्पित गर्न सक्यौं र सोबाट राज्यले न्यायपालिकाबाट राखेको अपेक्षा पुरा हुनसक्यो भने न्यायपालिकाप्रति जनताको अगाध आस्था एवं अपनत्व वढन जाने तर्फ सम्पूर्ण विद्वान कानून व्यवसायी मित्रहरूको ध्यानाकर्षण गराउँदै सदा झैं हामी सबैका कार्यहरू यही दिशातर्फ उन्मुख रहुन् भन्ने शुभकामना व्यक्त गर्दछु। यस स्वागत तथा विदाई कार्यक्रममा आमन्त्रण गरी मलाई स्वागत गर्दै आफ्नो मन्तव्य राख्ने अवसर समेत प्रदान गर्नुभएकोमा पुनः आयोजक तथा उपस्थित सम्पूर्ण महानुभावहरूमा धन्यवाद ज्ञापन गर्दै यहाँहरूबाट विदा हुन चाहन्छु।

धन्यवाद !

## प्रशासकीय अदालत र सामान्य प्रशासन मन्त्रालयद्वारा संयुक्त रुपमा आयोजित सुशासनको सन्दर्भमा निजामती सेवा र प्रशासकीय न्याय विषयक एकदिवसीय अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिको रुपमा सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूले मिति २०६८।२।२७ मा दिनु भएको मन्तव्य

प्रशासकीय अदालत र सामान्य प्रशासन मन्त्रालयद्वारा संयुक्तरुपमा आयोजित **"सुशासनको सन्दर्भमा निजामती सेवा र प्रशासकीय न्याय"** विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रमको प्रमुख अतिथिको रुपमा आतिथ्यता ग्रहण गर्न आमन्त्रण गरी सम्बोधन गर्ने अवसर समेत प्रदान गर्नु भएकोमा सर्वप्रथम आयोजकहरूलाई धन्यवाद दिन चाहन्छु। निजामती सेवालाई सुशासन एवं न्यायतर्फ केन्द्रित गराई सार्वजनिक प्रशासनको समग्र क्षेत्रमा सुधार गर्दै राज्यले यस क्षेत्रबाट राखेको अपेक्षा पूरा गर्ने दिशामा यो कार्यक्रम अत्यन्त उपयोगी एवं महत्वपूर्ण रहने ठानेको छु।

सामान्य रुपमा भन्नुपर्दा जनताको सुरक्षा र हितसंग जोडिएका सम्पूर्ण शासकीय गतिविधिलाई व्यवस्थापन गर्ने उद्देश्यले गरिने प्रशासनीक एवं न्यायिक अधिकारको समुचित प्रयोग नै सुशासन हो। प्रभावकारीरुपको न्याय सम्पादनबाट मात्र कुनै पनि देशमा सुशासनको प्रत्याभूति दिलाउन सकिने तथ्य विवादरहीतरुपमा स्थापित भै सकेको छ। सुशासन कै माध्यमबाट मात्र सक्षम, निष्पक्ष, उत्तरदायी एवं पारदर्शी प्रशासनको स्थापना हुनसक्छ र मानवीय एवं भौतिक विकासलाई दिगो एवं जनमुखी वनाउन सकिन्छ। स्वतन्त्र न्यायपालिका, कानूनी शासनको स्थापना, शासन प्रणालीमा पारदर्शिता एवं जनसहभागिता, राजनीतिक स्थिरता, मानव अधिकारको रक्षा, समावेशीकरण, भ्रष्टाचाररहीत अवस्था सुशासनका अपरिहार्य तत्वहरू भएकाले यिनीहरूको प्रत्याभूति भएमा मात्र न्यायपूर्ण समाजको स्थापना हुनसक्ने तर्फ यहाँहरूको ध्यानाकर्षण गराउन चाहन्छु।

मुलुकमा सुशासन कायम गर्ने सन्दर्भमा राज्यका तर्फबाट नागरिक हैसियतमा काम गर्ने सार्वजनिक पदाधिकारीहरूको समूहलाई निजामती सेवा भनिने गरिएको छ। योग्यता प्रणालीमा आधारित, कानूनी आधारमा स्थापित, वृत्ति विकासको निमित्त वस्तुपरक मापदण्डको निर्धारण, व्यावसायीकता, सामूहिक रुपमा रही कार्य गर्ने संस्कृति, राजनैतिक रुपमा निष्पक्ष, सरकारको स्थायी संयन्त्रको रुपमा रही सार्वजनिक सेवाप्रति समर्पण जस्ता विशेषताहरू ग्रहण गरेको निजामती सेवा नै देश विकास एवं जनहीतको प्रमुख संयन्त्रको रुपमा रहेको छ। सार्वजनिक प्रशासनअन्तर्गतका प्रायः सवै सेवाहरू निजामती सेवामार्फत नै प्रवाह हुने गर्दछन्। यसैकारण यो सेवाले निष्पक्षता, कार्यकुशलता, सदाचार, जिम्मेवारी, उत्तरदायित्व, पारदर्शीता जस्ता मूल्य मान्यतालाई सदैव आत्मसात गर्नु अपरिहार्य हुन्छ।

विशेष गरी विशौं शताव्दीदेखि गरिव एवं निमुखा जनताको कल्याण गर्न राज्यहरूमा परेको दवावको कारण विश्वका प्रायः सवै राज्यहरू उदारवादी राज्यबाट लोककल्याणकारी राज्यमा परिणत हुन बाध्य भए। परिणामतः जनताको बढ्दो आकाँक्षालाई सम्बोधन गर्न सरकारले नियमित प्रशासनका अतिरिक्त न्याय प्रशासन एवं न्याय सम्पादनको कार्यमा समेत सँलग्न हुनुपर्ने देखियो। फलस्वरुप प्रशासकीय न्यायको अवधारणाको विश्वव्यापी रुपमा विकास हुनपुग्यो। शक्ति पृथकीकरणको मान्यताअनुरूप न्याय सम्पादनको अधिकार न्यायपालिका अन्तर्गत रहने गरेतापनि विवादको प्रकृतिं, विवाद निरुपणमा देखाउनु पर्ने शिघ्रता, विशेषज्ञता, जनताको सोझो सर्म्पक, कार्यविधिमा हुने लचकता, अनौपचारिकता जस्ता कारणहरूबाट कतिपय विवादहरू प्रशासकीय न्याय मैत्री हुने ठानी कार्यपालिकीय क्षेत्रमा समेत समावेश गर्न थालियो। यसैको परिणाम स्वरुप अदालती न्यायको परिपुरकको रुपमा प्रशासकीय न्याय पनि स्थापित हुनपुग्यो। यस क्रममा हामीले पनि

न्यायपालिकाद्वारा सम्पादन गरिने न्यायकै हाराहारीमा प्रशासकीय न्यायलाई प्रभावकारी बनाउने नीति अवलम्बन गर्दैआएको यहाँहरूमा विदितै छ ।

सरकारी काम कारवाहीलाई कानून एवं न्यायका मान्य सिद्धान्तमा आधारित बनाई सरकारलाई स्वेच्छाचारी हुनबाट रोक्नु नै प्रशासकीय न्यायको मूल उद्देश्य हो । सार्वजनिक सेवा प्रवाहको क्रममा जनतासंगको सम्बन्धलाई सुमधुर वनाउने प्रमुख औजार नै प्रशासकीय न्याय हो । जनताको पिरमर्का, असुविधालाई मध्यनजर गरी उनीहरूको काम स्वच्छ, निष्पक्ष एवं प्रभावकारी रुपमा सम्पन्न गर्नु सार्वजनिक पदाधिकारीको दायित्व हो। त्यसैले सार्वजनिक पदमा आसिन रहने जो सुकैद्वारा सम्पादन गरिने कार्यमा उल्लिखित मान्यताहरू प्रत्यक्षरुपबाट झल्कनु पर्दछ ।

स्वच्छताको प्रतिकको रुपमा रहेको न्याय जुनसुकै निकायबाट निसृत: हुने गरेतापनि त्यसको महत्व समान रहने कुरामा दुईमत छैन । त्यसैले न्याय सम्पादनको क्रममा सार्वजनिक पदाधिकारीहरूबाट पनि स्वच्छ व्यवहार प्रदर्शन गर्दै पूर्वाग्रहरहीत रुपबाट तथ्य एवं कानूनको विश्लेषण गरी पीडितलाई न्याय दिलाउन सकियो भने मात्र प्रशासकीय न्याय एवं सुशासनको उद्देश्य पूरा हुन जान्छ । सामान्यतया प्रशासकीय न्यायले जनताको अधिकारको सिर्जना नगरी विवादको शीघ्र समाधानमा जोड दिने हुनाले प्रशासकहरूले निर्णय गर्दा सो निर्णयको प्रभावकारिता एवं गुणस्तरीयतामा जोड दिनु पर्दछ ।

आजको अन्तरक्रिया कार्यक्रमले हासिल गर्न खोजेको लक्ष्य एवं उद्देश्य हेर्दा प्रशासकीय पदाधिकारीले अर्द्धन्यायिक निकायको रुपमा न्याय सम्पादन गर्दा पालना गर्नु पर्ने आधारभूत न्यायिक सिद्धान्त एवं प्रक्रियाको बारेमा सुसूचित गराउने भन्ने पनि रहेको देखिन्छ । यस क्रममा यहाँहरू समक्ष म के अनुरोध गर्न चाहन्छु भने नियमितरुपको न्याय सम्पादन जस्तै प्रशासकीय न्याय सम्पादन गर्ने क्रममा पनि अन्तर्राष्ट्रियस्तर मै केही आधारभूत एवं सर्वस्वीकार्य सिद्धान्तहरू प्रतिपादन भएका छन् । न्याय सम्पादनको क्रममा यी सिद्धान्तहरूलाई जुनसुकै अवस्थामा पनि पालना गरिनु पर्दछ, अन्यथा ती निर्णयहरूले वैधानिकता गुमाउन पुग्दछन् । प्राकृतिक न्यायका सिद्धान्तहरूको पूर्ण पालना गर्नुपर्ने, न्यायिक अधिकारको प्रयोग कानूनसम्मत रुपमा गर्नुपर्ने, दुराशय वा कपटपूर्ण तरिकाले निर्णय गर्न नहुने, निर्णय गर्दा कारण र आधार खुलाउनु पर्ने, न्यायिक अधिकार प्रत्यायोजन गर्न नहुने, हदम्याद, हकदैया र अधिकारक्षेत्र सम्बन्धी विषयमा ध्यान दिनुपर्ने, विभागिय निर्देशन एवं परिपत्रको आधारमा न्याय निरुपण गर्न नहुने, ऐन, कानून, नजीर विपरीत न्याय सम्पादन गर्न नहुने, पक्षको प्रतिनिधित्वको अधिकारको संरक्षण गरिनुपर्ने जस्ता सिद्धान्तहरू मान्य सिद्धान्तको रुपमा रहेका छन् । यी सिद्धान्त एवं मान्यताको प्रभावकारी रुपमा पालना गरिएमा मात्र न्यायले जीवन्तता पाउने र न्यायपूर्ण समाजको स्थापना हुनजाने भएकाले यसतर्फ यहाँहरूको ध्यानाकर्षण गराउन चाहन्छु ।

न्याय सम्पादनको क्रममा अर्द्धन्यायिक निकायहरूले पनि विभिन्न समस्याहरूको सामना गर्नु परिरहेको छ । अर्धन्यायिक निकायको मूल कार्यप्रकृति प्रशासनीक भएकाले प्रशासकीय पदाधिकारीहरूले न्यायिक कार्यलाई पहिलो प्राथमिकतामा नराख्ने वा राख्न नपाउने, न्याय सम्पादन सम्बन्धी विशेष ज्ञानको अभाव रहने, सहयोगी न्यायिक जनशक्तिको सदैव अभाव रहने, न्याय सम्पादन गर्दा अनिवार्यरुपमा अवलम्बन गर्नुपर्ने न्यायका आधारभूत मान्य सिद्धान्तहरूको प्रयोग नहुने, कतिपय अवस्थामा न्यायिक अधिकार पनि प्रत्यायोजन हुन जाने, निर्णयमा कानून तथा नजीरको प्रयोग न्यून हुने जस्ता समस्याहरू मूलभूत रुपमा देखापरेका छन् । यसैगरी अर्द्धन्यायिक निकायले सम्पादन गर्नुपर्ने न्यायिक कार्यका सम्बन्धमा हालसम्म कुनै निश्चित एवं छुट्टै कार्यविधि निर्धारण नगरिएको तथा ती निकायमा कार्यरत पदाधिकारी तथा अन्य कर्मचारीहरूलाई उचित तालिमको अभाव रहेको कारणबाट पनि न्यायिक कार्य सम्पादनमा एकरुपताको अभाव देखिएको छ । खासगरी कार्यविधि कानूनका आधारभूत विषयहरू म्याद तामेली, बयान, वकपत्र, प्रमाण संकलन, तारेख, फैसलालेखन तथा फैसला कार्यान्वयन सम्बन्धी विषयमा यो समस्या जटिल वन्दै गएको भनी विभिन्न अध्ययनहरूले देखाएका छन् ।

लोकतान्त्रिक राज्य प्रणालीमा स्वतन्त्र र सक्षम न्यायप्रणाली अपरिहार्य भएकोले न्यायिक निकायको साथसाथै अर्धन्यायिक निकायहरूको सक्षमता पनि उत्तिकै अपरिहार्य रहेको सन्दर्भमा प्रशासकीय न्याय सम्पादनसँग सम्बन्धित सबै निकायका उच्च पदाधिकारीहरूलाई एकै थलोमा निम्त्याई निजामती सेवा र प्रशासकीय न्यायका सम्बन्धमा गरिने गहन एवं सघन छलफल ज्यादै महत्वपूर्ण रहने छ भन्ने मैले ठानेको छु । यसका अलावा कार्यक्रममा प्रस्तुत हुने कार्यपत्र, सो मा गरिने टिप्पणी तथा निकालिने निचोडले निश्चय नै अर्द्धन्यायिक निकायले गर्ने न्यायिक कार्यमा देखिएका समस्याहरू पहिचान गर्दै समस्या समाधानका उपायहरू पहिल्याई सोअनुरूप कार्य गर्ने लक्षित उद्देश्य पुरा गर्न यहाँहरूले सफलता हासिल गर्नुहुनेछ भन्ने कुरामा समेत आशावादी रहेको छु ।

अन्त्यमा, मलाई यस कार्यक्रममा प्रमुख अतिथिको रुपमा मन्तव्य प्रकट गर्ने अवसर उपलव्ध गराइदिनु भएकोमा आयोजक तथा सहभागी मित्रहरूमा समेत धन्यवाद प्रकट गर्दै कार्यक्रमको पूर्ण सफलताको कामना गर्दछु ।

धन्यवाद !